सूचना र मनोरञ्जनको सँगालो
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
# साप्ताहिक
saptahik.ekantipur.com
• वर्ष २४ • अंक १४
• FRIDAY, 17 AUGUST 2018
• काठमाडौं शुक्रबार, भदौ
ष्ठ ३२ • मूल्य रु. १५/-



# जे पनि युट्युब

## अश्लीलता, मानवीय समवेदना तथा मनोरञ्जनको व्यापारदेखि समाजसेवाको प्लेटफर्मसम्म

पृष्ठ २२ मा



मध्यपृष्ठमा
**श्रद्धा क्षेत्री**





चुनावमा भोट माग्या कति
जरिवाना, कति समय कैद ?

**ब्रजेश खनाल**



वेद पढेका छौ-छैन
उपनिषद् पढेका छौ-छैन
गीता पढेका छौ-छैन
महाभारत पढेका छौ-छैन
रामायण नि-त्यो पनि छैन
अनि केही नपढि, केही अध्ययन
नगरी कसरी हिन्दु धर्म र सभ्यता
महिला विरोधी अनि पश्चगामी भयो ? कुरा प्रस्ट छ, डलर
खाएर ढ्याउ गरेको ।

**प्रदिप भट्टराई**



मित्र कमाउ-ज्ञान र धन छुट्छ ।
ज्ञान कमाउ-मित्र र धन छुट्छ । धन
कमाउ-मित्र र ज्ञान छुट्छ । सबैतिर
लोभ गर्नेको सबै छुट्छ ।


**मुमा राम खनाल**



दिल तोड्यो उसले,
हात र साथ छोड्यो उसले
ए कोही रौसी ल्याओ न खाइदिम्
मलाई छोडेर अर्केलाई रोज्यो
उसले ।

**सानी ठकुरी**

## फोटो अफ दि विक



■ **बाँधियो जोडी** : अभिनेत्री प्रियंका कार्की तथा अभिनेता आयुष्मान देशराज जोशीले यसै साता औपचारिक रुपमा औंठी साटासाट गरे ।

## यूट्युब ट्रेन्डिङ

१ **नेपाल आइडल-२**
च्यानल : नेपाल आइडल

२ **दन्ते मोहनी**
च्यानल : द कार्टुन्ज क्रू

३ **निर्भय**
च्यानल : बुढासुब्बा

४ **भदौ १ देखि लागू**
च्यानल : सगरमाथा टिभी

५ **हिमालय रोडिज-२**
च्यानल : हिमालय रोडिज

६ **दुई अपहरणकारी बस्ने**
च्यानल : साइघली अनलाइन

७ **झक्कड भर्सेस पुतली**
च्यानल : सडक मिडिया

८ **कथा**
च्यानल : मिठेन अफिसियल

९ **अपहरणकारी गोपाल तामाङ**
च्यानल : गोल मिडिया


१० **बत्ती गुल**
च्यानल : टि-सिरिज



■ **प्रधानमन्त्री भेट्न बसमा सरर** : प्रा. डा. गोविन्द के.सी. प्रधानमन्त्री केपी ओलीलाई भेट्न वालुवाटर जाने क्रममा ।



■ **ठडियो धरहरा** : भूकम्पले काठमाडौंको धरहरा पुनर्निर्माण नभए पनि झापाको शिवगञ्जमा प्रतिमूर्ति निर्माण गरिएको धरहरा ।



■ **बधाई** : आमा बन्ने तयारीमा अभिनेत्री यूना उप्रेती ।



मलाई कस्ती देखिन्छ
गुन्यूचोलीले, नलाउनु
सुहाउँदैन भन्छ साथीले ।
साथी संगी नाचौं भन्छन्
मलाई धेरै चोटी, नाच्न त हुन्थ्यो नि ज्यान पर्‍यो
मोटी ।

**सबि कार्की खड्का**



जे जिन्दगीले सिकायो,
त्यो किताबमा थिएन ।

**दीपक सिलवाल**



फेसबुक भरी कति
धेरै अनमोलहरू, कति
धेरै साम्राज्ञीहरू, कति
धेरै तुलसी घिमिरेहरू,
कति धेरै नारायण
गोपालहरू, कति धेरै
तारादेवीहरू, कति धेरै
यादव खरेलहरू, कति धेरै नीर शाहहरू, कति धेरै
गोपाल योञ्जनहरू, कति धेरै किरण खरेलहरू हेर्न
पाउने भाग्यमानी मान्छेमा पर्छु म ।

**निर्मल शर्मा**

मिसन कोरिया
स्पेसल Class पनि
होस्टल सहित नयाँ Class मा भर्ना खुल्यो ।
EPS र Student Visa दुवै मा उत्कृष्ट
Ox-Bridge Nepal
Educational Consultancy Pvt.Ltd
Chabahil, Kathmandu, Nepal
9851109932, 9826703832

मंगल होस्



मनोज गजुरेल

# कर तिर्ने रहर

पेवामा कर, मेवामा कर, गल्लीमा कर, पुलमा कर, धारामा कर, पानी कर लगाउन थालियो भने जनताले जनप्रतिनिधिलाई पनि कर लगाइदिन सक्छ । गाडी चढेबापत कर, गाउँको बाटोमा हिंडेबापत कर, आफ्नो आँगनमा झरेबापत कर, भाषण गरेबापत कर भनेर जनताले कर काट्न थाले भने के होला ?

अहिले सिंगो देश करमय भएको छ । सामाजिक सञ्जाल, असामाजिक जञ्जाल सबैतिर करकै कुरा सुनिन्छ । कसैले बुझेर, कसैले नबुझेर, कसैले बुझ पचाएर करको विरोध गरिरहेको देखिन्छ ।

मैले बुझेको कर नागरिकको दायित्व हो । हरेक देशमा नागरिकले करलाई कर्तव्य सम्झन्छन् । सरकारी बाटो प्रयोग गरेबापत कर तिर्छन् । सुविधा लिएबापत कर तिर्छन् । सेवाबापत कर तिर्छन् । कर तिर्न उनीहरूलाई कति पनि गाह्रो लाग्दैन । किनभने कर तिरेपछि तिरोअनुसारको सुविधा मिलिरहेको हुन्छ ।

यद्यपि हामीकहाँ करको विरोध भैरहेको छ । केहीले विरोधका लागि विरोध गरे होलान् । केहीले नबुझेर विरोध गरे होलान् । कसैले बुझ पचाएर विरोध गरे होलान् तर धेरैले करकापमा परेर करको विरोध गरेका हुन् ।

करकाप अर्थात् सुविधा नदिने, तर करचाहिँ काटिरहने । सडकको अवस्था कस्तो छ, भन्नै पर्दैन तर रोड ट्याक्सचाहिं लिने । प्रशासनिक अस्तव्यस्तता ज्यूँका त्यूँ छ तर सेवाशुल्क लिएरै छाड्ने । शान्ति र सुरक्षा यथेष्ट छैन तर सुरक्षा कर ठटाउनैपर्ने ! यही अस्तव्यस्ताका कारण जनताले कर नीतिप्रति चित्त दुखाएका हुन् ।

करको अर्थतन्त्र थाहा नभएर होइन । जनतालाई राम्रोसँग थाहा छ, संसार चल्न सरकार चल्नुपर्छ । सरकार चल्न पैसा चाहिन्छ । पैसाका लागि सरकारले उद्योग खोल्नुपर्छ । खोलेका उद्योग बन्द छन् । नयाँ खोल्ने हुती छैन । शान्ति, सुरक्षा, न्याय, प्रशासन, दैनिक क्रियाकलाप चल्न पैसा चाहिन्छ । त्यो पैसाको प्रमुख स्रोत भनेकै कर हो, तर कर तिरेअनुसारको सुविधा १० प्रतिशत पनि छैन भने विरोध त भैहाल्छ नि ।

अर्को कुरा, कर कसले उठाउने ? केमा उठाउने ? के-केमा नउठाउने भन्ने विषयमा स्पष्ट तयारी पनि देखिँदैन । केन्द्रले कर उठाइसकेको ठाउँमा पनि प्रदेशले हात हालेको छ । गाउँले ठटाइसकेकोमा पनि प्रदेशले उठाइदिन्छ । हामी प्रदेश सिस्टममा छौं कि परदेश सिस्टममा गैरहेका छौं, जनताले बुझ्न सकेका छैनन् । सरकारले तुरुन्तै बुझाउनुपर्ने देखिन्छ ।

कर तिर्नुपर्छ तर जेमा पनि कर उठाउनु हुँदैन । नाफामूलक संस्थाबाट कर उठाउनुपर्छ, तर सेवामूलक कामलाई करको भारी बोकाउनु हुँदैन । दोकान थापेको छ भने कर लिन मिल्छ तर किन्न आउने ग्राहकलाई पनि करको मारमा पार्नु हुँदैन, तर स्थानीय सरकारको करनीतिले यही देखाइरहेको छ ।

संघीयता नामको नयाँ व्यवस्था भर्खर प्रयोगमा आउँदैछ । यसलाई व्यवस्थित, सुदृढ एवं सफल बनाउन करनीतिका सम्बन्धमा स्पष्ट धारणा तयार पार्नुपर्ने देखिन्छ । व्यापार छैन । आयस्रोतको अभाव छ । रोजगारी पाइँदैन । सामान्य कमाइ भएका जनतालाई करको भारी बोकाइँदा तिनमा व्यवस्थाप्रति नै नकारात्मक विचार पैदा हुन सक्छ ।

कर गरेर कर तिराउने होइन, रहरले कर तिर्ने अवस्था सिर्जना गर्नुपर्छ । नयाँ व्यवस्थामा आएका हुनाले बिस्तारै जानुपर्छ, एकैचोटी करले घाँटी कच्याप्प पार्नु हुँदैन । रहरले कर तिर्ने अवस्था सिर्जना गर्न बिस्तारै खुट्टाबाट पेल्दै लैजानुपर्छ ।

पेवामा कर, मेवामा कर, गल्लीमा कर, पुलमा कर, धारामा कर, पानी कर लगाउन थालियो भने जनताले जनप्रतिनिधिलाई पनि कर लगाइदिन सक्छ । गाडी चढेबापत कर, गाउँको बाटोमा हिंडेबापत कर, आफ्नो आँगनमा झरेबापत कर, भाषण गरेबापत कर भनेर जनताले कर काट्न थाले भने के होला ?

त्यसैले करलाई रहर बनाऔं, कर गरेर होइन ।

# मिस नेपाल नर्थ अमेरिका



तस्बिर : बिक्रान्तमान श्रेष्ठ

न्युयोर्कमा सम्पन्न प्रथम मिस नेपाल नर्थ अमेरिका-२०१८ मा मोनिका घले विजेता घोषित भएकी छिन् । प्रथम मिस नेपाल नर्थ अमेरिका-२०१८ का लागि अन्तिम १७ जना प्रतियोगीको छनौट गरिएको थियो, जसबाट सुजाता लामा फस्ट रनर्सअप तथा सिर्जना राई सेकेन्ड रनर्सअप भएका थिए । अगस्ट ११ तारिख शनिबार सम्पन्न मिस नेपाल नर्थ अमेरिकाको अन्तिम प्रतियोगिता न्युयोर्कस्थित प्रसिद्ध मेलरोज बलरुममा सञ्चालन गरिएको थियो । अमेरिकाका विभिन्न राज्य का साथै मेक्सिको तथा क्यानाडाबाट समेत सहभागिता रहेको यो प्रतियोगिताको दोस्रो चरणमा १० जनाबीच प्रतिस्पर्धा भएको थियो । प्रथम मिस नेपाल युनिभर्स नग्मा श्रेष्ठ कार्यक्रम प्रस्तोता रहेको यो प्रतिस्पर्धामा सन् २०१० की मिस नेपाल सदिक्षा श्रेष्ठ, मिस टुरिज्म इन्टरकन्टिनेन्टल-२०१८ तथा मिस वुमेन न्युयोर्क-२०१७ मिस फतेना क्वासेमले तालिम प्रदान गरेका थिए ।


कार्यक्रममा बर्तिका एम राई, हेमन्त राना, बिक्की गुरुङ, धर्मवीर लामा तथा झंकार डान्स केन्द्र, न्युयोर्कले प्रस्तुति दिएका थिए । मिस नेपाल नर्थ अमेरिकाको मिस ट्यालेन्टमा पूजा थापा, मिस कम्युनिटी आउटरिचमा अनुषा अधिकारी, मिस पपुलर (जनताको मतद्वारा) मा श्वेता खड्का, मिस फोटोजेनिकमा करुणा अधिकारी, मिस स्किनमा आकृति शाह, मिस स्माइलमा सिर्जना राई, मिस वेस्ट ड्रेसमा संयुक्ता पुरी, मिस पर्सनालिटीमा सनम थापा, मिस डिसिप्लिनमा श्रद्धा केसी, मिस क्याटवाकमा मोनिका घले, मिस फ्रेन्डसिपमा सुजाता लामा, मिस हेयरमा ज्योति गुरुङ तथा मिस राइजिङ स्टारमा स्मृति लामिछाने विजेता रहे ।

विजय थापा



यात्रा सन्दर्भ


# सिनेमा र राजनीतिका हस्ती



किशोर नेपाल

भरतशमशेर जंगबहादुर राणाको नाम कसले सुनेको थिएन र ? यो कुनै प्रश्नै होइन । उनका बारेमा यति धेरै सत्य कथा र किंवदन्ती फैलिएका छन्, ती सबैको सम्झना कमैले गरेका होलान् । उनको व्यक्तिगत जीवन पनि गजबको थियो । उनले आफ्नो फुलेको कपाल टिप्न मात्र एक जना हट्टाकट्टा मानिस राखेका थिए । हरेक दिन बिहान निश्चित समयमा ऊ भरतशमशेरको फुलेको कपाल टिप्न आइपुग्थ्यो । यो उनको दैनिक कार्य थियो 'मेकअप' को । उनको कपाल पातलिँदै गएको थियो । तुलनात्मक रूपमा पनि कालाभन्दा सेता कपाल धेरै थिए उनको शिरमा । उनको अर्को अनौठो र रमाइलो बानी थियो– बिहान कतै सामाजिक, राजनीतिक भेट वा प्रभात भ्रमणमा जाँदा उनी छाता ओढेर निस्किन्थे । पानी परोस कि हुस्सु लागोस् कि घाम चर्कियोस्, भरतशमशेर छाता ओढेरै निस्किन्थे ।

निकै वर्षअघि किशुनजीसँग म भरतशमशेरको घर पुगेको थिएँ– कलकत्ता । उनी किशुनजीको प्रतीक्षामा थिए । उनको मेकअप असिस्टेन्ट फुलेको कपाल टिप्दै थियो । किशुनजीले मलाई भरतजीसँग चिनाइदिनु भयो । त्यतिबेला देशमा प्रजातन्त्र आइसकेको थिएन । उक्त परिचयपछि मेरो र भरतजीको दोस्ती भयो । काठमाडौंमा बसेर उनी जनमत संग्रहमा नीलो रंगको पक्षमा मत माग्ने अभियानमा लागे । उनको अभियानमा सबै केटाकेटी थिए– वर्ष १५ देखि ३० सम्मका । युवा जमातमा उनको ठूलो आकर्षण थियो । कलकत्तामा बस्दा पनि उनीसँग अनियमित हिसाबले नियमित भेटन थालें म । वर्षको त्यस्तै एक वा दुई पटक । किशुनजीसँग भरतजीको सम्बन्ध व्यक्तिगत र राजनीतिक दुवै बन्धनमा बाँधिएको थियो । किशुनजीले गणेशमान सिंह र भरतशमशेरको सल्लाहविपरीत गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री बनाएपछि भरतशमशेर र किशुनजीबीचको सम्बन्ध धमिलिएको थियो ।





तस्बिर : एजेन्सी

मुम्बई, भारतमा पढ्न बसेका बेला भरतशमशेरले नेपाली क्रान्तिका नेता बीपी कोइरालालाई आफू स्वतन्त्रताको पक्षमा रहेको पत्र लेखेर आफ्नो प्रसिद्धिको जग हालेका थिए । क्रान्तिको सफलतापछि उनको पारिवारिक पार्टी खुल्यो । उनले आफ्ना पिता मृगेन्द्रशमशेरलाई अध्यक्षबाट हटाएर आफैं गोरखा परिषद्को नेता भए । भरतशमशेर त्यसपछि गोर्खा परिषदका सेना-मेना लिएर बीपीलाई आक्रमण गर्न पुगेका थिए । त्यतिबेला बीपी राणा-कांग्रेस सरकारका गृहमन्त्री थिए । भरतशमशेर 'ज्यूँदा मानिस' थिए- कवि विमल वैद्यको कथनसँग म हार्दिक रूपले सहमत छु । हो, उनी ज्यूँदा मानिस थिए : सधैं विद्रोहको पक्षमा, सधैं क्रान्तिको पक्षमा । राणाकालीन समयपछि पनि उनी शक्तिशाली रहे । किनभने, उनले कुनै कुरा लुकाएनन् । उनी नास्तिक थिए । कहिल्यै कुनै टुना-मुनाबाट प्रभावित भएनन् ।

भरतशमशेर जंगबहादुर राणाको राजनीतिक जीवनको वर्णन इतिहासकार राजेश गौतमले गरेका छन्, तर इतिहासकार गौतम आफैं पनि त्यसबाट सन्तुष्ट छैनन् । किनभने भरतशमशेर सचेत थिए । 'हात्तीले मान्छे किचाएर' मार्नेहरूको इतिहास लेखिने परम्परासँग उनी जोडिन चाहँदैनथे । भरतशमशेरको राजनीतिक जीवनका घटनाक्रमहरू अब अनन्तमा गाडिएका छन् । शनिबार बिहान उनको देहान्त भएको छ कलकत्तामा । उनको जेथा पनि उतै थियो । कलकत्ता बस्नुको अर्को कारण थियो काम । भरतशमशेर सिनेमाका निर्देशक, निर्माता, संवाद लेखकजस्ता विभिन्न अवतारमा देखा परे । उनी बंगाली सिनेमा बनाउँथे । बंगाली सिनेमाका कीर्तिमानी मानिसहरूको लहरमा उनलाई ससम्मान राखिन्थ्यो ।

भरतशमशेरले कति सिनेमाको निर्माण गरेका थिए, कति सिनेमाको निर्देशन गरेका थिए, कति सिनेमामा संवाद लेखेका थिए ? यसको हिसाब-किताब तत्काल गर्न सकिँदैन । भरतशमशेर आफैंमा एउटा विविधतापूर्ण र बहु-आयामिक व्यक्तित्व थिए । उनको सिनेमा व्यवसाय र व्यक्तित्वका बारेमा धेरै कम नेपालीलाई मात्र जानकारी छ । नेपाल आउँदा भरतशमशेरले आफ्नो यो व्यक्तित्वलाई कहिल्यै प्रदर्शनीमा राखेनन् । कांग्रेसका केही ठूला नेताबाहेक धेरैलाई उनको सिनेमा व्यवसायका बारे केही जानकारी थिएन ।

सिनेमाका व्यक्तित्वका रूपमा उनका दसवटा चलचित्र छन् । सन् १९८५ मा बनेको प्रतिज्ञाका निर्देशक असित सेन थिए । मौसमी चटर्जी र भिक्टर बनर्जी थिए मुख्य भूमिकामा । उक्त चलचित्र हिट भएको थियो । सन १९७१ मा बनेको सीमाबद्ध (कम्पनी लिमिटेड) भरतशमशेरद्वारा निर्माण गरिएको सर्वाधिक चर्चित चलचित्र थियो– विश्वव्यापी रूपमा । त्यसका निर्देशक थिए सत्यजित रे । मणिशंकर मुखर्जीको कथामा आधारित यो सिनेमाले महानगरहरूमा मानिसले भोग्नुपर्ने विसंगत अवस्थाको चित्रण गरेको छ । यो सिनेमा अहिले पनि चर्चित छ । भरतशमशेर आफैंले निर्देशन तथा निर्माण गरेको सन् १९७१ को चलचित्र कविताकी अभिनेत्री थिइन् : माला सिन्हा । उक्त चलचित्रका अरू हस्ती थिए, कमल हसन, रणजित मल्लिक, अनिल चटर्जी, समित पान्जा इत्यादि ।

सिनेमा संसारमा स्थापित आफ्नो प्रतिभालाई नेपालीसँग लुकाएर संसारमा प्रदर्शित गर्ने नायक हुन्– भरतशमशेर । राजनीतिक हिसाबले उनलाई जसले जे भने पनि हुन्छ । उनी थिए ठेट लोकतन्त्रवादी । देशमा लोकतान्त्रिक राजनीतिक कू भएर निर्वाचित प्रधानमन्त्री थुनिएपछि आफू र आफ्नो पार्टीलाई नेपाली कांग्रेसमा विलय गराउने लोकतन्त्रवादी ।

## प्रतिक्रिया



कामको खोजीमा नेपालबाहिर जाँदा नियम-कानुनको ख्याल गर्नैपर्छ (साउदी जेलमा ९ सय दिन) । त्यहाँको वस्तुस्थितिको ख्याल गर्नैपर्छ । प्रेमबहादुरजस्तै अन्य नेपालीहरूले यस्तो दुःख भोग्नु नपरोस् ।

**नरेन महरा**

अपराधीहरूलाई सजाय त दिनैपर्छ (मंगल होस् : अन द स्पोट दण्ड ठीक कि बेठीक !) । घूस ख्वाएर छुटेका घटना धेरै छन् । यस्तो क्रम रोकिनुपर्छ ।

**उर्मिला खत्री**

कलाकारहरूको काम गर्ने शैली यस्तै हुन्छ (यात्रा सन्दर्भ : आशान्तको अशान्त मन) । अरूलाई अस्वभाविक लाग्नु स्वभाविक हो । काममा पागलपन भएन भने गन्तव्यमा पुग्न सकिँदैन ।

**रबिन ठकुरी**

अभिभावकहरूले आफ्ना सन्तानलाई सकेसम्म व्यवसायिक शिक्षा दिलाउनु उत्तम हुन्छ (शिक्षा : प्लस टुपछिको अध्ययन) ताकि भोलि जागिरका लागि कतै भौंतारिनु नपरोस् । यो लेखबाट विद्यार्थीहरूलाई आफ्नै कुनै उद्यम, व्यवसायमा लाग्न प्रेरणा मिलोस् ।

**केशव तामाङ**

वर्षामा यी ग्याजेट प्रयोग गर्न सहज हुन्छन् (साइन्स एन्ड टेक्नो : वर्षामा वाटरप्रुफ ग्याजेट) । यस्ता ग्याजेटको प्रयोगले दैनिक जीवन सरल बनाउँछ ।

**शिव बुढाथोकी**

अघिल्ला चलचित्र जस्तै ए मेरो हजुर-३ ले पनि दर्शकहरूको मन जित्नेछ भन्ने अपेक्षा छ (ए मेरो हजुर-३ को डेट) । यो चलचित्रको छायांकन नेपालमै गरियोस् ताकि कुनै बेला विदेशी चलचित्र पनि नेपालमै छायांकन गर्न आऊन् ।

**भीम श्रेष्ठ**

'बुगी वुगी' को पहिलो सिजनकी विजेता कविता नेपालीलाई बधाई छ (कवितालाई बुगी वुगी) । गरिब परिवारमा जन्मिएकी, कविताले जसरी संघर्ष गरिन्, त्यो प्रशंसनीय छ । उनी कैयौं चेलीका लागि प्रेरणाको स्रोत भएकी छिन् ।

**राज राई**

विभिन्न कार्यक्रम अनि काममा व्यस्त भएकाले होला नेपाल आउन नसकेका (विदेशी सेलिब्रेटीहरूको नेपाल डेस्टिनेसन) । अर्को कुनै अवसर पारेर पक्कै नेपाल आउनेछन् भन्ने आशा छ ।

**अशोक कुमार**

नाटकका रूपमा मुनामदन प्रदर्शन हुनु राम्रो कुरा हो (शिल्पीमा मुनामदन) । नयाँ पुस्ताले मुनामदन हेरेर पुरानो नेपाल तथा त्यति बेलाको समाजका बारेमा धेरै कुरा थाहा पाउनेछन् ।

**सरिता जिसी**

छिट्टै चर्चामा आएर छिट्टै हराउनुभन्दा स्थायी रूपमा दर्शक- श्रोताहरूको मनमा बस्नु राम्रो हो (सुधिइन् ज्योति) । रातारात चर्चामा आएर रातारात हराउने कलाकार थुप्रै छन् ।

**अरुण भण्डारी**

उपत्यकाबाहिर रहे पनि बालकलाकार क्रिजन गौतमको सफलता लोभलाग्दो छ (चलचित्र नआउँदै चर्चामा) । सानो उमेरमै उनले यति प्रगति गरेका छन् भने भविष्यमा उनले ठूलो प्रगति गर्नेछन् भन्ने पक्का छ ।

**हरिकृष्ण भट्टराई**

आफ्नो मेकअप आफैं गर्नु राम्रो हो (आफैं मेकअप गर्ने अभिनेत्री) । आफैंले मेकअप गर्दा समय र पैसा दुवैको बचत हुन्छ । साम्राज्ञी राज्यलक्ष्मीले सही काम गरिन् ।

**अभय शाह**

मिस ग्रान्ड नेपाल-२०१८ की विजेता उरुशा जोशीलाई बधाई छ (मिस ग्रान्ड नेपाल) । भावी दिनमा पनि यस्तै सफलता हात परोस्– शुभकामना ।

**बबिता पाण्डे**

नेपालको कुना-कन्दरामा प्याराग्लाइडिङको सम्भावना छ (पाँचथरबाट प्याराग्लाइडिङको उडान) । विभिन्न ठाउँमा पर्यटकहरू भित्र्याउने यस्तै नयाँ सम्भावनाको खोजी गर्नु जरुरी छ ।

**प्रकाश शाह**

फेवातालमा नगरपालिकाले १ करोडको झन्डा राख्नुभन्दा युवाहरूलाई रोजगारी दिन सक्नु पर्छ (फेवातालमा १ करोडको झन्डा) । युवाहरूलाई उद्यम-व्यवसायमा संलग्न गराउने कुनै कार्यक्रम ल्याएको भए हुन्थ्यो ।

**बिनिता सुबेदी**

पैसा नै सबैथोक होइन (समय सन्दर्भ : पैसा दुःखको मुहान) । यद्यपि जिन्दगी चलाउन पैसा अनिवार्य छ । धेरै लोभले पनि मानिसलाई डुबाउँछ ।

**संगम क्षेत्री**

गेरेन्ट थोमस र साराहको यो तस्बिरले मन छोयो (मैदान बाहिर : सफलतामा अँगालोमा रोए) । गेरेन्ट सफल हुनुमा उनकी श्रीमतीको पनि ठूलो हात छ ।

**गोविन्द कार्की**

twitter follow us on
twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# अर्ग्यानिक भनेर कालिमाटीको तरकारी पनि बेचिन्छ


तस्बिर : नवराज बाले

सहृद चापागाईंले मेकानिकल इन्जिनियरिङ पढेका हुन् । उनले बैंगलुरुबाट रुलर इन्टरप्रेनरसिपमा एमबीए समेत गरेका छन् । इन्जिनियरिङ सकेर फर्कंदा उनका अगाडि दुईवटा विकल्प थिए सेल्स इन्जिनियर बन्ने वा सर्भिस इन्जिनियर बन्ने । चापागाईंले सेल्स इन्जिनियरको विकल्प रोजे । मोरङ अटो वर्क्समा सेल्स इन्जिनियरका रूपमा काम गर्दा उनले मार्केटिङको अनुभव लिने अवसर पाए । त्यसैले उनलाई तान्दै-तान्दै इन्जिनियरबाट अर्ग्यानिक व्यवसायी बनाएको छ । अहिले बिल नेपाल म्यानेजमेन्ट कम्पनीमार्फत अर्ग्यानिक उत्पादन, प्रवर्द्धन एवं बजार व्यवस्थापनमा जुटेका सहृदसहितको समूहले उत्तर काठमाडौंको गोलढुंगा, धर्मस्थली आदि ठाउँमा स्थानीय सरकारसँग मिलेर कृषि व्यवसायलाई प्रमोट गरिरहेको छ भने बाग्लुङ तामाङखोला गाउँपालिकासँग मिलेर त्यहाँ वैकल्पिक ऊर्जा तथा कृषिसम्बन्धी काम गरिरहेको छ । नेपालको अर्ग्यानिक बजार, यसका सम्भावना तथा चुनौती आदि विषयमा केन्द्रित रहेर साप्ताहिकले चापागाईंसँग गरेको कुराकानी :

**अर्ग्यानिक कृषि बजारको अवस्था कस्तो छ ?**

अर्ग्यानिक उत्पादन एकदम हाइयर मार्केटमा गैरहेको छ, त्यो निकै महँगोमा आइरहेको छ । जस्तो– अर्ग्यानिक टमाटर डिपार्टमेन्ट स्टोरहरूले किलोकै १ सय ५० रुपैयाँमा बेचिरहेका छन् । टमाटरको त्यो मूल्य निकै उच्च हो । निकै महँगोको मारमा परेका अर्ग्यानिक उपभोक्तालाई हामीले प्रिमियम मूल्यमा अर्ग्यानिक उत्पादन दिन खोजिरहेका छौं ।

**बजारमा अर्ग्यानिकको खुबै हिवम चलिरहेको छ, खासमा अर्ग्यानिक उत्पादन कस्तो हुन्छ ?**

अहिलेसम्म हामीले अर्ग्यानिक भनेर विषादीमुक्त एवं परम्परागत जैविक मल प्रयोग गरेर उत्पादित वस्तुलाई मानिरहेका छौं । यो अर्ग्यानिकल्ली प्राक्टिस हो, तर अर्ग्यानिक शब्द प्रयोगका लागि सर्टिफिकेसन गर्नुपर्ने हुन्छ । त्यसका लागि अन्तर्राष्ट्रिय सर्टिफाइड एजेन्सीहरू पनि छन्, नेपालमा पनि सर्टिफिकेसन गर्ने प्रक्रिया अघि बढिरहेको छ । हामीले अर्ग्यानिक नै भनेर बेचेका छैनौं, त्यसका लागि त सर्टिफिकेट चाहियो, हामीले अर्ग्यानिकल्ली प्राक्टिस भनेर आफ्ना सामान बेचिरहेका छौं ।

**अर्ग्यानिकको बजार चर्चा कति यथार्थमा आधारित छ ?**

हामीले विश्वासका आधारमा काम गरिरहेका छौं । हामी सीधा ग्राहक तथा कृषकसम्म पुग्छौं । बी टु बीको कन्सेप्टमा हामी जुन बिजनेस पार्टनरहरूसँग काम गरिरहेका छौं, जो ग्राहकसँग तथा कृषकसँग एकसाथ जोडिएका छन् । उनीहरूलाई ग्राहकले विश्वास गरेका हुन्छन् । काठमाडौं अर्ग्यानिक, ग्रिन ग्रोथजस्ता कम्पनीको सामान अर्ग्यानिक हुन्छ भनेर ग्राहकले विश्वास गरिरहेका छन् । यद्यपि हाम्रा लागि चुनौती के हो भने कतिपय ठाउँमा अर्ग्यानिक सामानमा मिसावट पनि देखिएको छ । अर्ग्यानिक भनिएका कतिपय पसलमा कालिमाटीबाट ल्याइएको तरकारी पनि बेचिएको पाइन्छ । हिमालयन कलेज अफ एग्रिकल्चर एन्ड टेक्नोलोजीसँग मिलेर त्यसको मनिटरिङ कसरी गर्ने भन्ने विषयमा पनि हामीले काम अघि बढाइरहेका छौं ।

**अर्ग्यानिक तरकारीको बजार कति ठूलो छ नेपालमा ?**

ठ्याक्कै यति नै छ भनेर दाबी गर्न त गाह्रो छ । अहिले अर्ग्यानिक भनिएका उत्पादनहरू मूलतः तीन-चारवटा मार्केटमा जान्छ । फार्मर्स मार्केट भन्ने पनि चलिरहेको छ । ठाउँ-ठाउँमा पसल पनि खुलेका छन्, केहीले अनलाइनमार्फत पनि अर्ग्यानिक तरकारी, फलफूल आदिको व्यापार गरिरहेका छन् । यसरी हेर्दा औसत दैनिक ४-५ हजार किलोजतिको बजार होला ।

**ग्राहकहरू के चाहन्छन् ?**

ग्राहकले अर्ग्यानिक उत्पादन मागेका हुन्छन् । गोलढुंगामा २० रोपनीमा हाम्रो आफ्नै अर्ग्यानिक फार्म छ । अर्ग्यानिक उत्पादनमा कीरा लागेको हुन्छ । उपभोक्ताहरूले कीरा लागेको होइन, राम्रो खोजिरहेका हुन्छन् । उपभोक्ताहरूलाई चिल्लो-चाप्लो तरकारी चाहिन्छ, जसका कारण हामीलाई अलि लस पनि छ । अर्ग्यानिक उत्पादन कीराले खाएको वा चरा लागेको हुन्छ, त्यसलाई पनि ग्रहण गर्न सक्ने बनाउन सकिएको छैन । त्यसका लागि अब हामीले प्रविधिसँग जोडिंदै प्रोडक्टलाई ड्राई गर्दैछौं । स्टार होटल तथा डिपार्टमेन्ट स्टोरहरूमा ड्राई प्रोडक्टको निकै माग भएकाले हामी त्यसमा पनि लागिरहेका छौं । अर्कातर्फ ग्राहकले निकै महँगोमा किन्नुपरेकाले हाइयर मिडिल क्लास तथा अपर मिडिल क्लासले जति पनि पैसा हालेको छ,

पृष्ठ ७ मा



शिक्षा

# अब पर्वतारोहणसम्बन्धी अध्ययन



तस्बिर : एजेन्सी

युवराज गौतम

नेपाली विद्यार्थीहरू नयाँ तथा रोजगारमूलक उच्च शिक्षा अध्ययनका लागि विदेश पुगिरहेका छन् । प्राविधिक एवं सीपमूलक कोर्सहरूको अध्ययन-अध्यापनमा नेपाल अब्बल हुँदाहुँदै विदेश भौंतारिने विद्यार्थीको संख्या बर्सेनि बढ्दो छ । यद्यपि नेपालमै वैश्विक स्तरको शिक्षा तथा कोर्सहरू उपलब्ध छन् भन्ने हेक्का कमैलाई छ । विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएर मात्र होइन, नेपालकै विश्वविद्यालयको सम्बन्धन तथा पाठ्यक्रममा आधारित विषय पढ्न विदेशीहरू नेपाल आइरहेका छन् । यसै क्रममा विश्वकै लागि नौलो र आकर्षक पर्वतारोहण विषयको अध्यापन नेपालमै सुरु भएको छ ।

पर्यटन विश्वविद्यालयको अवधारणाका साथ नेपालमा पर्वतारोहण विषयको अध्ययन-अध्यापन प्रारम्भ गरिएको हो । पर्यटन तथा साहसिक पर्वतारोहणका लागि हबका रूपमा विकसित भैरहेको नेपालमा पर्वतारोहण एवं पर्यटन विषयको अध्ययन-अध्यापन स्वदेशी मात्र होइन, विदेशी विद्यार्थीहरूका लागि समेत आकर्षक मानिएको छ ।

सीमित तालिमको भरमा चल्दै आएको पर्वतारोहण विषयका लागि त्रिभुवन विश्वविद्यालयकै मातहतमा स्नातक तहको अध्ययन-अध्यापन प्रारम्भ गरिएको हो । नेपाल माउन्टेन एकेडेमीले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई ब्याचलर अफ माउन्टेनरिङ स्टडी (बीएमएस)को पढाइ सुरु गरेको हो । कक्षा ११ र १२ को पाठ्यक्रम तयार भैसकेको छ भने ‘मास्टरस अफ एडभेन्चर टुरिज्म’को पाठ्यक्रम समेत तयार पारिएको नेपाल माउन्टेनरिङ एकेडेमीका प्रशासकीय अधिकृत उत्तम भट्टराईले जानकारी दिएका छन् ।

पर्यटन विश्वविद्यालयका अभियन्ता हिमाल आरोही लाक्पाफुटी शेर्पा, टासी लाक्पा शेर्पा आदिको पहलमा सुरु भएको यो विषयको अध्ययनका लागि ललितपुर, सातदोबाटोस्थित नेपाल माउन्टेनरिङ एकेडेमीमा पहिलो ब्याचको दोस्रो सेमेस्टरको अध्ययन-अध्यापन भैरहेको छ भने दोस्रो ब्याचको पहिलो सेमेस्टरको भर्ना प्रक्रिया सुरु भएको छ । पहिलो सेमेस्टरमा ३० जना विद्यार्थीलाई भर्ना लिएर पढाइ सुरु गरिएको यो विषयमा प्रयोगात्मक शिक्षामा जोड दिइएको प्रशासकीय अधिकृत भट्टराईले बताए ।

हिमाल आरोहीहरूलाई पनि सामान्य तालिम मात्र दिने परिपाटी अन्त्य गर्दै सैद्धान्तिक, रचनात्मक ज्ञान तथा सीपको विकास गर्न विश्वमै पहिलो पटक यो विषयको अध्ययन-अध्यापन सुरु गरेको नेपाल माउन्टियरिङ एकेडेमीकी संस्थापक प्रमुख लाक्पा फुटी शेर्पा बताउँछिन् । नेपालको हिमाल तथा यहाँको पर्यटनका सम्बन्धमा विश्व बजारमा ज्ञान अभिवृद्धि गर्न मात्र नभै तालिमको भरमा हिमाल आरोहण गर्ने परिपाटी अन्त्य गर्न विश्वविद्यालयको अभियानमा जुटेको एकेडेमीकी संस्थापक प्रमुख शेर्पाले बताइन् ।

### भर्ना प्रक्रिया र खर्च

कक्षा ११ र १२ मा ४५ प्रतिशत अंक ल्याएका सी ग्रेडसम्मका विद्यार्थीले ब्याचलर अफ माउन्टेनरिङ स्टडी (बीएमएस) का लागि आवेदन दिन सक्छन् । यसका लागि भदौमा आवेदन खुल्ला गरिन्छ र सेन्ट्रल म्यानेजमेन्ट एड्मिसन टेस्ट (सिम्याट) उर्त्तिण गरेपछि विद्यार्थीको आर्थिक अवस्था, मनोविज्ञान एवं रुचिका आधारमा भर्ना लिइन्छ । प्रत्येक वर्ष ३० जनाको कोटा छुट्याइएको छ । यो वर्षदेखि १० जना विदेशी विद्यार्थीका लागि कोटा छुट्याउने तयारी भैरहेको छ ।

यो विषयमा धेरैजसो प्रयोगात्मक तथा स्थलगत अध्ययन गर्नुपर्छ । चार वर्षको कोर्स पूरा गर्न नेपालीलाई ६ लाख रुपैयाँ, सार्क देशका लागि ८ लाख रुपैयाँ तथा अन्य देशका लागि १२ लाख रुपैयाँ शुल्क प्रस्ताव गरिएको छ ।

### के-के छ कोर्समा ?

यो कोर्सका विज्ञ प्राध्यापकहरू नेपालमा उपलब्ध नभए पनि विदेशमा पर्यटनसम्बन्धी अध्ययन गरेर आएका तथा नेपालकै अनुभवी आरोहीहरूले अध्यापन गराउँछन् । यो विषयको कोर्समा पर्या-पर्यटन, व्यवस्थापन, हिमालयन हेरिटेज, रक क्लाइम्बिङ, ट्रेकिङ-हाइकिङ, पर्वतारोहणमा मानवशास्त्र तथा समाजशास्त्र, नेपाली हिमालको भौगोलिक अध्ययन, नेपालको पर्यटन अवस्था, साना हिमालको यात्रा एवं आरोहण जस्ता विषय समेटिएका छन् ।

बेसक्याम्प, ट्रेक पिक क्लाइम्ब, आरोहणमा सुरक्षा, हिमालको आधारभूत आरोहणका साथै ८ हजार मिटरसम्मका हिमाल आरोहण गर्न जानुपर्ने हुन्छ । त्यसका अतिरिक्त पर्यटन कानुन, आरोहण व्यवस्थापन, मानवीय स्रोतको व्यवस्थापन आदि विषयसमेत कोर्समा समेटिएका छन् ।

### विश्वविद्यालयकै अभियान

नेपालमा पर्यटन र हिमाल आरोहणसम्बन्धी शिक्षित जनशक्ति उत्पादन एवं विकास गर्ने उद्देश्यले विश्वविद्यालय नै स्थापना गर्ने अभियान सुरु भैसकेको छ । सोलुखुम्बुमा करिब ३ हजार रोपनी क्षेत्रफलमा भवनहरू निर्माण भैरहेका छन् । विदेश अध्ययन गर्न गैरहेका विद्यार्थीहरूलाई नेपालमै आकर्षित गर्न तथा हिमाल आरोहणका सम्बन्धमा अध्ययन गर्न विदेशी विद्यार्थीलाई नेपाल भित्र्याउन यो अभियान अघि सारिएको लाक्पाफुटी शेर्पाले बताइन् ।

## पर्यटन विश्वविद्यालयको तयारीमा छौं



**लाक्पा फुटी शेर्पा**
**संस्थापक प्रमुख,**
**नेपाल माउन्टेनरिङ एकेडेमी**

**विश्वकै लागि नौलो विषयको पढाइ सुरु गर्ने सोच कसरी आयो ?**

यसका लागि हामीले पहल थालेको करिब ६ वर्ष भैसकेको छ, तर सरकारी झन्झट तथा प्राविधिक कठिनाइले गर्दा केही ढिला हुन पुग्यो । खासमा विश्वका पर्यटक नेपालमा हिमाल हेर्न आउँछन् । हिमाल आरोहण गर्न आउने पर्यटकले सामान्य तालिम मात्र लिएका हुन्छन् । विश्वविद्यालय स्तरको कोर्स कहीं छैन । त्यसैले विदेशी साथीहरूको सल्लाह एवं नेपाली सहकर्मीहरूको पहलमा हामी यो अभियानमा जुटेका हौं ।

**पाठ्यक्रम तयार पार्न र सम्बन्धन लिन कतिको समस्या भयो ?**

पाठ्यक्रम बनाउने सिलसिलामा हामीले बेलायतका आठवटा विश्वविद्यालयका केही प्राध्यापक, नेपालका आरोहीहरू तथा नेपाली प्राध्यापकहरूसँग सुझाव संकलन गरेका थियौं । सुरुमा प्लस टुको मात्र पाठ्यक्रम तयार गर्न सक्यौं । पछि अत्यन्तै कडा मेहनतपश्चात् स्नातक तहको पाठ्यक्रम तयार पारेका हौं । अहिले त स्नातकोत्तर तहको पनि पाठ्यक्रम तयार भैसकेको छ । सम्बन्धन लिन पनि लामै पहल गरेर सफल भएका हौं । सरकारलाई कुरा बुझाउनै धेरै समय लाग्यो ।

**यो विषयमा रोजगारीको सम्भावना कतिको देख्नुहुन्छ ?**

एकदमै सम्भावना छ । सम्भावना देखेर नै हामी यसका लागि जुटेका हौं । विदेशका विश्वविद्यालयहरूमा लेक्चर दिनेदेखि नेपालमै अध्यापन गराउन र नीति निर्माण तहमा काम गर्ने अवसर मिल्छ । त्यसबाहेक पर्यटकहरूकै सेवाका लागि खुलेका कम्पनी तथा सरकारी कार्यालयहरूमा रोजगारीको सम्भावना छ ।

**अबको योजना के छ ?**

पर्यटकहरू हिमाल चढ्न एक-दुई साता मात्र नभै विश्वविद्यालय स्तरकै पढाइका लागि चार वर्ष बस्ने गरी नेपाल आउन सकून् । त्यति मात्र होइन, सामान्य अनुभवका आधारमा हिमाल आरोहण गर्ने परिपाटीको अन्त्य गर्दै शैक्षिक योग्यता पनि प्रदान गर्न सकिन्छ भन्ने हाम्रो सोच हो । विश्वको शैक्षिक गन्तव्यका रूपमा नेपाललाई पनि विकास गर्न सकिन्छ, त्यसैले हामी यतिबेला पर्यटन विश्वविद्यालय स्थापना गर्ने अभियानमा छौं । यसका लागि सोलुखुम्बुमा काम पनि अघि बढेको छ । चाँडै नेपालमा पर्यटन विश्वविद्यालय स्थापना गरेर स्वदेशी मात्र होइन, विदेशी विद्यार्थीहरूलाई समेत उक्त विषय अध्ययनका लागि आकर्षित गर्नेछौं ।

# अर्ग्यानिक भनेर...



पृष्ठ ५ बाट

तर मिडिल क्लासमा अर्ग्यानिक उत्पादन पुऱ्याउन चुनौती छ। अर्को कुरा हामी किसानका उत्पादन सीधै ग्राहकसम्म पुग्ने गरी काम गरिरहेका छौं। हामी हाउजिङ तथा कोलनीहरूमा पनि जाँदैछौं। अहिले हामीले आफ्नो ध्यान मिडिल क्लासलाई प्रिमियम मूल्यमा कसरी अर्ग्यानिक उत्पादन दिने भनेर केन्द्रित गरिरहेका छौं।

**अर्ग्यानिक उत्पादनमा लगानी पनि बढिरहेको छ। खास के कारणले लगानी आकर्षित भैरहेको छ ?**

कृषि तथा तरकारीमा केही नाफा पनि छ अनि जोखिम पनि। धेरैले हिवमकै आधारमा अर्ग्यानिक खेती गरिरहेका छन्। अहिले बजारमा टमाटरको आपूर्ति निकै छ। यद्यपि बजारको माग अन्य कुराहरूमा पनि छ। त्यसतर्फ ध्यान गैरहेको छैन। सबैको लगानी एकै ठाउँमा परेपछि त्यो डुब्न सक्ने खतरासमेत छ। त्यसैले उत्पादनमा विविधीकरण ल्याउनुपर्ने आवश्यकता छ। कतिले ४०-५० रोपनीमा ठूला अर्ग्यानिक खेती गरेका छन्। यद्यपि त्यति ठूलो मात्राको उत्पादन खपत हुने बजार फेला पार्न गाह्रो छ। हामीले अहिले त्यसका लागि बजार व्यवस्थापन गर्ने प्रयासस्वरूप डिपार्टमेन्ट स्टोर, हाउजिङ तथा अनलाइनहरूसँग काम गरिरहेका छौं। हाम्रो जोड अर्ग्यानिक फार्मधनीहरूलाई त्यसमै जोड दिन लगाएर हामी उनीहरूका लागि बजारीकरणमा लाग्नेछ।

**नेपालमा अर्ग्यानिक उत्पादकका उपभोक्ता को हुन् ?**

अहिले नेपाली अर्ग्यानिक उत्पादनका उपभोक्ता हाइयर मिडिल क्लास तथा अपर मिडिल क्लासका हुनुहुन्छ। उहाँहरू शेर्पा मलको फार्मर्स मार्केट जानुहुन्छ, त्यहाँ विदेशीहरू पनि पुग्छन्। यो रेस्टुराँ हो, उसले शनिबार फार्मर्स मार्केट लगाउँछ। नेपाली सामानहरू स्ट्यान्डर्ड प्याकिङमा राम्रोसँग दिन सक्ने हो भने त्यहाँ एकदमै उच्च मूल्यमा उत्पादनहरू खपत हुन्छन्। विदेशीहरू, कूटनीतिक नियोगका मानिसहरू, एनजीओ, आईएनजीओलगायत उच्च वर्गका मानिसहरू यो बजारका ग्राहक हुन्। नाइन्टिनो फाइभ भन्ने कमलपोखरीतिर छ, हयात होटलले पनि यस्तो काम गर्छ। फार्मर्स मार्केटको चलन धेरै ठाउँमा छ। फार्मर्स बजारमा पुग्ने मानिसहरू उच्च वर्गकै छन्। अर्को, बानेश्वरस्थित डाइनिङ पार्क रेस्टुराँमा पनि फार्मर्स मार्केट छ, जसमा मध्यवर्गका मानिसहरू पुग्छन्। अर्ग्यानिक उत्पादन मिडिल क्लाससम्म पुग्न नसक्नुको एउटा कारण उक्त वर्गले मूल्यमा एकदमै बार्गेनिङ गर्नु पनि हो।

**अर्ग्यानिक उत्पादनहरूमध्ये के-कस्ता तरकारीको बढी माग छ बजारमा ?**

ग्राहकहरूले अर्ग्यानिक उत्पादनहरू सिजनअनुसार माग गर्छन्। अहिले अर्ग्यानिक सागको निकै माग छ। फर्सीको मुन्टा, रायोको साग आदि ग्रिन भेजिटेबलहरू हाताहात बिक्री हुन्छन्। डिपार्टमेन्ट स्टोरहरूमा सलादका आइटम बढी गैरहेका छन्। सामान्य प्रयोगका आइटमले कालिमाटी बजारसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ। हामीले हरेक अर्ग्यानिक फार्मलाई बजारको मागअनुसार उत्पादन गर्न लगाउने सोच बनाएका छौं।

**विदेशी उत्पादनहरूमा कत्तिको अर्ग्यानिक खोज्ने चलन छ ?**

विदेशी उत्पादन प्याकेजिङ भएर आएका हुन्छन्। राम्रो कुरा, अहिले डिपार्टमेन्ट स्टोरहरूमा विदेशी अर्ग्यानिक उत्पादनहरूको तुलनामा नेपाली नै बढी देखिन थालेको छ। खाद्यान्नमा चामल, दाल आदि पनि बिस्तारै बजारमा आउन थालेका छन्।

**अर्ग्यानिक उत्पादन बजारमा कहाँबाट आपूर्ति हुन्छ ?**

खाद्यान्न नेपालका विभिन्न पहाडी जिल्लाहरूमा सम्पर्क गरेर भित्र्याइरहेका छौं। अर्ग्यानिक उत्पादनका लागि जुम्ला अहिले सबैभन्दा लोकप्रिय छ, मार्सी चामल, ओखर, स्याउसम्मका लागि। ढोरपाटन क्षेत्रको आलु पनि आइरहेको छ। सिमीलगायतका विभिन्न उत्पादन ल्याउन सोलु तथा दोलखातिर पनि हामीले सम्पर्क गरिरहेका छौं। तरकारीचाहिँ खासगरी काठमाडौं वरिपरिका जिल्लाहरूबाट आउँछ।

**तराईका जिल्लाहरूबाट कत्तिको ल्याइरहनुभएको छ ?**

उत्पादनका दृष्टिकोणले निकै राम्रो मानिने तराईका जिल्लाहरूबाट न्यून उत्पादन मात्र आउने गरेका छन्। हामी र हाम्रा पार्टनरहरूले तराईका जिल्लामा काम गर्न पाएका छैनौं, अब त्यसतर्फ प्रयास गरिरहेका छौं।

**अर्ग्यानिक उत्पादनको बजार व्यवस्थापन कसरी भैरहेको छ ?**

अर्ग्यानिक बजारमा विभिन्न सेगमेन्ट छन्। एउटा सेगमेन्ट शनिबार फार्मर हाउसबाट चल्छ। अर्को डिपार्टमेन्ट स्टोरहरूले राम्रो प्याकेजिङ गरिएका अर्ग्यानिक उत्पादनहरू खोजिरहेका हुन्छन्। अर्को अनलाइन बजार पनि छ, जस्तो मेट्रो तरकारी, ग्रीन ग्रोथ आदि। मिडिल क्लासमा पुग्न शंखमूलमा हरेक हप्ता उत्पादन बेच्छौं। अर्ग्यानिक तरकारी किन्न बाहिर निस्कनुपर्ने र केही महँगो समेत पर्ने भएकाले पनि यो मूल बजार होइन, वैकल्पिक बजार हो।

**अर्ग्यानिक उत्पादनहरूमा कुन जिल्लाको के बढी लोकप्रिय छ ?**

तरकारी काठमाडौं र वरिपरिका जिल्लाहरूकै हो। ओखर तथा चामलमा जुम्ला लोकप्रिय छ। भीरमौरी, मह तथा आलुमा बाग्लुङ फेमस छ। सिमी पनि धेरैजसो कर्णाली प्रदेशबाटै आइरहेको छ। स्याउ जुम्ला, मनाङ तथा मुस्ताङबाट आइरहेको छ। चन्द्रागिरितिरबाट आँप तथा मकै अलिअलि आइरहेको छ। अहिले अर्ग्यानिक भनेर सागपात तथा तरकारीमा बढी फोकस गरिएको छ। यसलाई फलफूल, खाद्यान्न आदिमा समेत बढाउनुपर्नेछ।

**कालिमाटीका बिचौलिया र तपाईंहरूबीच के फरक छ ?**

हामी र उनीहरू उस्तै हौं। फरक, हामी धेरै च्यानलमा नगै सिधैं ग्राहकसम्म पुग्छौं, उनीहरूलाई पनि राम्रो मूल्यमा सामान दिन्छौं। हाम्रो प्रोफिट मार्जिन १०/२० प्रतिशत मात्र छ। अर्को हामी आफैंले पनि फार्म चलाएका छौं। हामी बिचौलिया हौं, तर बिचौलियाले सामान मात्र ट्रेड गर्छ, हामीले प्रविधि, नेटवर्क र गुणस्तर सुधारको पक्षमा समेत काम गरिरहेकाले हामी कनेक्टर हौं, बिचौलिया मात्र होइनौं।





# आयो एन्ड्रोइड ९.० पाई

गुगलले नयाँ अपरेटिङ सिस्टम 'एन्ड्रोइड ९.० पाई' सार्वजनिक गरेको छ। करिब ६ महिना पहिले गुगलले नयाँ अपरेटिङ सिष्टमलाई 'एन्ड्रोइड पी' को नाममा ल्याउने घोषणा गरेको थियो। यद्यपि हाल यसलाई एन्ड्रोइड ९.० पाईको नामबाट बजारमा उतारिएको छ। यसलाई छोटकरीमा एन्ड्रोइड पाई भनिन्छ। यसमा विभिन्न नयाँ फिचर उपलब्ध छन्। पहिले गुगल पिक्सेल स्मार्टफोनमा उपलब्ध हुने उक्त सिष्टम विस्तारै अन्य स्मार्टफोनमा समेत उपलब्ध हुनेछ। यसमा ठूलो होम बटनलाई हटाएर सानो मेनु बटन राखिएको छ। एप स्विचर पनि आइफोन एक्स जस्तै होरिजोन्टली स्कोल गर्न सकिन्छ। यसमा भएको 'डिजिटल वेलबिइङ' फिचरले मोबाइलको अत्यधिक प्रयोगबाट छुटकारा दिन्छ। यसले कुन एपको प्रयोग कति पटक गरियो भन्ने रेकर्ड राख्छ। समय सीमा समाप्त भए पछि उक्त एपका कारण स्मार्टफोनको स्क्रिन धमिलो देखिन्छ।

त्यसैगरी एप्सको प्रयोग अनुसार ब्याट्रीको प्राथमिकता तय हुन्छ। अलग-अलग स्क्रिनको अलग-अलग ब्राइटनेस हुन्छ भने धेरै प्रयोग हुने एप्सको जानकारी उपलब्ध आफैं गराइन्छ। यसमा सिस्टम नेभिगेसनलाई पनि अझ प्रभावकारी बनाइएको छ।

### म्यासेज नोटिफिकेसनसँगै तस्बिर

कुनै म्यासेज आयो भने प्रयोगकर्ताले स्क्रिनको तल स्वाइप गर्दा नोटिफिकेसनका साथमा तस्बिर पनि देखिन्छ। यसभन्दा पहिले उक्त सुविधा थिएन।

### रुचि थाहा पाउने

गुगलको यो अपेरिटङ सिस्टमले प्रयोगकर्ताहरूको रुचि पहिले नै थाहा पाउँछ। जस्तो कि इयरफोन लगाउँदा फोनको म्युजिक ग्यालरी आफै खुल्छ।

### डु नट डिस्टर्ब

पहिले नै उपलब्ध डु नट डिस्टर्ब मोडलाई अझ प्रभावकारी बनाइएको छ। यसको सहयोगले कन्ट्याक्ट लिस्टमा भएका कन्ट्याक्टलाई स्टार गर्न सकिन्छ। स्टार गरिएका कन्ट्याक्टबाहेक अरूले कल गर्न वा म्यासेज पठाउन सक्दैनन्। त्यस्तो अवस्थामा नोटिफिकेसन पनि आउँदैन भने स्टार दिइएकाहरूको कल मात्र आउँछ।


### स्मार्ट रिप्लाई

यसमा स्मार्ट रिप्लाई गर्न सकिने सुविधा छ। यसमा मेसिन लर्निङ प्रयोग गरी मेल र च्याटका लागि अटोमेटेड उत्तर दिन सकिन्छ। कुनै प्रश्नको उत्तर सेट गरेपछि आफू एक्टिभ नभएको समयमा पनि रिप्लाई गर्न मिल्छ।

### मिठाईको नाम

गुगलले राखेको नाम 'पाई' एक प्रकारको मिठो ब्यन्जन हो। गुगलले हालसम्म एन्ड्रोइड सिस्टमको नाम कुनै न कुनै मिठाईको नामबाट राख्दै आएको छ। यसभन्दा पहिले राखिएको ओरियो पनि बिस्कुटको नाम हो।

# सूर्यको थप अध्ययन हुने



सूर्यको अध्ययन गर्न पार्कर सोलार प्रोब यान प्रक्षेपण गरिएको छ। नासाले सूर्यको अध्ययन गर्न सूर्यको सबैभन्दा नजिक पुग्ने यानको रूपमा उक्त यान गत आइतबार प्रक्षेपण गरेको हो। केप क्यानभेरल स्थित प्रक्षेपण केन्द्रबाट डेल्टा-४ रकेटको सहायताले यसलाई प्रक्षेपण गरिएको हो। ८५ दिन पश्चात उक्त यान आगामी नोभेम्बर ५ मा सूर्यको कक्षमा पुग्नेछ भने आगामी ७ वर्षसम्म सूर्यको कक्षलाई २४ चक्कर लगाउनेछ। नासाले यसको सहयोगले सूर्यको वायुमण्डल कोरोनाको विस्तृत अध्ययन गर्न चाहेको छ।

उक्त यानले सूर्यको कोरोनाको तापक्रम १० लाख डिग्री फरेनहाइट भए पनि सतहको तापक्रम भने ५ हजार ५ सय डिग्री फरेनहाइट मात्र कसरी हुन्छ भन्ने कुरा पत्ता लगाउनेछ। त्यसैगरी यानले सौर्य आँधीको रहस्यका सम्बन्धमा पनि जानकारी बटुल्नेछ। सौर्य आँधीका कारण हाम्रो दूरसञ्चार प्रणाली, अन्तरिक्ष यात्री, पावर ग्रिड, रेडियो कम्युनिकेसन आदि प्रभावित भैरहेका छन्।

अमेरिकी वैज्ञानिक युजिन पार्करको सम्झनामा यो यानको नाम राखिएको हो। पार्करले सन् १९५८ मा पहिलो पटक सूर्यमा सौर्य हावा हुने कुरा बताएका थिए। यानले सौर्य हावालगायत अन्य विभिन्न रहस्य पत्ता लगाउनेछ। उक्त यानको लम्बाई ९ फिट १० इन्च तथा तौल ६ सय १२ किलोग्राम छ। यो यान निर्माणका लागि १ खर्ब ६० अर्ब रुपैयाँ खर्च भएको छ। यसले ७ लाख २४ हजार किलोमिटरको गतिमा सूर्यको चक्कर लगाउनेछ। हालसम्मका यानमध्ये यो सर्वाधिक गतिको यान हो। सूर्यको यति धेरै नजिक पुग्ने पहिलो यान भएकाले तापक्रमबाट जोगिन यसमा विशेष प्रकारको व्यवस्था गरिएको छ।

# चामलको दानाभन्दा सानो कम्प्युटर



मिचिगन युनिभर्सिटीले संसारकै सबैभन्दा सानो कम्प्युटर बजारमा ल्याएको छ। यसको आकार चामलको दाना भन्दा पनि सानो छ। यसको आकार जताबाट हेर्दा पनि शून्य दशमलव ३३ मिलिमिटर छ। यसभन्दा पहिले आईबीएमले निर्माण गरेको एक मिलिमिटरको कम्प्युटर विश्वकै सबैभन्दा सानो कम्प्युटर थियो। अब यसबाट आईबीएमको उत्पादनमा दुईतिहाइले कमी आउने अनुमान गरिएको छ। मिचिगन युनिभर्सिटीको उक्त कम्प्युटरको मूल्य २७ हजार ६ सय रुपैयाँ छ।

# नयाँ ग्रहको खोजी

वैज्ञानिकहरूले सौर्य मण्डल बाहिर ४४ वटा नयाँ ग्रह अर्थात एक्सोप्लानेटको खोजी गरेका छन्। एकै पटक यतिका संख्यामा ग्रह फेला परेको यो विरलै घटना हो। यसबाट सौर्य मण्डलको संरचना एवं विकासका बारेमा जानकारी हासिल गर्न सकिनेछ। टोकियो युनिभर्सिटीका अनुसन्धानकर्ताहरूले नासाको केप्लर तथा युरोपियन स्पेस एजेन्सीको गाया स्पेस टेलिस्कोपको सहयोगले ती ग्रहको खोजीमा सफलता प्राप्त गरेका हुन्। तीमध्ये १६ ग्रह पृथ्वी तथा एक शुक्र ग्रहको आकारका छन्। एक अनुसन्धानकर्ता जोन लिभिङ्स्टनले ४ ग्रहले २४ घण्टा भन्दा कम समयमा आफ्नो तारालाई परिक्रमा गर्ने बताएका छन्। यसको अर्थ यी ४ ग्रहमा एक वर्ष पृथ्वीमा हुने एक दिन बराबर हुन्छ। आगामी दिनमा यी ग्रहमा जीवनको सम्भावना पनि खोजिनेछ। नयाँ प्रविधिको सहयोगले एक्सोप्लानेटको खोजी गर्न सहज भएको तथा आगामी दिनमा नयाँ ग्रहहरूको खोजी कार्यमा तीव्रता आउने वैज्ञानिकहरूले बताएका छन्।

# सेल्फ ड्राइभिङ गाडी


गुगलको प्रतिद्वन्द्वी तथा चीनको प्रसिद्ध सर्च इन्जिन कम्पनी बाइडुले सेल्फ ड्राइभिङ मिनी बस ल्याउने भएको छ। उक्त बसमा एकपटकमा १४ जनाले यात्रा गर्न सक्नेछन्। उक्त मिनीबस हल्का तौलको कर्भ्ड ग्लासबाट निर्माण गरिएको छ। यात्रुको सुविधाका लागि ढोका भने ठूला छन्। बाइडुको एपोलो प्रोग्रामअन्तर्गत उक्त मिनीबस निर्माण गरिएको हो। एपोलो प्रोग्राम बाइडुको ओपन सोर्स ड्राइभिङ प्लेटफर्म हो। बाइडु आफैंले भने कार निर्माणमा चासो नराख्ने बताएको छ। कम्पनीले यसलाई अपोलो अटोनोमस ड्राइभिङ प्लेटफर्ममा अपडेट गरिरहेको छ। बाइडुले यसलाई चाइनिज कम्पनी किङलङसँगको पार्टनरसिपमा निर्माण गरेको हो। हालै आयोजित कम्पनीको वार्षिक एआई डेभलपर कन्फ्रेन्स 'बाइडु क्रिएट-२०१८' मा उक्त बस सार्वजनिक गरिएको थियो।



# पेन ड्राइभमा फिंगर प्रिन्ट लक

कोरियाका ज्याक फ्लेले विश्वमै पहिलो फिंगर प्रिन्ट लक सुविधा भएको यूएसबी पेन ड्राइभ तयार पारेका छन्। यसमा डाटा कपि गर्नु भन्दा पहिले आफ्नो फिंगर वा औंलाको स्क्यान गर्नुपर्छ। त्यसपछि मात्र यसमा भएको डाटामा पहुँच कायम गर्न सकिन्छ।

यसलाई कम्प्युटरमा जोड्दा सबैभन्दा पहिले कन्ट्याक्ट म्यानेजमेन्ट सिस्टम ओपन हुन्छ। त्यसपछि एड्मिनिस्ट्रेटरका रूपमा युजरलाई सेट गर्न तथा फिंगरप्रिन्ट एड गर्न सकिन्छ। यसमा सहज तरिकाले आफ्नो प्राइभेसी सेट गर्न सकिन्छ। यसलाई पब्लिक वा प्राइभेट सेक्टरमा सेभ गर्न सकिन्छ। पब्लिक सेक्टरमा सेभ गरिएको डाटालाई जसले पनि हेर्न सक्छन् भने प्राइभेट सेक्टरमा भएको डाटालाई एड्मिनिस्ट्रेटरले फिंगरप्रिन्टको सहयोगले मात्र हेर्न सक्छन्। उक्त पेन ड्राइभ ८ जीबी, १६ जीबी, ३२ जीबी तथा ६४ जीबी स्टोरेजमा उपलब्ध हुने र आगामी सेप्टेम्बर महिनासम्ममा बजारमा आइसक्ने बताइएको छ।



केवल एक प्रश्न

# बक्स अफिस लागू हुँदा कस्तो लागिरहेको छ ?



खै अहिले त कस्तो-कस्तो लागिरा'छ ? भविष्यमा यसको कार्यान्वयन गतिलो तरिकाले भयो भने चाहिँ कस्तो-कस्तो नलाग्ला । समग्रमा अहिले बक्स अफिस लगाउनेहरू पनि कन्फ्युज, लागेको हेर्नेहरू पनि कन्फ्युज नै छन् ।

**दीपकराज गिरी, अभिनेता**

एकदमै राम्रो हो । चलचित्र वितरकका साथै निर्माताहरूको हितका लागि सबैभन्दा क्लियर बिजनेस यहीँबाट हुन्छ भने कुनै पनि चलचित्र फ्लप वा हिट भयो भन्दै हिँड्ने र भ्रम सिर्जना गर्ने कलाकार तथा निर्मातालाई बलियो झापड हुन्छ । यद्यपि बक्स अफिस इमान्दारितापूर्वक लागू हुनुपर्छ ।

**बाबु बोगटी, गायक तथा अभिनेता**

पक्कै पनि राम्रो हो, तर बक्स अफिसको अनुभव खासै गर्न भने पाएको छैन ।

**सुदर्शन थापा, निर्देशक**

मैले यसलाई राम्रो कामको सुरुवातका रूपमा लिएकी छु ।

**सरिता लामिछाने, अभिनेत्री**

नेपाली चलचित्र उद्योगका लागि बक्स अफिस निकै आवश्यक थियो । त्यो आवश्यकता परिपूर्ति भएकोमा खुशी लागेको छ ।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

एकदमै राम्रो कार्यको सुरुवात हो । यसको पूर्ण कार्यान्वयन चाँडै होस् ।

**दीपाश्री निरौला, अभिनेत्री**

नेपाली चलचित्र निर्माताहरूका लागि सबैभन्दा खुसीको कुरा । बक्स अफिसले आर्थिक पारदर्शिता कायम गर्छ भन्नेमा आशावादी र खुसी दुवै छु।

**श्वेता खड्का, अभिनेत्री**

नेपाली चलचित्र उद्योगका लागि राम्रो कामको सुरुवात हो । यो कार्यको हजार जिब्रो भएका शेष नागले त बयान गर्न सक्दैनन्, मैले के सक्नु र ? ढिलो भए पनि प्रशंसा गर्न लायक कामको सुरुवात भएको छ ।

**धिताल चिरिच्याट्ट, हाँस्यकलाकार**

एकदमै खुसी छु । अब चाहिँ चलचित्रको व्यापार पारदर्शी हुन्छ भन्नेमा विश्वस्त छु ।

**विकास आचार्य, निर्माता**

पहिले म्यानुअल टिकेटिङ सिस्टम थियो । साउन १ गतेदेखि ई-टिकेटिङ सेन्टर सर्भर सिस्टमको पूर्ण बक्स अफिस लागिसकेको छ जसमा निर्माताहरूले आफ्नो आईडी र पासवर्ड हालेर आफूले निर्माण गरेको चलचित्रले कति व्यापार गर्‍यो लाइभ हेर्न पाउँछन् । सिनेमाको प्रत्येक सोको बक्स अफिस टिकट बिक्री बन्द भएको आधा घण्टाभित्र अटोजेनेरेट इमेल निर्माताले प्राप्त गर्ने सबै फिचर बक्स अफिसभित्र छन्, ती फिचर सक्रिय भए कि भएनन् भन्ने मुख्य कुरा हो । लाइभ हेर्ने सिस्टम सक्रिय रूपमा लागू भएको छैन भन्ने केही निर्माताको गुनासो निर्माता संघमा आएको छ जसले गर्दा यो पूर्णरूपमा लागू भएको छ कि छैन यथाशीघ्र अनुगमन गर्नुपर्‍यो अनि पूर्णरूपमा बक्स अफिस लागू हुनुपर्‍यो ।

**आकाश अधिकारी, अध्यक्ष, चलचित्र निर्माता संघ**

सबैभन्दा पहिले त हाँस उठ्दो कुरा हो, बक्स अफिस लागू गर्न यति ढिला किन गरियो ? बक्स अफिस भनेको चलचित्र व्यापारको पारदर्शिताको कुरा हो । अब हामी बक्स अफिसको बक्स कस्तो बनाइयो भनेर हेर्न आतुर छौं । यदि बक्स साँच्चै पारदर्शी भयो भने राम्रो कुरा हो यदि पारदर्शी भएन भने यसलाई ठगी खाने टेक्निकल भाँडो भन्नु पर्ला ।

**निखिल उप्रेती, अभिनेता**

बक्स अफिस लागू हुनु एकदमै राम्रो कुरा हो तर, जुन उद्देश्यले बक्स अफिस लागू गरिएको हो त्यसलाई पूर्ण कार्यान्वयनमा ल्याउन जरुरी छ । साथै, बक्स अफिसको नीति-नियम उल्लंघन गर्नेलाई सरकारले कडा कारवाही गर्नुपर्छ अनि मात्र त्यसको उचित अनि पूर्ण कार्यान्वयन हुन्छ ।

**भुवन केसी, अभिनेता तथा निर्माता**

हालै लागू भएको बक्स अफिस गोरेटो खने जस्तो मात्र हो । सबै मिलेर यसको पालना गरे विस्तारै पक्की सडक बन्दै जाला अनि पूर्ण सिस्टममा आउला ।

**प्रदीप भट्टराई, निर्देशक**

एकदमै राम्रो लागेको छ । चलचित्रमा लगानी गर्नेहरूको हिसाब-किताबमा पनि पारदर्शिता आउँछ अनि व्यवसाय पनि फस्टाउँदै जान्छ ।

**खुमन अधिकारी, गायक**

निर्माता, हलवाला तथा वितरकबीचको कारोबार पूर्णरूपमा पारदर्शी हुने भएकाले एकअर्काबीच शंका उत्पन्न हुने वातावरण तथा मनमुटाब कम हुन्छ अनि यसले मेलमिलाप समेत सिर्जना गर्छ । त्यसकारण बक्स अफिस उपयुक्त छ ।

**दिपेश कार्की, मोडल**

प्रस्तुति : महेश तिमल्सिना






## म्युजिक अपडेट

### म्युजिक एवार्डको मनोनयन

सातौं म्युजिक खबर म्युजिक एवार्डको उत्कृष्ट पाँचको मनोनयन विराटनगरमा सार्वजनिक भएको छ। असोज १३ गते विराटनगरमै आयोजना हुने एक विशेष समारोहमा विभिन्न ३३ विधामा एवार्ड वितरण गरिनेछ। आयोजक म्युजिकखबर डटकमले जनाएअनुसार समारोहमा लाइफटाइम एचिभमेन्ट, दर्शकको एवार्ड, बालप्रतिभा प्रोत्साहन सम्मान तथा संगीत पत्रकारिता सम्मानसमेत प्रदान गरिनेछ।

### पीडामा गायक कार्की

गायक आनन्द कार्की यतिबेला गहिरो पीडामा छन्। उनकी श्रीमती ईश्वरी कार्कीको दुबै मृगौलाले काम गर्न छाडेपछि उनी पीडामा परेका हुन्। श्रीमतीको मृगौलामा समस्या देखिएपछि उपचारका क्रममा तिनले काम गर्न छाडेको पत्ता लागेको थियो। मृगौला फेल भएको जानकारी प्राप्त भएलगत्तै अस्पतालमा भर्ना गरेर डायलासिस भैरहेको गायक कार्कीले बताएका छन्। गायक कार्कीले आफ्नी श्रीमतीको उपचारमा सहयोग गरिदिन आग्रहसमेत गरेका छन्।

### अर्को साता कन्सर्ट

गायक धिरज राई तथा गायिका टीका प्रसाईले भदौ ८ गते अर्थात अर्को शुक्रबार काठमाडौंमा लाइभ प्रस्तुति दिने भएका छन्। टेकुस्थित काठमाडौं बिजनेस पार्कमा आयोजना हुने फ्राइडे नाइट विद कलाकारमा धीरज र टीकासँगै गुञ्जन श्रेष्ठ, उत्तम श्रेष्ठ, सरुना खत्री आदिसमेत प्रस्तुत हुने बताइएको छ।



### सुगम संगीत यात्रा

पोखरामा हरेक महिना विभिन्न ठाउँमा पुग्दै सुगम संगीत सुनाउने कार्यक्रम सुगम संगीत यात्राको साउनको कार्यक्रम सम्पन्न भएको छ। यो कार्यक्रमको ३७ औं श्रृंखला शनिबार स्टार्स स्टुडियोको कार्यालय न्युरोड, पोखरामा सम्पन्न गरियो जसमा रामभक्त जोजिजु, श्यामलाल श्रेष्ठ, पद्मराज ढकाल आदि कलाकार प्रस्तुत भएका थिए।

## विमोचन

### हिम्मत भाकी छोरी

बाल्यकालमै दुवै हात गुमाएकी गायिका रूपा रैतारको एकल स्वरको एल्बम 'हिम्मत भाकी छोरी' को विमोचन काठमाडौंमा सम्पन्न भएको छ, जसमा सुरेश सेन्चुरीको संगीत तथा सरला गह, तेजप्रसाद पाण्डे, रोजिना थापा, डा.कृष्णहरि बराल, दिनेश खड्का तथा सुरेश सेन्चुरीका शब्द समावेश छन्।




### सबिताको तीज गीत

सञ्चारकर्मी सविता पोखरेलद्वारा रचित गीत 'बिरानो भो माइतीको आँगनी' को म्युजिक भिडियोको प्रिमियर काठमाडौंमा सम्पन्न भएको छ। काव्य आचार्यको स्वरको उक्त गीतमा आचार्यकै संगीत छ भने भिडियो राजीव बलामीले निर्देशन गरेका हुन्।

### विपिनलाई पनि तीज

सुगम संगीतका स्थापित गीतकार विपिन किरणले पहिलो पटक रचना गरेको तीज गीत 'अहिलेको तीजैमा' को म्युजिक भिडियो सार्वजनिक भएको छ। उक्त गीतमा कल्पना भण्डारीले स्वर प्रदान गरेकी छिन्।

## युट्युब प्रिमियर

गीत- चमेली, गायन-नरेश गौतम, निर्देशन-विशाल भण्डारी, अभिनय-केकी र दिलीप
गीत : बुलाकी, गायन : लक्ष्मी मल्ल, ललिता पौडेल, वसन्त थापा, निर्देशन : काजिश श्रेष्ठ
गीत : बिती जाने, गायन : हिमाल श्रेष्ठ, निर्देशन : प्रशन्न पौडेल
गीत : मेरो हर खुशी,
गायन : विप्लव चापागाईं,
निर्देशक : प्रकाश धिताल
गीत : पान बुट्टे फरिया,
गायन : सागर बिसी र बाला दुरा, निर्देशक : प्रनिल तामाङ
गीत : रवि जस्तै, गायन : नविन विरही र देवी रुम्बा,
निर्देशक : नवीन विरही
गीत : ओ डार्लिङ,
गायन : मेलिना राई र धर्मेन्द्र श्रेष्ठ, निर्देशन : धर्मेन्द्र
गीत : वर्ष दिनको तीजमा,
गायन : अर्पणा श्रेष्ठ,
निर्देशक : सिर्जन बराल
गीत : चुन सुपारी, गायन : पारु ढकाल र मनिष रेस,
निर्देशन : निर्मल लामा



## संगीत

# तीज गीतमा फरक स्वर



सारिका घिमिरे चलचित्र अभिनेत्री हुन्। अघिल्लो वर्षदेखि उनी गायनमा समेत आकर्षित छिन्। गत वर्ष आधुनिक तथा पप गीतहरूको एकल एल्बममार्फत सांगीतिक क्षेत्रमा पदार्पण गर्ने घिमिरेले यो वर्ष पहिलो पटक तीज गीत गाएकी छिन्। उनले गाएको 'यतै रमाइलो...' शीर्षकको तीज गीतको म्युजिक भिडियो सार्वजनिक भैसकेको छ, जसमा गायिका घिमिरे आफैंले कम्मर मर्काएकी छिन्। सञ्चारकर्मी गीता अधिकारीको शब्द तथा दीपक शर्माको संगीतको उक्त भिडियोमा नेपाली चलचित्रका पुराना अभिनेत्री चैत्य देवी, भुवन चन्द, बसुन्धरा भुसाल तथा रूपा रानासमेत नृत्य गरिरहेका देखिन्छन्। नेपालको पहिलो चलचित्र 'आमा' का अभिनेत्रीहरूलाई तीज गीतमा नचाउने श्रेय पाएकी गायिका घिमिरे अभिनयका साथै गायनमा समेत सक्रिय भैरहेको बेला परीक्षणका लागि तीज गीत गाएको बताउँछिन्। सारिका भन्छिन्– पहिलो गीतको दर्शक प्रतिक्रियापछि आगामी वर्ष के गर्ने भन्ने योजना बनाउने छु। सारिकाका अनुसार आधुनिक तथा पप गीतभैंm तीज गीतलाई समेत दर्शक तथा श्रोताले माया गर्न थालेकाले उनी पनि यो विधाप्रति आकर्षित भएकी हुन्।

गायिका जुना प्रसाईं सुगम संगीतमा आधारित आधुनिक गीत गाएर स्थापित भएकी गायिका हुन्। प्राश्ना शाक्य पप गायिकाका रूपमा स्थापित छिन्। दर्जनौं जिंगलमा समेत स्वर प्रदान गरिरहेकी प्राश्ना कुशल रेडियो जक्की पनि हुन्। यी दुई गायिका आ-आफ्नो विधाका गीतमा सुरिलो सुनिन्छन्। वर्षको ११ महिना आफ्नै विधाका गीत गाए पनि यी दुई गायिकाले तीजको अवसरमा भने सहकार्य गर्न थालेका छन्। केही वर्षअघि प्रारम्भ भएको उनीहरूको सहकार्यले यो वर्ष पनि निरन्तरता पाएको छ। जुना र प्राश्नाले यो वर्ष पनि तीज गीत गाएका छन्। सधैं आधुनिक तथा पप गीतमा सुनिने यी दुई स्वर तीज गीतमा केही पृथक् लाग्छन्। यसै साता सार्वजनिक भएको जुना र प्राश्नाको तीज गीतको म्युजिक भिडियोमा उनीहरू आफैंले रातो सारीमा कम्मर मर्काएका छन्। शिव हमालको शब्द तथा संगीतको उक्त गीतमा अभिनेता ध्रुव न्यौपानेले उनीहरूलाई साथ दिएका छन्। 'लोक गीत-दोहोरी गीत गाउन नआए पनि तीज भनेपछि हामी आफैं उत्साहित हुन्छौं, गायिका प्रसाईं भन्छिन्, 'पछिल्ला तीन वर्षदेखि उनीहरू लगातार तीजका गीत सार्वजनिक गरिरहेका छन् र दर्शक तथा स्रोताबाट सकारात्मक प्रतिक्रिया समेत पाइरहेका छन्।

योजना पुरी पप गायनबाट सञ्चारकर्मीमा रुपान्तर भैसकेकी छिन्, यद्यपि उनले संगीतकर्मलाई चटक्कै छाडिसकेकी छैनन्। ओएस नेपालमा भिजेका रूपमा सक्रिय योजनाले यसपटक तीज गीत गाएकी छिन्। 'सपक्कै सारी सप्को पारेर...' शीर्षकको तीज गीतमार्फत गायिका पुरी केही साताअघि नै दर्शकमाझ आएकी हुन्। गायिका पुरीले आफ्नो तीज गीतमा आफैंले त कम्मर मर्काएकै छिन्, उनलाई अभिनेता दिक्पाल कार्की तथा अभिनेत्री जान्वी बोहोराले समेत साथ दिएका छन्। गायिका पुरीले आफ्नो नयाँ तीज गीतका लागि कलम सरगमको शब्द तथा एकनारायण भण्डारीको लय छनौट गरेकी छिन्। त्यसो त गायिका पुरीले यसअघि पनि केही तीज गीत गाइसकेकी छिन्। यद्यपि यो वर्ष आफू खारिएर तीज गीतमा प्रस्तुत भएको पुरीको दाबी छ।

एन्जिला रेग्मी पप गायिका हुन्। बेला-बेलामा आधुनिक तथा चलचित्रको पार्श्व गायनमा समेत सक्रिय यी गायिकाले यसपटक तीज गीतमा पनि स्वर प्रदान गरेकी छिन्। 'मैले त मन्त्र पढें तिम्रै नामको' शीर्षकको उक्त गीतमा पारु सुवेदीको शब्द तथा भीम बीसीको संगीत सुन्न सकिन्छ। उक्त गीतको भिडियोलाई आकर्षक बनाउन गायिका रेग्मीले नायिका सारिका घिमिरेको साथ लिएकी छिन् भने त्यसमा निकोलस अर्यालले समेत नृत्य गरेका छन्।

गायिका देविका बन्दनाले केही वर्षअघि नै एउटा तीज गीत गाएकी थिइन्। म त फुरुक्कै परें बरी लै शीर्षकको उक्त गीतबाट गायिका बन्दनाले उत्कृष्ट तीज गायिकाको एवार्ड समेत जितेकी थिइन्। देविकाले उक्त गीतपछि दोस्रो तीज गीत गाएकी छैनन्। पप गायिका अर्पणा श्रेष्ठले पनि यसपटक 'वर्ष दिनको तीजमा' शीर्षकको गीत गाएकी छिन्। नारायण सुवेदी आभाषको शब्द-संगीत तथा विनय केटुको संगीत संयोजनको उक्त गीतको भिडियोलाई सिर्जन बरालले निर्देशन गरेका हुन्। गायक थानेश्वर गौतमले नेपालमै पहिलो पटक तीज गजल गाएका छन्। तीज गजल शीर्षकको उक्त गीतमा गायक गौतम तथा जुनु रिजा काफ्लेको स्वर छ। गायक गौतमले नै गीतलाई संगीतबद्ध गरेका हुन्।

## फिल्मी डायरी

### प्रचारमा ३८ लाख

मेरी मामुको छायांकन सकिएसँगै यतिबेला निर्माण टिम चलचित्रको प्रमोशनमा लागेको छ । देशका विभिन्न सहरका स्कुलहरूमा पुगेर काठमाडौं फर्किएको टिम अब थप आक्रामक प्रचारमा सक्रिय भएको छ । प्रदर्शन मिति भदौ १५ नजिकिँदै जाँदा निर्माता सन्तोष सेनले अब पुनः देशव्यापी प्रमोशनमा हिँड्ने बताएका छन् । ९६ लाखमा तयार चलचित्र मेरी मामुको प्रचारमा मात्र ३८ लाख खर्च गरिने सेनले बताए ।

### द ब्रेकअपको इन्डक्ल्याप

जेरी, गाजलु आदि चलचित्र निर्देशन गरिसकेका हेमराज बीसी निर्देशित चलचित्र द ब्रेकअपको इन्डक्ल्याप भएको छ । अस्ट्रेलिया तथा नेपालमा खिचिएको चलचित्र द ब्रेकअपमा ग्याङस्टर ब्लुजका अभिनेता आशिरमान देशराज जोशी मुख्य भूमिकामा छन् भने उनको अपोजिटमा शिल्पा मास्के तथा इच्छा कार्कीले अभिनय गरेका छन् । पुस २७ गते प्रदर्शनमा आउने यो चलचित्र पूर्ण प्रेमकथामा आधारित रहेको बताइन्छ ।

### गोपीबाट बाहिरिइन् वर्षा

अभिनेत्री वर्षा शिवाकोटीले चलचित्र गोपीमा काम नगर्ने घोषणा गरेकी छिन् । अनुबन्ध भएको केही दिन नबित्दै उनी चलचित्रबाट बाहिरिएकी हुन् । अभिनेत्री शिवाकोटी बाहिरिएलगत्तै उनको ठाउँमा वर्षा राउत भित्रिएकी छिन् । अभिनेत्री शिवाकोटीले साइन गर्ने बेला एउटा चरित्र र पछि अर्को चरित्र भएका कारण यो चलचित्र छोडेको बताएकी छिन् । यता गोपीका कार्यकारी निर्माता श्रीधर पौडेलले सुटिङका लागि पर्याप्त समय दिन नसक्ने भएपछि वर्षाले आपसी समझदारीमा यो चलचित्र छाडेको बताए । उक्त चलचित्रमा खगेन्द्र लामिछाने मुख्य भूमिकामा काम गर्ने पक्का भैसकेको छ ।

### पर सऱ्यो सुश्री सम्पति

भदौ २२ गते प्रदर्शनमा आउने निश्चित गरिएको चलचित्र सुश्री सम्पत्तिको रिलिज डेट परिवर्तन गरिएको छ । उक्त मितिमा रामकहानी र रोजी भिड्दैछन् । चलचित्र सुश्री सम्पत्ति अब मंसिर २८ गते प्रदर्शनमा आउने निर्देशक सुव्रत आचार्यले बताए । विनोद न्यौपाने, सारा श्रीपाली, सलोन बस्नेत आदिद्वारा अभिनित यो चलचित्र निर्देशक आचार्य आफैंले लेखेका हुन् । प्रमोद अग्रहरि, राजाराम पौडेल, विशारद बस्नेत, सुनिता श्रेष्ठ ठकुरी आदि कलाकारले समेत अभिनय गरेको चलचित्र सुश्री सम्पत्तिमा प्रियंका कार्की अतिथि भूमिकामा प्रस्तुत हुँदैछिन् ।



दाल भात तरकारी : मह सञ्चारले निर्माण गर्ने चलचित्र दाल भात तरकारीको घोषणा समारोहको एक दृष्य । आगामी वर्षको वैशाख १३ गते प्रदर्शन हुने यो चलचित्रलाई सुदन केसीले निर्देशन गर्दैछन् भने मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, निरुता सिंह, प्रियंका कार्की, पुष्पल खड्का, स्वस्तिमा खड्का, वर्षा राउत, बसुन्धारा भुषाल, राजाराम पौडेल, शिशिर बाङ्देल आदि कलाकारले अभिनय गर्दैछन् ।

### सोसल मिडिया एवार्ड

चलचित्र, वृत्तचित्र, विज्ञापन, चलचित्र तथा विभिन्न सामाजिक सञ्जालमा प्रस्तुत हुने भिडियोहरूलाई मध्यनजर राख्दै सोसियल फिल्म एवार्ड- २०७५ हुने भएको छ । ड्रिम वर्ल्ड अफ फिल्म मेकर्स प्रालि यस्तो एवार्ड आयोजना गर्न लागेको हो । मूलधारका सिनेमा, गीत-संगीत र म्युजिक भिडियोको एवार्ड भैरहेको बेला फरक धारको एवार्डका लागि सोसियल मिडिया एवार्ड आयोजना गर्न लागिएको आयोजक ड्रिम वर्ल्ड अफ फिल्म मेकर्सले जनाएको छ ।

### राधाको तयारी

महिलाप्रधान चलचित्र राधाको दोस्रो सिरिज निर्माण हुने पक्का भएको छ । योगेश घिमिरेद्वारा निर्देशित चलचित्र राधाको दोस्रो पार्टका लागि यतिबेला प्रि-प्रोडक्सनको काम भैरहेको छ । राधा-२ शीर्षक तय गरिएको उक्त चलचित्रमा पुराना कलाकार अटेका छैनन् । यसको पहिलो भागमा सञ्चिता तथा जीवन लुइँटेलले अभिनय गरेका थिए । सञ्चितालाई अहिले अभिनेत्री प्रियंका कार्कीले रिप्लेस गरेकी छिन् । चलचित्रको नाम सापटी लिए पनि कथा भने फरक हुने निर्देशक घिमिरेले बताए । चलचित्र राधा भदौ २५ गते फ्लोरमा जानेछ ।

### निर्मात्रीको अर्को चलचित्र

केही वर्षअघि प्रदर्शनमा आएको चलचित्र 'अझै पनि' की निर्मात्री पूनम गौतमले नयाँ चलचित्र निर्माण गर्ने भएकी छिन्, यद्यपि उक्त चलचित्रको शीर्षक भने तय गरिएको छैन । यो चलचित्रका मुख्य पात्र भने तय भैसकेका छन् । यसै साता छायांकनमा जाने उक्त चलचित्रको निर्देशन नवल नेपालले गर्ने छन् भने पुष्प खड्का तथा रेविका गुरुङ प्रमुख भूमिकाका लागि अनुबन्ध भएका छन् ।

### रोजीको म्युजिकल्ली

भदौ २२ गते प्रदर्शनमा आउने चलचित्र रोजीको गीतको म्युजिकल्ली प्रतिस्पर्धा सञ्चालनमा आएको छ । हालै युट्युबमा जारी चलचित्रको गीत फूल हैनमाथि इच्छुकहरूले म्युजिकल्ली भिडियो बनाउन सक्ने निर्देशक निरक पौडेलले बताए । प्रतिस्पर्धीले रोजी नेपाली फिचर फिल्म नामक अफिसियल फेसबुक पृष्ठको म्यासेज बक्समा भिडियो पठाउन सक्नेछन् । विजयी प्रतिस्पर्धीमध्ये ५० जनालाई आकर्षक गिफ्ट ह्याम्पर तथा उत्कृष्ट १० जनालाई कलाकारसँग डिनर डेटले पुरस्कृत गरिनेछ । यसैगरी दोस्रो तथा तेस्रो हुनेलाई कुनै एक फिल्म इन्स्टिच्युटमा विजेताले रुचाएको विधामा छात्रवृत्ति प्रदान गरिनेछ भने सर्वोत्कृष्टलाई नगद १ लाखले पुरस्कृत गरिने बताइएको छ ।

### भैरे-२ को घोषणा

साउन ४ गते प्रदर्शनमा आएको चलचित्र भैरेको सिक्वेल निर्माण हुने भएको छ । काठमाडौंमा एक कार्यक्रमबीच निर्माण टिमले भैरे-२ निर्माण गर्ने घोषणा गरेको हो । भैरे-२ लाई एभरेस्ट सूर्य बोहोराले निर्देशन गर्नेछन् । यो चलचित्रमा केही नयाँ तथा केही पुराना कलाकारले अभिनय गर्ने निर्देशक बोहराले बताए । भैरेमा भएका कमी-कमजोरी दोस्रो पार्टमा नदोहोऱ्याउने बोहराको दाबी छ । चलचित्रका मुख्य पात्रको घोषणा भने गरिएको छैन ।

## सानो पर्दा

### अर्को सातादेखि भ्वाइस अफ नेपाल




अन्तर्राष्ट्रिय रूपमा लोकप्रिय रियालिटी शोका नेपाली संस्करणले पनि लोकप्रियता पाइरहेको अवस्थामा कान्तिपुर टेलिभिजन तथा डिस होमको रमाइलो टिभीमा एकसाथ नयाँ रियालिटी शो 'भ्वाइस अफ नेपाल' प्रसारण हुने भएको छ । कार्यक्रमको निर्माण संस्थाले जनाएअनुसार उक्त कार्यक्रम भदौ महिनाको पहिलो सातादेखि नै प्रारम्भ हुनेछ । 'भदौ ९ गते शनिबारदेखि प्रसारण हुने सम्भावना प्रबल छ, कार्यक्रमका एक निर्माताका अनुसार कार्यक्रम प्रसारणको सम्पूर्ण तयारी सम्पन्न भैसके पनि प्रसारण मिति तय हुन समय लागेको हो । नेदरल्यान्डबाट प्रारम्भ भएको गायनमा आधारित रियालिटी शो 'द भ्वाइस' को नेपाली संस्करणका रूपमा भ्वाइस अफ नेपाल तयार पारिएको हो । कार्यक्रमको पहिलो संस्करण ३० भागको हुने निर्माण संस्थाले जनाएको छ । नेपाल आइडलको पहिलो सिजनका निर्देशक लक्ष्मण पौडेल, प्रस्तोता सुशील नेपाल तथा उत्पादन टिममा सहभागी फिरोज तिमल्सिना अहिले 'द भ्वाइस अफ नेपाल' मा आबद्ध छन् । यो कार्यक्रममा गायकहरू दीपक श्रेष्ठ, प्रमोद खरेल, सनुप पौडेल तथा गायिका अभाया सुब्बा निर्णायक छन् । द भ्वाइस कार्यक्रम निदरल्यान्डसहित विश्वका१ सय २९ देशमा निर्माण भएर प्रसारण भैसकेको छ ।

### नेपाल आइडल-२

गायनमा आधारित रियालिटी शो नेपाल आइडल सिजन-२ को प्रसारण प्रारम्भ भएको छ । अघिल्लो विहीबारदेखि एपी वान च्यानलबाट प्रारम्भ भएको उक्त कार्यक्रम हप्ताको दुई पटक विहीबार तथा शुक्रबार राति ८:३० बजे प्रसारण हुन्छ । कार्यक्रमको पहिलो तथा दोस्रो श्रृंखलामा भैरहवा तथा धनगढी अडिसनका रमाइला दृश्यहरू प्रसारण गरिएको थियो । पहिलो संस्करणभैं दोस्रो संस्करणको नेपाल आइडलमा पनि संगीतकार न्हूयू बज्राचार्य, गायक तथा संगीतकार कालीप्रसाद बाँसकोटा तथा गायिका इन्दिरा जोशी निर्णायक छन् । यसपटक कार्यक्रमको उद्घोषण गर्ने जिम्मा आशिफ शाहले पाएका छन् । उनलाई अघिल्लो चरणकै उद्घोषिका रीमा विश्वकर्माले साथ दिएकी छिन् । मन जित्छ उसले, सुमधुर गाउँछ जसले भन्ने नाराका साथ अडिसन राउन्डका कार्यक्रम प्रसारण गर्दै प्रारम्भ भएको नेपाल आइडल-२ का विजेताले नगद २० लाख रुपैयाँसहित विभिन्न उपहार प्राप्त गर्ने बताइएको छ ।

## विमोचन/प्रिमियर




### छिरिङको गीत

गायक तथा अभिनेताद्वय निमा रुम्बा र यशकुमार अभिनीत चलचित्र छिरिङको नयाँ गीत सार्वजनिक भएको छ । तिमीले त मायामा शीर्षकको उक्त गीतमा यशकुमारकै संगीत, शब्द तथा स्वर सुन्न सकिन्छ जसमा बिन्दु परियारको स्वरको साथ छ ।

### रामकहानीको पोस्टर

सुदर्शन थापा निर्देशित चलचित्र रामकहानीको फस्ट लुक्स सार्वजनिक भएको छ । भदौ २२ गते प्रदर्शनमा आउने चलचित्र रामकहानीको पोस्टरमा आकाश श्रेष्ठ, पूजा शर्मा तथा अन्य केही प्रमुख पात्र देखिएका छन् ।


### इन्टु मिन्टु लन्डनमाको गीत


रेनाशा बान्तवा राई निर्देशित चलचित्र इन्टु मिन्टु लन्डनमाको शीर्ष गीत सार्वजनिक भएको छ, जसमा प्रमुख पात्र साम्राज्ञी राज्यलक्ष्मी शाह तथा धीरज मगरले अभिनय गरेका छन् ।

बलिउड

# विवाहले रोक्दैन चलचित्र यात्रा !

बलिउडकी सुन्दर अभिनेत्री आलिया भट्टको नयाँ चलचित्र ब्रह्मास्त्र प्रदर्शनको तयारीमा छ । रणवीर कपूरसँगको अफेयर तथा फरक अभिनय गर्ने अभिनेत्रीका रूपमा उनी अहिले चर्चामा छिन् । यसबीच आलियाले सम्भवतः पहिलोपटक आफ्नो विवाहका सम्बन्धमा अभिव्यक्ति दिएकी छिन् । एक अन्तर्वार्तामा आलियासँग सोधिएको थियो, विवाहपछि तपाईंको चलचित्र यात्रा कस्तो होला ? कतै बलिउडबाट बिदा हुने सम्भावना त छैन ? तर आलियाले विवाहपछि आफ्नो बलिउड यात्रा नरोकिने कुरा बताएकी छिन् । उनले भनेकी छिन्- 'व्यक्तिगत तथा प्रोफेसनल जीवनलाई आ-आफ्नो हिसाबले अघि बढाउनेछु, यो विषयमा मलाई कुनै चिन्ता छैन ।'





## सर्वाधिक आम्दानी गर्ने बलिउड चलचित्र

बलिउड विश्वको दोस्रो ठूलो चलचित्र उद्योगका रूपमा स्थापित भैसकेको छ । केही वर्ष अघिसम्म बलिउडका कुनै पनि चलचित्रले १ सय करोड रूपैयां कमाए भने मिडियामा ठूलै समाचार बन्थे । अहिले १ सय करोड रूपैयां कमाउनुलाई सामान्य रूपमा लिइन्छ । भारतमा पहिलोपटक अमिर खानको चलचित्र पिकेले भारतभित्र ३ सय करोड कमाइ गरेको थियो । त्यसयता अहिलेसम्म आधादर्जन चलचित्र ३ सय करोड क्लबको सूचीमा परेका छन् । अचम्मको कुरा, सलमान खान र आमिर खानका चलचित्र ३ सय करोड क्लबमा भए पनि शाहरुख खान भने यो सूचीमा अझैसम्म पर्न सकेका छैनन् ।

**सञ्जु** : २०७५ मा सर्वाधिक आम्दानी गर्ने चलचित्र सन्जुले अहिलेसम्म करिब १ हजार करोड रुपैयाँ आम्दानी गरिसकेको छ ।

**टाइगर जिन्दा है** : २०१८ मा प्रदर्शनमा आएको चलचित्र टाइगर जिन्दा है ले करिब ९ सय करोड रुपैयाँको कारोबार गरेको थियो ।

**पद्मावत** : निकै विवादमा परेको चलचित्र पद्मावतले अहिलेसम्म विश्वभरबाट ६ सय करोड रुपैयाँ भन्दा बढीको व्यापार गरेको छ ।

**दंगल** : यो चलचित्रले झन्डै ६ सय करोड रुपैयाँको व्यापार गरेको थियो ।

**पीके** : आमिर खानको पीकेले ५ सय करोड रुपैयाँ बराबरको कारोबार गरेको थियो ।

**बजरंगी भाइजान** : सलमान खानको चलचित्र बजरंगी भाइजान पनि करिब ५ सय करोड रुपैयाँ कमाउने चलचित्र हो ।

**सुल्तान** : सुल्तानले भारतमा ५ सय करोड रुपैयाँ आम्दानी गरेको छ भने विश्वभरबाट ९ सय करोड रुपैयाँभन्दा बढीको आम्दानी गरेको बताइन्छ ।



## संकटमा प्रियंका

'पाडो लाटो भयो भने दूध खान्छ, कौवा बाठो भयो भने के खान्छ' भन्ने उखान अहिले बलिउडकी बोल्ड अनि ब्युटी अभिनेत्री प्रियंका चोपडासँग ठ्याक्कै मेल खान्छ । सलमान खानको चलचित्र भारतमा काम गर्ने पक्का भएको केहि हप्तामै खबर आयो, प्रियंकाले उक्त चलचित्र छोडिन् । त्यसपछि चोपडाले हलिउड चलचित्र काउब्वाई निन्जा वाइकिङमा हस्ताक्षर गरिन् । भारत छोडेर हलिउडको ठूलो ब्यानरमा काम गर्ने बताएकी प्रियंकाको हातबाट अहिले उक्त चलचित्र पनि फुत्किएको चर्चा छ । आगामी सेप्टेम्बरमा प्रेमी निकसँग विवाह गर्न लागेकी प्रियंका केही हप्ताअघि मात्र उनले केही वर्षदेखि काम गर्दै आएको अमेरिकी टिभी च्यानलबाट प्रसारण हुने एउटा कार्यक्रमबाट समेत बाहिरिएकी छिन् । आखिर के भैरहेछ प्रियंकाको जीवनमा ?



# पूजा शर्मासँग इन्काउन्टर

**रामकहानीको प्रदर्शन मिति नजिकिँदै जाँदा फेरि विवादमा फस्नुभयो नि ?**

त्यो कुरामा खासै मैले बोलिराख्नुपर्ने केही छ जस्तो लाग्दैन । मैले चलचित्र विकास बोर्डकी अध्यक्ष निकिता पौडेलसँग आफूजस्तै एक नारिले निर्माण गरेको चलचित्रसँग किन आफ्नो चलचित्र जुधाउन आउनुभएको भनेर गुनासो मात्र गरेकी हुँ । जबकि हामीले रामकहानी ४ महिनाअघि प्रदर्शन मिति लिएका थियौं । चलचित्र क्षेत्रकी अभिभावक जस्ती मान्छेले स्वयं चलचित्र जुधाउन आउनु कहाँसम्म सही हुन्छ ?

**तपाईंले गत वर्ष म यस्तो गित गाउँछुलाई ४–५ महिनाअघि नै प्रदर्शन मिति तय भैसकेको सायद–२ सँग लगेर भिडाएको बिर्सनुभयो ?**

त्यतिबेलाको कुरा र अहिलेको विषयवस्तु फरक छ । अहिले निकिता पौडेल हामी सबैको अभिभावक जस्तो पदमा हुनुहुन्छ, कम्तीमा उहाँले त सबैको भलो सोच्नुपर्‍यो नि । अर्को कुरा उहाँ पनि नारी म पनि नारी, एउटी नारीले अर्को नारीको कुरा पनि बुझ्नुपर्ला नि ?

**साउनमा पनि ३ देखि ४ वटा चलचित्र जुधेको तपाईंले थाहा पाएकै हुनुपर्छ । ती सबै चलचित्रका निर्माता पुरुष थिए, उनीहरूले पनि झगडा गर्नुपर्ने हैन र ?**

मैले भनिसकें । म निकिता दिदीसँग उहाँ अभिभावक भएकाले मात्र रिसाएकी हुँ ।

**तपाईंलाई धेरैले अपरिपक्व अभिनेत्री भन्छन्, कहिल्यै त्यस्तो महसुस गर्नुभएको छ ?**

यस्तो कुरा नगरौं । कसले के भन्छ भन्ने कुरामा म खासै चासो राख्दिनँ । म जे गर्छु त्यसमा गल्ती भयो भनेर रिग्रेट गर्दिनँ । अर्को कुरा गल्ती भयो पनि भन्दिनँ । मैले जे गरेकी छु त्यो गलत पनि छैन ।

**चलचित्र कायरा हेरिरहेका बेला तपाई बीच–बीचमा खिल्ली उडाउँदै हाँस्नुभयो रे, विचमै चलचित्र छोडेर हिँड्नुभयो भन्ने खबर पनि आएको थियो, खास कुरा के हो ?**

मैले न कायराको खिल्ली उडाएकी छु, न बीचमा छोडेर हिँडेकी छु । म पूरा चलचित्र हेरेर फर्किएकी छु । बरु मार्केटिङको मान्छेसँगको मिटिङमा जानुपर्ने भएकाले सुदर्शन थापा चलचित्र छोडेर गएको हो । मैले त्यो समाचार छाप्ने सञ्चारकर्मीलाई फोन गरेर पनि भनें । त्यो खबर नै गलत हो ।

**पलसँग प्रेम छ भन्दै यसअघिको अन्तर्वार्तामा गज्जबले ढाँट्नुभयो, अहिले आकाश खड्कासँग नजिकिएको हल्ला छ । तपाई किन जोसँग अभिनय गर्नुहुन्छ उसैलाई मेरो ब्वाइफ्रेन्ड भन्दै हिँड्नुहुन्छ ?**

त्यो त चलचित्र चलाउने फण्डा हो नि !

**तपाई सुदर्शन थापासँगको गहिरो प्रेममा भएको चर्चा त सदावहार नै छ नि ?**

मेरो डिप लभ कसैसँग छैन । सुदर्शनसँग मेरो व्यवसायिक सम्बन्ध मात्र हो ।

**तपाईंले आफ्नो चलचित्रको ट्रेलर लन्च कार्यक्रममा सुदर्शनबाहेक अरू कसैको चलचित्रमा काम गर्दिनँ भन्नुभयो, हरेकजसो मिडियामा केही वर्षदेखि निरन्तर प्रेमिप्रेमीका भनेर समाचार आईरहेका छन्, अनि के हो त रहस्य ?**

मैले सुदर्शन बाहेक अरू कसैको क्याम्पमा काम गर्दिन भनेकी छैन, सुदर्शनसँग जहिलेसम्म व्यवसायिक रूपमा सफल हुन्छ त्यो बेलासम्म निरन्तर काम गर्छु भनेकी हुँ ।

**केही समयअघि प्रदीप खड्का र पल शाहले दिएको एक अन्तर्वार्ताका सम्बन्धमा तपाईंले को फुच्चे हो, ठुला कुरा गर्ने भन्दै कमेन्ट गर्नुभएको थियो । चलचित्रमा काम गर्दा नजिक हुने, काम सकेपछि लात हान्ने यो बानी कहिलेसम्म चल्ला ?**

त्यतिबेला पललाई भन्या हैन है, प्रदीपलाई भन्या हो । पललाई भन्या भए आगामी चलचित्रमा हामीले किन पललाई लिन्थ्यौं त ?

**तपाईंले फुच्चे भनिरहेका तिनै प्रदीप अहिले नेपालका सबैभन्दा महँगा अभिनेता हुन् भन्ने त थाहा पाउनुभएको होला नि !**

प्रदीप प्रेम गीतबाट चम्किएको हो, प्रेम गीत–२ बाट होइन । उसको करिअर जब मसँग अभिनय गर्‍यो तब चम्कियो, यो मेरा लागि खुसीको कुरा हो । पूजा शर्मा अहिले प्राउड फिल गर्छे कि आफूसँग अभिनय गरेको एउटा हिरो स्टार भएर निस्कियो । फ्लप भएर अस्ट्रेलिया त पुग्या छैन नि !

प्रस्तुति : रामजी ज्ञवाली

# साउनका चलचित्र पनि चलेनन्






साउन महिनामा भैरे, चक्कर, पण्डित बाजेको लौरी, चीँ मुसी चीँ, रोमियो एन्ड मुना, सुकुलगुन्डा, कायरा, झमकबहादुर, कहीं कतै, टिन ए तथा पिरिम पऱ्या छन् गरी ११ वटा चलचित्र प्रदर्शनमा आए । यद्यपि, यी ११ वटा चलचित्रमध्ये आर्यन सिग्देलको कायराले मात्र औसत व्यवसाय गरेको छ भने बाँकी सबै चलचित्रले लगानी उठाउन समेत धौ-धौ परेको छ ।

साउन १८ गते प्रदर्शनमा आएको निर्देशक लक्ष्मण रिजालको 'कायरा' आर्यन सिग्देल तथा साम्राज्ञी राज्यलक्ष्मी शाहको जोडीका कारण सफल हुने अपेक्षा गरिएको थियो । अनुमान गरेअनुरुप नै उक्त चलचित्रले दुई साताको अवधिमा करिब सवा २ करोड रुपैयाँ ग्रस कलेक्सन गरेको बताइन्छ । चलचित्रका निर्मातासमेत रहेका निर्देशक रिजाल भन्छन्- 'पछिल्ला दुई दिनको रिपोर्ट आउन बाँकी छ, सबैतिरको रिपोर्ट प्राप्त हुँदा यो चलचित्र वर्षको राम्रै व्यवसाय गर्ने चलचित्रको सूचीमा पर्न सक्छ ।' डेढ करोडको लगानीमा निर्माण भएको कायराले लगानी सुरक्षित गर्न नै झन्डै साढे ४ करोडको व्यवसाय गर्नुपर्नेछ ।

असारमा खासै व्यापार नगरे पनि साउनमा आएर चलचित्र बोबीले राम्रै व्यापार गऱ्यो । मिलन चाम्सको निर्देशनमा तयार भएको बोबीको इनिसियल ओपनिङ भने सुस्त थियो । चलचित्रको प्रदर्शनले दोस्रो साता प्रवेश गरेलगत्तै दर्शक बढ्दै गए । फलस्वरूप यसलाई दर्शकले मन पराएको भन्न सकिन्छ ।

साउनको पहिलो हप्ता (साउन ४ गते) सार्वजनिक तीन चलचित्र भैरे, पण्डित बाजेको लौरी तथा चक्कर व्यवसायिक रूपमा असफल भए । दयाहाङ राई अभिनीत भैरेले अन्य दुई चलचित्रलाई व्यापारिक हिसाबले उछिन्ने अनुमान गरिएको थियो । भैरेले स्वदेशमा उत्साहजनक सफलता हासिल नगरे पनि विदेशबाट भने राम्रै आशा गरेको छ । यसै साता यो चलचित्रले काठमाडौंमा सक्सेस पार्टी दिएको छ भने चलचित्रका निर्माता-निर्देशकहरूले युरोप, अमेरिका तथा अस्ट्रेलिया आदिबाट लगानी सुरक्षित गर्ने योजना बनाएका छन् । उता, सेक्स कमेडी पण्डित बाजेको लौरी पनि नराम्रोसँग पछ्रारियो । चलचित्र चक्कर कुन चक्करमा फस्यो, कसैले पत्ता लगाउन सकेनन् ।

साउन ११ गते पनि तीनवटा चलचित्र जुधे । प्रशस्त प्रचार गरिएको चीँ मुसी चीँ तथा रोमियो एण्ड मुनासँगै प्रचार-प्रसार नै नगरिएको जीवन लुइँटेल अभिनीत सुकुलगुन्डा एकै दिन प्रदर्शनमा आए । नरमाइलो पक्ष के रह्यो भने यी तीनवटै चलचित्र असफल भए । चीँ मुसी चीँका नयाँ अनुहार (सुनिल क्षेत्री तथा सोनिया शर्मा) लाई दर्शकले पत्याएनन्, न त रोमियो एण्ड मुनामा पूर्व मिस नेपाल सृष्टि श्रेष्ठ तथा विनय श्रेष्ठको जोडीलाई रुचाइयो । झन्डै २ करोड लगानी गरिएको रोमियो एन्ड मुनाले लगानी सुरक्षित गर्न ६ करोड रुपैयाँ बराबरको व्यवसाय गर्नुपर्ने हुन्छ, यद्यपि उक्त चलचित्रले एक करोड रुपैयाँसमेत ग्रस कलेक्सन गर्न नसकेको निर्माण पक्षले स्वीकार गरिसकेको छ । यति हुँदाहुँदै पनि चलचित्रका निर्देशक नरेशकुमार केसीले आफ्नो चलचित्रले सन्तोषजनक व्यवसाय गरेको दाबी गरेका छन् । 'चीँ मुसी चीँ' का निर्देशक दिनेश श्रेष्ठका अनुसार उनले अहिलेसम्म चलचित्रको व्यवसायिक रिपोर्ट प्राप्त गरेका छैनन्, यद्यपि उनी आफ्नो चलचित्र असफल भएको कुरा स्वीकार गर्न गाह्रो मान्दैनन् । चीँ मुसी चीँ ६० लाखमा तयार पारिएको थियो ।

साउन १८ गते प्रदर्शित कायरा तथा झमकबहादुरमध्ये कायरा औषत रह्यो भने झमकबहादुरको व्यवसाय निराशाजनक रह्यो । भारतीय चलचित्र मुम्बई एक्सप्रेसको नक्कल गरिएको आरोप खेपेको उक्त चलचित्रलाई अनुप विक्रम शाहीको जोडदार अभिनयले समेत जोगाउन सकेन ।

साउन २५ गते कहिं कतै, टिनएज तथा पिरिम पऱ्या छन् प्रदर्शन त भए, तर ती तीनवटै चलचित्रले दर्शकको माया पाएनन् । केही वर्षअघि नै निर्माण सम्पन्न भएको कहीँ कतैका नयाँ अनुहारप्रति दर्शकले विश्वास नै गरेनन् । हास्य विधाको पिरिम पऱ्या छन्ले दर्शकहरूलाई हँसाउन सकेन । टिनएजमा प्रदर्शित प्रेम पनि सामान्य नै रह्यो ।

अनुमानअनुसार साउन महिनामा प्रदर्शित चलचित्रमा झण्डै ७ करोड ७० लाख रुपैयाँ लगानी भएको छ, यी सबै चलचित्रको लगानी सुरक्षित हुन झन्डै २१ करोड रुपैयाँको व्यवसाय हुनुपर्छ । यद्यपि यो महिना प्रदर्शित सबै चलचित्रले कुल मिलाएर ५ करोड रुपैयाँको समेत व्यवसाय गर्न नसकेको बताइन्छ ।

विकेन्ड परिकार

# सहरमा सेकुवा



स्वादका नेपाली पारखीहरु सेकुवा भनेपछि भुतुक्कै हुन्छन् । छाला, बोसो र हाड समेत नभएको फलमासुलाई विभिन्न मसलामा मोलेर भिरमा उनि कोइलाको रापमा विस्तारै फर्काई-फर्काई सेकेर पकाइएको परिकार नै सेकुवा हो । यो परिकार प्रायः गरेर चिउरा वा भुजासँग मुला र खुर्सानीको अचारसहित खाजाका रूपमा खाइन्छ । नेपालको हकमा भने यो परिकार पेय पदार्थको सितनका रूपमा बढी प्रयोग भएको पाइन्छ । सेकुवा बनाउन खसी, कुखुरा, बंगुर तथा राँगा आदिको मासु प्रयोग गरिन्छ । आजभोलि स्वादका पारखीहरु च्याउ र पनिरको समेत सेकुवा बनाउन थालेका छन् । सेकुवा बनाउनुअघि मासुलाई २ घण्टासम्म म्यारिनेट (मसला र काँचो तोरी तेल वा ओलिभको तेलले मोलेको) गरेर फ्रिजमा राखिन्छ । त्यसपछि मासुलाई भिरमा उनेर कोइलाको रापमा पोलिन्छ ।

**सेकुवा बनाउन आवश्यक सामग्री**

- हड्डी छुट्याइएको मासु
- तोरीको तेल
- एक-एक चम्चा लसुन तथा अदुवाको पेस्ट
- एक चम्चा गरम मसला
- एक-एक चम्चा धनियाँ र जिराको धुलो
- सुकेको रातो खुर्सानीको धुलो २ चम्चा
- नुन (स्वाद अनुसार)
- मासु उन्नका लागि भिर
- मासु पोल्ने कोइला

**सेकुवा बनाउने तरिका**

- मासुमा भएको बोसो तथा छाला हटाउने
- मासुको टुक्रालाई एक-एक इन्चको टुक्रा बनाउने
- त्यसपछि सबै सामग्री मिसाएर मासुलाई तोरीको तेलमा मोल्ने
- त्यसलाई करिब २ घन्टा जति फ्रिजमा राख्ने
- त्यसपछि भिरमा ५ देखि ६ वटा टुक्रा पर्नेगरी उन्ने
- आगोको भुंग्रोमा राख्ने
- पोल्ने क्रममा भिरलाई बेलाबेलामा फर्काउने, बढी सुक्खा हुन नदिन तेल प्रयोग गर्ने
- पाकेपछि स्न्याक्सका रूपमा खाने

**सेकुवाका लागि चर्चित केही स्थान**

- याङतारु सेकुवा, सरस्वतीनगर, कपन
- पुष्कर सेकुवा, पुतलीसडक
- तास महल सेकुवा कर्नर, नागपोखरी
- मनकामना सेकुवा कर्नर, पुरानोबानेश्वर
- सेकुवा घर, जनता सडक
- धराने सेकुवा, नखिपोट
- एयरपोर्ट सेकुवा कर्नर, कोटेश्वर
- सेकुवा सेन्टर, धर्मस्थली मार्ग
- किशोर कुमार, सिनामंगल
- धराने कालो बंगुर सेकुवा सेन्टर, धर्मस्थली मार्ग
- भीमसेन सेकुवा कर्नर एन्ड नेवारी खाजा घर, ज्वागल
- लामा सेकुवा कर्नर, सिनामंगल
- दक्षिणकाली फास्टफुड एन्ड सेकुवा कर्नर, सेतीओपी मार्ग
- कसौडी सेकुवा तास घर, कोटेश्वर
- पुरानो दाउन्ने, बत्तीसपुतली

विकेन्ड इभेन्ट

# मेगा इभेन्ट




एउटै थलोमा लोक, आधुनिक, पप, हिन्दी, अंग्रेजी सबै खालका गीत सुन्न इच्छुक हुनुहुन्छ ? त्यसो हो भने नेप्लिज टिम टुगे दरले तपाईंको रहर मेट्नसक्छ । चाबहिलस्थित सोलुज् लाउन्ज एन्ड बारमा सञ्चालन हुने मेगा इभेन्ट-२ मा फरक विधाका कलाकारहरूको आवाजमा विभिन्न प्रकारका गीत सुनेर रमाउन सकिन्छ ।

**प्रवेश** : १ हजार रुपैयाँ (स्न्याक्स, लन्च तथा ड्रिंक्ससहित)
**स्थान** : सोलुज लाउन्ज एन्ड बार, चाबहिल
**समय** : बिहान १० बजे
**कलाकार** : राजशुक्र लिम्बू, जितेन लेप्चा, सन्जिता सिंह, सदीप समर्पण राई, भेष गुरुङ, निलम राई, मेरी राई आदि ।

विकेन्ड रिसोर्ट

# रोज भिल्ला फार्म एन्ड रिसोर्ट, नगरकोट



नगरकोटको बजार क्षेत्रबाट ४ किलोमिटर टाढा पर्ने शंकरापुर नगरपालिकाको रोज भिल्ला फार्म एन्ड रिसोर्ट शान्त छ । बजारबाट लगभग ४० मिनेट पैदल हिंडेपछि पुगिने उक्त स्थान निकै रमणीय छ । आफ्नै सवारी साधन छ भने सिधै रिसोर्टसम्म पुग्न सकिन्छ । बाटोमा चराचुरुङ्गीहरूको चिरबिर आवाज तथा चारैतर्फको हरियाली दृश्यले आनन्द महसुस गराउँछ । क्याम्प फायरको सुविधा उपलब्ध हुने यो रिसोर्टमा दुई जनाको ब्रेकफास्ट, रुम र डिनरका लागि ४ हजार रुपैयाँ खर्चिनुपर्ने हुन्छ भने बिहानको खानासमेत खाने हो भने ५ हजार २ सय रुपैयाँ तिर्नुपर्छ । यहाँ ५ वटा टेन्टको सुविधासमेत उपलब्ध हुन्छ ।

विकेन्ड लाइभ

## ललित सिंहले पोखरा घन्काउने



भोलि भदौ २ गते शनिबार भारतका चर्चित पप गायक ललित सिंहले पोखरा घन्काउँदैछन् । पोखरा लेकसाइडस्थित ओजन रेस्टुरेन्ट एन्ड बारमा हुने कार्यक्रममा प्रस्तुति दिन सिंह पोखरा आउन लागेका हुन् । सोसल मिडियामा करोडौं फ्यान फ्लोअरका कारण चर्चित सिंहले झन्डै ३ घण्टा नेपाली, हिन्दी तथा अंग्रेजी गीतहरु सुनाउने बताइएको छ ।

**स्थान** : ओजन रेस्टुरेन्ट एन्ड लाउन्ज बार, लेकसाइड पोखरा **समय** : साँझ ७ बजेदेखि
**प्रवेश** : निःशुल्क

विकेन्ड अडिसन

## सोमबार नेपाल मेकअप कम्पिटसन-२०१८



मुलुकभरका महिलाहरूको मेकअपसम्बन्धी सीपमा जागरण ल्याउन जुन ब्युटी एकेडेमीले नेपाल मेकअप कम्पिटसन-२०१८ को आयोजना गर्दैछ जसको अडिसन भदौ ४ गते हुँदैछ । अडिसनमा छानिएका प्रतिस्पर्धीहरूले अन्तिम चरणको कार्यक्रममा भाग लिन पाउनेछन् । यो प्रतिस्पर्धाको फाइनल भदौ २३ गते दरबार मार्गस्थित क्लब डेजाभुमा हुने बताइएको छ ।

विकेन्ड महोत्सव

# पोखरामा फाइनप्रिन्ट फिभर




भोलि भदौ २ गते शनिबार पोखरामा एकदिने घुम्ती साहित्यिक महोत्सव हुंदैछ । 'फाइनप्रिन्ट फिभर' शीर्षकको उक्त महोत्सव सिटी स्क्वायर न्युरोड, पोखरामा हुनेछ । महोत्सवमा मदनकृष्ण श्रेष्ठ, नयनराज पाण्डे, महेशविक्रम शाह, हरिबहादुर थापा, युग पाठक, शिवानीसिंह थारू, अमर न्यौपानेसहित पोखराका लेखक तथा पत्रकारहरु सहभागी हुनेछन् ।

**स्थान** : सिटी स्क्वायर, न्युरोड, पोखरा
**प्रवेश** : निःशुल्क **समय** : ११ देखि साढे ४ बजेसम्म

चलचित्र

## मिस्टर भर्जिन



निर्देशक : विशारद बस्नेत
कलाकार : गौरव पहारी, कमलमणि नेपाल, मरिश्का पोखरेल, रवीन्द्र झा आदि ।

आज शुक्रबारदेखि देशव्यापी रूपमा प्रदर्शनमा आउने चलचित्र मिस्टर भर्जिन यौन मनोविज्ञानमा आधारित छ । यो चलचित्र निर्माण टिमले देशका विभिन्न सहरमा प्रमोशन टुरसमेत सम्पन्न गरिसकेको छ । निर्देशक बस्नेतका अनुसार यो चलचित्रमा युवापुस्ताको अवस्थालाई गहिरो रूपमा चित्रण गरिएको छ । वर्ल्डवाइड फिल्म्स डिस्ट्रिब्युसनको ब्यानरमा निर्माण भएको चलचित्र मिस्टर भर्जिनको कथा महेश दवाडीले लेखेका हुन् । रामेश्वर कार्कीको छायांकन, विक्रम स्वाँर तथा दीपकयाम सिंहको कोरियोग्राफीको यो चलचित्रलाई मिलन डी. काफ्लेले सम्पादन गरेका हुन् ।

## ब्ल्याक




निर्देशक : प्रदीप श्रेष्ठ
कलाकार : आकाश श्रेष्ठ, आँचल शर्मा, सुन्दर श्रेष्ठ, आयुष रिजाल, धिरेन शाक्य, प्रिया रिजाल आदि ।

लभ स्टोरी चलचित्र ब्ल्याकका धेरै कुरा सस्पेन्समै राखिएको छ । देशका ८० भन्दा बढी हलमा एकसाथ प्रदर्शन हुने ब्ल्याकको लगानी पनि राम्रै छ । निर्देशक प्रदीप श्रेष्ठका अनुसार देशका धेरै स्थानमा छायांकन र निर्माण समय लम्बिएका कारण यो चलचित्रको लगानी बढेको हो । निर्देशक श्रेष्ठका अनुसार ब्ल्याकको छायांकन काठमाडौं, पोखरा, जामेसोम, मुस्ताङ, माथिल्लो मुस्ताङ, स्याङ्जा, सिन्धुली आदि स्थानमा भएको हो । यो चलचित्रमा आकाश श्रेष्ठ र आँचल शर्माको रोमान्स तथा एक्सन हेर्न सकिन्छ ।

रंगमञ्च

## कुञ्जमा बासुदेव



बानेश्वर थापागाउँस्थित कुञ्ज थिएटरमा नाटक वासुदेव मञ्चन हुने भएको छ । यो नाटकका लेखक सन्दीप श्रेष्ठ हुन् जसलाई सन्दीप श्रेष्ठ तथा नवीन भट्टले निर्देशन गर्दैछन् । फोरक्युब इन्टरटेनमेन्टले निर्माण गरेको नाटक वासुदेवमा सन्दीप श्रेष्ठ, आयुष प्याकुरेल, सुरभी सापकोटा, आभा नेपाल आदि कलाकारले अभिनय गर्नेछन् । यो नाटक भदौ १५ देखि ३१ गतेसम्म मञ्चन हुने बताइएको छ ।

ग्यालरी

## भारतीय चित्रकला प्रदर्शनी




बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा भारतीय लेखक, निर्देशक, कवि तथा चित्रकार मलेच मेजस्कीको एकल चित्रकला प्रदर्शनी हुने भएको छ । आज शुक्रबार प्रारम्भ हुने उक्त प्रदर्शनीमा मेजस्कीका २० वटा चित्र हेर्न पाइनेछ । अमेरिका, पोल्यान्ड तथा युरोपमा चित्रकला प्रदर्शनी गरिसकेका मेजस्कीको नेपालमा यो पहिलो चित्रकला प्रदर्शनी हो । दिल्लीस्थित पोलिस इन्स्टिच्युटद्वारा आयोजित यो प्रदर्शनी भदौ १४ गतेसम्म चल्नेछ ।


## जय शम्भु



निर्देशक : रुपेश तामाङ
कलाकार : अनुपविक्रम शाही, प्रशान्त तम्राकार, वर्षा शिवाकोटी आदि ।

आज शुक्रबार प्रदर्शनमा आउने एक्सनप्रधान चलचित्र जय शम्भु ८० वटा हलमा एकसाथ प्रदर्शन हुनेछ । काठमाडौं तथा ललितपुरमा खिचिएको जय शम्भु एक्सन, लभस्टोरीमा आधारित भएको अभिनेता अनुपविक्रम शाहीले बताएका छन् । अभिनेत्री वर्षा शिवाकोटीका लागि दुई अभिनेता प्रशान्त र अनुप विक्रमको प्रेम तथा द्वन्द्वमा आधारित यो चलचित्रको कथा शिक्षा काफ्लेले लेखेकी हुन् भने हरि घले लामा यसका छायाँकार हुन् । चलचित्रको 'म त परें तिम्रै भर' को गीतमा अञ्जु पन्त र टंक बुढाथोकीको स्वर रहेको छ भने गीतमा बुढाथोकीले संगीत भरेका छन् ।

## १२ मासे




निर्देशक : लय संग्रौला
कलाकार : जयकिशन बस्नेत, पुजना प्रधान, मरिचमान श्रेष्ठ, प्रदीप पाठक, सोनिका बास्तोला, सबनम दाहाल, राधा श्रेष्ठ आदि ।

आज शुक्रबारदेखि प्रदर्शनमा आउने चलचित्र १२ मासे हास्यप्रधान चलचित्र हो । जुवा-तासमा बरालिने युवा तथा वृद्धहरूको कथामा आधारित यो चलचित्रका निर्देशक लय संग्रौला हुन् । वासु न्यौपानेको छायांकन तथा अनन्त घिमिरेको सम्पादनको यो चलचित्र काठमाडौं तथा काठमाडौं आसपास खिचिएको छ ।




सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक






श्रद्धा क्षेत्री
Log on to :
facebook
www.facebook.com\kantipursaptahik
तस्बिर : महेश प्रधान
लोकेशन : हेडलाइन स्पोर्ट्स बार, शेर्पा मल, दरबारमार्ग
पहिरन : उमन्स प्लानेट, घण्टाघर, काठमाडौं
मेकअप : डि भान युनिसेक्स सलून, दरबारमार्ग



# नीता फेरि प्रेममा !

अभिनेत्री नीता ढुंगाना अहिले सिंगल छिन् । आमेश भण्डारीसँग ब्रेकअप भएपछि उनले प्रेमको चक्करबाट टाढै रहने कुरा बताउँदै आएकी थिइन् । नीताले मनले खाएको पुरुष फेला पार्न गाह्रै छ भन्दै आएकी छिन् । यद्यपि नीताको फेसबुक स्टाटस तथा तस्बिर हेर्ने हो भने उनी फेरि प्रेममा छिन् भन्न हिचकिचाउनु पर्दैन । हालसालै उनले एउटा प्रेमिल स्टाटस पोस्ट गरेकी छिन्, जसले यो शंकालाई बलियो बनाउने काम गरेको छ । 'हामीले भेट्ने कथा मैले लेखेकी छु, भेटेर पूरा तिमी गर्नु । सँगै हिँड्ने गोरेटो मैले खनेको छु, हिँडेर पूरा तिमी गर्नु ।' नीताले लेखेका यी हरफ अझ बढी रोमान्टिक छन्– 'सँगै जीवन जिउने सपना मैले देखेकी छु, जिएर पूरा तिमी गर्नु । एक साँझ रंगीन बनाउन नशा मैले लिएकी छु, पिएर पूरा तिमी गर्नु ।' नीताले स्टाटससहित राखेको तस्बिरमा लभको इमोजी पनि छ । आमेषसँग टाढा भएपछि एकल जीवन बिताइरहेकी नीताको साथमा नशा पिएर रंगीन साँझ बिताउने मान्छे फेला परेकै हो कि खोजी अझै जारी छ ? त्यो त नीतालाई नै थाहा होला ।



# स्वाद चाख्न लालायित

भिजेमा जमिरहेकी अभिनेत्री सन्ध्या केसी हिजोआज अभिनयमा समेत सक्रिय छिन् । भुवन केसीको चलचित्र ड्रिम्समा सानो भूमिकाबाट ठूलो पर्दामा हाम फालेकी सन्ध्या बोल्ड अनि ब्युटिफुल छिन् । सन्ध्या अभिनय पनि ठीकठाकै गर्छिन् । ड्रिम्सबाट खासै नोटिसमा आउन नसके पनि उनले धमाधम चलचित्र पाइरहेकी छिन्, तर सबै कुरा मिल्दामिल्दै पनि भाग्यले साथ नदिएपछि के हुन्छ ? सन्ध्यालाई नै थाहा छ । उनले अभिनय गरेको चलचित्र पण्डित बाजेको लौरी पनि खासै चल्न सकेन । अघिल्लो वर्ष प्रदर्शनमा आएको चलचित्र ह्याप्पी न्यू इयर पनि फ्लप भएको थियो । सन्ध्याले अभिनय गरेको अर्को चलचित्र कमलेको बिहे प्रदर्शनको तयारीमा छ । अर्को चलचित्र कथा काठमाडौं पनि चाँडै प्रदर्शनमा आउँदैछ । यो चलचित्रमा उनको के-कस्तो भूमिका छ भन्ने कुरा अहिलेसम्म खुलाइएको छैन । यद्यपि हिजोआज सन्ध्यालाई लाग्दो हो, सफल चलचित्रको स्वाद कस्तो हुँदो हो ?



फटाफट

# म भर्जिन होइन

पछिल्लो पुस्ताका गम्भीर अभिनेता हुन्– गौरव पहारी । चलचित्र होस्टलदेखि हालसम्म आइपुग्दा उनले अभिनय गरेका प्रायः सबै चलचित्र सफलसमेत छन् । पहारी आफ्नो पछिल्लो चलचित्र मिस्टर भर्जिनबाट निकै आशावादी छन् ।

**यौनका विषयमा तपाईंको धारणा ?**

यो सामान्य कुरा हो, लुकाउनुपर्ने विषय होइन । हाम्रो देश यो विषयमा उदार हुन नसक्दा बलात्कारजन्य घटनाहरू बढिरहेका छन् । यदि सेक्सका विषयमा उदार बन्ने हो भने ती घटनासमेत कम हुन्छन् ।

**मिस्टर भर्जिनमा अभिनय गर्नुको कारण ?**

नेपालको पहिलो सेक्स कमेडी भएकाले त्यसै पनि यो चलचित्र एउटा इतिहास हो । अर्को कुरा, यो चलचित्रको मुख्य सन्देश सेक्सप्रतिको समाजको दृष्टिकोण फराकिलो हुनुपर्छ भन्ने हो । त्यसैले पनि म यो चलचित्रमा अभिनय गर्न राजी भएको हुँ । यो चलचित्र एउटा कोशेढुंगा नै सावित हुनेछ, म यसबाट पूर्ण रूपमा आशावादी छु ।

**तपाईंका विगतका चलचित्रभन्दा के अर्थमा फरक छ यो चलचित्र ?**

धेरै फरक छ । मैले विभिन्न चलचित्रमा फरक-फरक भूमिका निर्वाह गरेको छु । यो चलचित्र त त्यसै पनि फरक छ । विगतका चलचित्रमा भन्दा अझ बढी मेहनत गरेको छु ।

**चलचित्रसँग तपाईंको जीवन मेल खान्छ ?**

मज्जाले, यो हरेक युवायुवतीको कथा हो । फरक यति हो कि मानिसहरू सेक्सका विषयमा खुलेर कुरा गर्दैनन । यो चलचित्रले त्यही अवस्था देखाउँछ ।

**तपाई चाहिँ भर्जिन कि... ?**

नो, म भर्जिन होइन । म ढाँट्दिन । मैले सानैमा आफ्नो भर्जिन तोडिसकेको छु । म यो विषयमा पूर्ण जानकार छु । मलाई राम्रो अनुभव छ ।

प्रस्तुति : नरेन्द्र बस्नेत



# सन्जोक अब कान्तिपुरमा

सेलिब्रेटी बन्न चलचित्रमा अभिनय नै गर्नुपर्छ भन्ने छैन, रेडियोमा बोलेर पनि सेलिब्रेटी बन्न सकिन्छ भन्ने कुरा प्रमाणित गर्ने रेडियो जक्की (आरजे) हुन्– सन्जोक बस्याल । झन्डै सात वर्ष पोखराको लोकप्रिय बिग एफएममा कार्यक्रम प्रस्तोता तथा कार्यक्रम संयोजकका रूपमा काम गरेका सञ्जोकले रेडियोमा बोलेरै लाखौं प्रसंशक कमाएका छन् । बिग एफएममा छँदा उनले सञ्चालन गर्ने कार्यक्रम ककटेल, नाइट किङ, फिल्म डट कम आदिको प्रतीक्षा गर्ने श्रोताहरूको संख्या ठूलै थियो । झट्ट हेर्दा कुनै अभिनेताभन्दा कम नदेखिने आरजे बस्याल यतिबेला रेडियो कान्तिपुरको तरंगमार्फत श्रोतामाझ पुग्न थालेका छन् । अघिल्लो बिहीबारदेखि रेडियो कान्तिपुरबाट प्रसारण प्रारम्भ भएको हाजिरी जवाफ शैलीको नयाँ कार्यक्रम 'को भन्दा को कम' मार्फत श्रोतामाझ प्रस्तुत भएका बस्यालले कार्यक्रमको पहिलो श्रृंखलामै झन्डै एक हजार एसएमएस प्राप्त गर्नुका साथै २२ जना कलरसँग कुराकानी गरेको अनुभव सुनाए । दोस्रो श्रृंखलादेखि भाग्यमानी श्रोतालाई रेडियो कान्तिपुरको स्टुडियो मै बोलाएर कुराकानी गर्न थालेका बस्याल निकट भविष्यमा नयाँ कार्यक्रममा समेत सुनिने छन् ।



# डेटकै किचलो

हप्ताको तीनवटा चलचित्र जुधेर निर्मातालाई मर्का पर्न थालेपछि ठूला ब्यानरले सोच-विचार गरेर मात्र चलचित्रको प्रदर्शन मिति निर्धारण गर्न थालेका छन् । यति गर्दा पनि चलचित्रको प्रदर्शन मिति जुधेपछि चलचित्र निर्माताहरू सामाजिक सञ्जालमार्फत गुनासोदेखि गालीगलौजसम्ममा उत्रन थालेका छन् । दसैंको फूलपाती अथवा घटस्थापनामध्ये एउटा मितिमा प्रदर्शन हुने दुई चलचित्र 'छक्का पञ्जा-३' तथा 'जय भोले' का निर्माताबीच बोलचाल नै बन्द हुने अवस्था सिर्जना भएको बताइन्छ । दीपकराज गिरी तथा अशोक शर्माबीच चलचित्र नजुधाइ फरक-फरक मितिमा प्रदर्शन गर्न यो विषयमा दर्जनौं पटक वार्ता भैसकेको छ, तर निष्कर्ष ननिस्किएकाले दुवै चलचित्र एउटै मितिमा प्रदर्शन हुने निश्चितजस्तै छ । तीजभन्दा ठीक छ दिनअघिको डेट अर्थात भदौ २२ को आफ्नै लफडा छ । पूजा शर्मा तथा सुदर्शन थापाले 'रामकहानी' लाई उक्त मितिमा प्रदर्शन गर्ने घोषणा गरेका थिए । गोपीकृष्ण मुभिजको चलचित्र 'रोजी' सोही मितिमा आउने भएपछि पूजाले विकास बोर्डकी अध्यक्ष तथा गोपीकृष्ण मुभिजकी अध्यक्ष निकिता पौडेललाई फेसबुकमार्फत खुला पत्र नै लेखिन् । त्यसभन्दा पनि रमाइलो कुरा के छ भने भदौ २२ को मितिलाई सर्वप्रथम निर्देशक सुव्रत आचार्यले लक गरेका थिए । यद्यपि दुई ठूला ब्यानरबीच किचलो बढेपछि आचार्यले आफ्नो चलचित्र सुश्री सम्पत्तिलाई मंसिर २८ गते पुर्‍याएका छन् ।

# मरिष्कालाई मरिहत्ते

कुनै अविवाहित युवक अथवा युवतीलाई सार्वजनिक समारोहमै तपाईं कुमार/कुमारी (भर्जिन) हुनुहुन्छ कि हुनुहुन्न ? भनेर जिज्ञासा राख्दा कस्तो जवाफ आउला ? अझ ती युवक/युवती कुनै सेलिब्रेटी भए भने झन् कति आपत् पर्ला ? यतिबेला अभिनेत्री मरिष्का पोखरेलले यस्तै आपत् झेलिरहेकी छिन् । प्रदर्शनको तयारीमा रहेको चलचित्र 'मिस्टर भर्जिन' को युनिट काठमाडौं बाहिर पुग्दा उनलाई सञ्चारकर्मीहरूले यही जिज्ञासा राखेर हैरान बनाइरहेका छन् । मरिष्काले आफ्नो जवाफमा कतै पनि आफू भर्जिन हुँ भनेर दाबी गरेकी छैनन् भने होइन समेत भनेकी छैनन् । कूटनीतिक जवाफ दिएर उम्किरहेकी मरिष्का भन्छिन्– यो मेरो नितान्त व्यक्तिगत जीवनसँग सम्बन्धित प्रश्न हो । म यसको जवाफ दिन चाहन्नँ । मरिष्काको भनाइ छ– यो कुरा जान्ने अधिकार मेरो हुनेवाला श्रीमान्लाई मात्र छ । यो प्रश्नको जवाफ पनि म उनैलाई मात्र दिन्छु । भएन त, टन्टा खलास । अरूलाई के-को खसखस हैं ?



● कमल जिसी, इभेन्ट म्यानेजर

मेरो रोजाइ

# यी हुन् नेपाली स्टेजका किङ र क्विन

झन्डै २ सयवटा सार्वजनिक कार्यक्रम सफलतापूर्वक आयोजना गरिसकेका इभेन्ट म्यानेजर हुन्– कमल जिसी । लोक दोहारी गीत-संगीतका सर्जक जिसीले महोत्सवदेखि कन्सर्टसम्मका कार्यक्रम आयोजित गरिरहेका छन् । अभिनेता अनमोल केसीलाई पहिलो पटक स्टेजमा उतार्ने श्रेय पाएका जिसीले आफ्नो रोजाइका पाँच जना स्टेज किङ तथा क्विनको छनौट यसरी गरेका छन् ।

**भुवन केसी, अभिनेता**

अभिनेता भुवन केसी स्टेजमा उक्लिएपछि हजारौंको क्राउडलाई समेत होल्ड गरेर उनीहरूलाई मनोरञ्जन प्रदान गर्न सफल हुन्छन् । दर्शकसँग भिज्दै गीत गाउनेदेखि नृत्य गर्न सक्ने उनको क्षमता अद्वितीय छ ।

**रामजी खाँड, गायक**

लोकदोहोरी गायक रामजी खाँड स्टेजमा उक्लिएपछि उनलाई हेर्न र सुन्न भेला भएका दर्शकहरू एक सेकेन्डका लागि पनि दायाँ-बायाँ गर्दैनन् ।

**मञ्जु पौडेल, गायिका**

गायन तथा उद्घोषणमार्फत हरेक स्टेज कार्यक्रमलाई सफल बनाउन यी सुन्दर गायिकाको ठूलो भूमिका रहन्छ ।

**हेमन्त शर्मा, गायक**

उहाँलाई स्टेजको रियल हिरो भन्दा फरक पर्दैन । स्टेजमा उक्लिएपछि बालकदेखि वृद्धसम्मलाई कसरी झुमाउनुपर्छ, शर्मालाई राम्रोसँग थाहा छ ।

**केदार घिमिरे माग्नेबूढा, अभिनेता**

माग्नेबूढा स्टेजमा उक्लिनु भनेकै दर्शकहरू हाँस्न तयार हुनु हो । उनी कार्यक्रममा आउँदैछन् भन्ने जानकारी पाउने बित्तिकै दर्शकहरू यसरी झुम्मिन्छन् कि आयोजकहरूलाई भीड नियन्त्रण गर्नै गाह्रो हुन्छ ।



पछिल्लो समय युवा पुस्तामाझ चर्चित समिर घिसिङ अर्थात् भिटेनले हङकङमा पहिलोपटक आफ्नो प्रस्तुति दिए । युङ्लोङ गाइज एसोसिएसनको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा भिटेनले आफ्ना चर्चित ग्याफहरू चुरोट, बैनी, लफंगा, खलासी आदि प्रस्तुत गरेका थिए ।

अनोज रोक्का, हङकङ

# पोखरामा मनाइयो ट्होटे पर्व



पोखराका गुरुङहरूको मौलिक पर्व ट्होटे गत मंगलबार सम्पन्न भएको छ । उक्त अवसरमा पोखरा महानगरपालिका वडा नम्बर-१ टुँडिखेलमा जम्मा भै झाँकी जुलुससहित नगर परिक्रमा गरिएको थियो । तमु धीं नेपालको प्राङ्गणमा आयोजित मूलसमारोहमा विभिन्न सांस्कृतिक समूहले आ-आफ्नो मौलिक प्रस्तुति दिएका थिए ।

परापूर्व कालमा शत्रुहरूलाई धपाउने उद्देश्यले मनाइने यो पर्व अहिले आफ्नो संस्कृतिको संरक्षण, पहिचान एवं हक-अधिकारको आवाज बुलन्द बनाउने उद्देश्यले मनाइन्छ । पोखरामा बसोबास गर्ने गुरुङहरूको साझा संस्था तमु धीं नेपालमा आबद्ध गुरुङहरूले वर्षको दुई पटक उभौली र उधौलीको पूर्वसन्ध्यामा ट्होटे पर्व मनाउँदै आएका छन् । चैत्रमा उभौली र साउनमा उधौलीका रूपमा ट्होटे पर्व मनाइन्छ ।

राजाराम पौडेल

# मिस्टर एन्ड मिस फ्रेसर नेपाल



एक्सप्लोर इन्टरटेन्मेन्टको आयोजनामा सम्पन्न मिस्टर एन्ड मिस फ्रेसर नेपाल-२०१८ सिजन वानमा रमेश डाँगी तथा लक्ष्मी राउत विजेता भएका छन् । उक्त प्रतियोगितामा मिस्टरतर्फ प्रदीप राई फस्ट रनर्सअप तथा अशेष डंगोल सेकेन्ड रनर्सअप घोषित भए भने मिसतर्फ श्वेता यादव फस्ट रनर्सअप तथा कृति महर्जन सेकेन्ड रनर्सअप भएका थिए । यो प्रतियोगिताको आयोजक एक्स्प्लोर इन्टरटेन्मेन्ट हो ।

## मिस कल्चर नेपालमा १७ जना

पोखरामा सञ्चालन हुने पाँचौं संस्करणको मिस कल्चर नेपाल-२०१८ का लागि १७ जना प्रतियोगी छानिएका छन् । पुष्पाञ्जली फेसन एन्ड इभेन्टले आयोजना गर्न लागेको यो प्रतियोगिताको अडिसनमा २५ जना युवती सहभागी थिए ।

अब छानिएका प्रतियोगीलाई नेतृत्व तथा व्यक्तित्व विकास तालिम प्रदान गरिने संस्थाकी अध्यक्ष शोभा गौतमले बताइन् । प्रतियोगितामा १७ देखि २२ वर्षका युवती सहभागी छन् । मिस कल्चर नेपालको ग्रान्ड फिनाले आगामी असोज १३ गते शनिबार पोखरा सभागृहमा हुने बताइएको छ ।

# प्रीति र नेहालाई उपाधि



पोखरामा आयोजित लिटिल कास्की च्याम्पियन-२०७५ को उपाधि प्रीति पुनले जितेकी छिन् । प्रतियोगिताको ग्रान्ड फिनालेमा अन्य २० जना प्रतिस्पर्धीलाई पराजित गर्दै प्रीतिले उक्त उपाधि जितेकी हुन् । नवसाधना कला केन्द्रद्वारा आयोजित प्रतियोगितामा आकृती गुरुङ द्वितीय तथा श्रेया गुरुङ तृतीय भएका थिए ।

यसैगरी कास्की च्याम्पियनको उपाधि नेहा सिं सुनुवारले जितेकी छिन् । उनले १० जना प्रतियोगीलाई पराजित गर्दै उपाधि जितेकी हुन् । प्रतियोगितामा होममाया मगर द्वितीय तथा प्रेरणा गुरुङ तृतीय भएका थिए ।

# इविजा फेसन नाइट हुने






मोडलिङ जगतको सम्मान र नेपाली फेसनको प्रवर्द्धन गर्ने उद्देश्यसहित इवीजा फेसन नाइट आयोजना हुने भएको छ । भदौ २३ गते आयोजना हुने उक्त फेसन नाइटमा १४ महिला तथा चार पुरुष मोडलले क्याटवाक गर्नेछन् । फेसन शोमा पार्टीवेयर, वेडिङ गाउन आदि थिममा ४ फेसन डिजाइनरले तयार गरेका विभिन्न पहिरनलाई मोडलहरूले र्‍याम्पमा प्रस्तुत गर्नेछन् । उक्त फेसन नाइटका लागि मोडल छनौट अडिसन गत मंगलबार सम्पन्न भएको छ ।




## मोडल हन्ट नेपाल-२०१८

मोडल हन्ट नेपालले व्यवसायिक मोडल उत्पादन गर्दै घरेलु तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली मोडलिङको व्यवसायिक दायरा फराकिलो पार्ने उद्देश्य बोकेको छ । यही उद्देश्यमा यात्रा गर्न चाहनेहरूको अडिसन राउन्ड हालै सम्पन्न भएको छ । मोडल बन्न चाहनेहरूको आत्मविश्वास, व्यक्तित्व, शारीरिक आकर्षण तथा मोडल बन्न सक्ने सम्भावनाका आधारमा गरिएको उक्त मूल्यांकनमा कोरियोग्राफरद्वय प्रशान्त ताम्राकार र रोजिन शाक्य, फोटोग्राफर राजभाइ सुवाल, मोडल सृजना रेग्मी तथा मोडल हन्ट नेपाल-२०१७ का विजेता विक्रम आदित्य महासेठ एवं फस्ट रनर्सअप विजेता सिमरन खड्का सहभागी थिए । नेक्स्ट मोडल्स नेपालले आयोजना गर्ने यो प्रतियोगिता भदौ २९ गते सञ्चालन हुने बताइएको छ ।



# तीज मेला हुँदै

महिला सिर्जनशील केन्द्रको आयोजना तथा इभेन्ट संसार डटकमको व्यवस्थापनमा यही भदौ ७ देखि १० गतेसम्म प्रदर्शनी हल, भृकुटीमण्डपमा १७ औं तीज महोत्सव 'बृहत् तीज व्यापार मेला' सञ्चालनमा हुने भएको छ । सन् २००२ मा महिला सिर्जनशीलता एवं उद्यमशीलतालाई प्रोत्साहित गर्ने उद्देश्यले प्रारम्भ भएको तीज महोत्सव बृहत् रूपमा यसपटक भृकुटीमण्डपको प्रदर्शनी हलमा हुन लागेको हो ।

यसपटकको तीज मेलामा २ सयभन्दा बढी स्टल रहनेछन् भने मेला १ लाखभन्दा बढीले अवलोकन गर्ने अपेक्षा आयोजकहरूको छ ।

महिला सिर्जना एवं उद्यमशीलतालाई प्रोत्साहित गर्न यसपटक ५ उत्कृष्ट व्यवसायलाई एवार्डसमेत प्रदान गरिने बताइएको छ । मेलामा अवलोकनकर्ताहरूका लागि निःशुल्क स्वास्थ्य शिविर, निःशुल्क फोटो सुट, निःशुल्क मेहन्दी आर्ट, निःशुल्क हेयर कटिङलगायत हात खाली नजाने उपहारहरूसमेत राखिने कुरा जनाइएको छ ।

पहिलो विश्व

# काखीमा विज्ञापन









जापानमा काखीमा विज्ञापन गर्ने चलन बढ्न थालेको छ। जापानमा कुनै पनि कम्पनीको विज्ञापन काखीमा राखेर एक घण्टा सार्वजनिक स्थान, यातायात आदिमा देखाएर बसे करिब १० हजार रुपैयाँ पारिश्रमिक पाइन्छ। राम्रो पारिश्रमिकको लोभकै कारण धेरै महिला तथा पुरुषहरू अहिले काखीमा विज्ञापन राखेर बस्ने यो पेसातर्फ आकर्षित हुन थालेका छन्। काखीमा विज्ञापन गराउने कार्यलाई वाकिनो एड एजेन्सीले व्यवस्थापन गरिरहेको छ। टोकियो लगायतको क्षेत्रमा अहिले राम्रो काखी भएका युवतीहरू यो पेसामा आउन आतुर छन्। जापानी भाषा अनुसार वाकिनोको अर्थ काखी हुन्छ। उक्त विज्ञापन एजेन्सीले निकट भविष्यमा राम्रो काखी भएका युवा-युवतीहरूबीच सौन्दर्य प्रतियोगिता आयोजित गर्ने सोचसमेत बनाएको छ।




# गर्भवतीलाई लिलो

गर्भवती महिलाहरूलाई पौडी पोखरीमा लामो समय बिताउनु झन्झटिलो लाग्छ। यद्यपि पौडी पोखरीमा तैरिने लिलोमा बसेर घण्टौं आराम गर्नुको मज्जा बेग्लै हुन्छ। गर्भवती महिलाहरूचाहिँ पानी तैरिने लिलोमा बस्न सक्दैनन्। यही अप्ठ्यारोलाई बुझेर पिनट एपले एउटा जुक्ति निकालेको छ। पिनटले गर्भवती महिलाहरूलाई लक्षित गरेर तयार पारेको पिनट लिलो उपयोगी देखिएको गर्भवती महिलाहरूले बताएका छन्।

पिनटको लिलोको बीचको भागमा प्वाल पारिएको छ। उक्त प्वालमा गर्भवती महिलाले आफ्नो पेट छिराउन सक्छन्। यसरी पेटलाई आराम दिएपछि उनीहरू पानीमाथि तैरिएर घण्टौं आराम गर्न सक्छन्। केही वर्षअघि ठूलो स्तन भएका महिलाहरूलाई सुत्न सजिलो हुने खालको लिलो निर्माण गरिएको थियो।




# छाता पनि ज्याकेट पनि





पानी पर्दा सबैले खोज्ने वस्तु भनेकै छाता हो। छाता वर्षाको भरपर्दो साथी भए पनि अरू बेला बोक्न र ओढ्नै पर्दा पनि झन्झटिलो सामग्री हो। यही झन्झट कम होस् भनेर बेलायतका एक डिजाइनरले नौलो किसिमको छाता बजारमा ल्याएका छन्। बेलायतमा वर्षा महिना सुरु हुन लागेको मौका छोपेर 'अम्ब्रेला ज्याकेट' बजारमा ल्याइएको छ। लगाउन, पट्याउन र हिँड्डुल गर्दा दुवै हात सजिलै चलाउन मिल्ने यो ज्याकेटले व्यापक लोकप्रियतासमेत पाइरहेको छ। अहिले बेलायतको स्थानीय बजारमा यसको मूल्य करिब १ हजार ६ सय रुपैयाँ पर्छ।




















# सल्बलाउँदै टाटु आर्टिष्ट

कुनै बेला संस्कारका रूपमा लिइने टाटुले अहिले फेसनको रूप लिइसकेको छ। टाटुमा पनि विविधता आउन थालेपछि अहिले उत्कृष्ट कला सिर्जना गर्ने टाटु आर्टिस्टको काम नै विभिन्न देश घुमिरहने हुन थालेको छ। अहिले सेडदेखि थ्रिडीसम्म, मिनिमलदेखि फुल स्लेभसम्मका टाटुको क्रेज बढिरहेको छ। टाटुका एक्स्पोहरूले पनि टाटु प्रेमीहरूलाई नयाँ-नयाँ टाटु कोर्न लोभ्याइरहेका छन्। उत्तरी लन्डनमा हालै सम्पन्न टाटु महोत्सवमा विश्वका ३ सय टाटु आर्टिष्टले भाग लिएका थिए। उनीहरूले पछिल्लो समयमा देखा परेका टाटु आर्ट धेरै टाटु क्रेजीको शरीरका विभिन्न भागमा कोरेका थिए।

# जे पनि युट्युब




**हातमा स्मार्टफोन, नेटवर्कमा वाईफाई र जिमेलमा एकाउन्ट छ भने तपाईं सजिलै युट्युबर बन्नुभयो । यसमा अब तपाईंलाई के कुरा अपलोड गर्न मन लाग्छ त्यो कुराको निर्णय भने तपाईंकै हातमा हुन्छ । अहिले युट्युबको लहर नै चलेको छ । अझ युट्युबले धेरै हेरिने भिडियोलाई राम्रै रकम उपलब्ध गराउने व्यवस्था गरेपछि अहिले युट्युब कतिपयका लागि रोजगारीसमेत भएको छ । सोसल मिडियाको यो भिडियो प्लेटफर्ममा सबैले भिडियो अपलोड गरेर पैसा मात्र कमाएका छैनन्, कसैले आफ्नो उल्यामर बेचिरहेका छन् भने कसैले आफ्ना सिर्जना । अहिले सामाजिक सञ्जालमार्फत चर्चा र पैसा कमाउने सबैभन्दा छरितो माध्यम बनेको युट्युबबाटै धेरै जना पीडित समेत भएका छन् भने युट्युबलाई नै प्लेटफर्म बनाएर आफ्नो करिअरलाई धेरैले धेरै माथि पनि पुऱ्याएका छन् । युट्युबको यही प्लेटफर्मलाई नेपालका धेरै व्यक्तिले विभिन्न ढंगले उपयोग गरिरहेका छन् । युट्युबको यो संसारमा नेपालीहरुले के-कस्तो कार्य गरिरहेका छन् भन्ने विषयमा विशेष रिपोर्ट :**

## अश्लीलताको भकारी




युट्युबमा उपलब्ध केही नेपाली च्यानलले तयार पारेका भिडियो सामग्रीका शीर्षक पढ्नसम्म नसकिने खालका हुन्छन् । युट्युबमा सब्सक्राइबर तथा भ्युअर्स बढाउने होडबाजी चलिरहेको बेला अश्लील शीर्षक राखेर धेरैभन्दा धेरै व्यक्तिलाई आकर्षित गर्ने एउटा च्यानलमा एउटी महिला कार्यक्रम प्रस्तोताले सार्वजनिक स्थलमै अपरिचित व्यक्तिहरूलाई सुन्दै लाज लाग्ने प्रश्न सोधेर हैरान पार्छिन् । भिडियो क्यामेरा तथा माइक लिएर सडकमै उत्रिने ती उद्घोषिका हुन्– सोनिका रोकाया । सोनिकाले आफूलाई निडर युवती बताए पनि उनले अश्लील प्रकृतिका जिज्ञासा राखेर युवापुस्तालाई आफ्नो च्यानलप्रति आकर्षित गरिरहेको अनुमान जो-कोहीले गर्न सक्छन् । युट्युबमा अश्लीलता बढिरहेको आरोप आइरहे पनि उनी भने आफूलाई बिन्दास युवतीका रूपमा चित्रण गर्न पछि पर्दिनन् । एउटा युट्युब अन्तर्वार्तामा सोनिकाले भनेकी छिन्, 'हो, मेरा क्रियाकलाप समाजलाई नपच्ला तर स्वीकार चाहिँ गरेको छ । विषय अश्लील लाग्ला तर सन्देश सकारात्मक नै छ भन्ने मलाई लाग्छ ।' सोनिकाका अनुसार यौन सबैलाई आवश्यक छ, यद्यपि यसलाई लुकाएर राखिएको छ । समाजमा यौनका कुरा लुकाइने भएकाले आफूले त्यसलाई उजागर गर्न खोजेको सोनिकाको तर्क छ । सोनिकाका अनुसार उनलाई युट्युबमा देख्ने धेरैले गाली गरे पनि लुकी-लुकी माया गर्नेहरूको संख्या पनि उत्तिकै छ ।

सोनिका रोकाया तथा उनको युट्युब च्यानल त एउटा उदाहरण मात्र हो । युट्युबमा यतिबेला अश्लीलता पस्किएर आफ्ना सामग्रीमा भ्युअर्स बटुल्ने तथा धेरैभन्दा धेरै सब्सक्राइब बनाउनेहरूको सूची लामै छ । गायिका सरस्वती लामादेखि तिर्सना बुढाथोकीसम्मले युट्युबमा भिडियो अपलोड गर्दै आफ्ना उत्तेजक सामग्रीमार्फत दर्शकहरूलाई आकर्षित गर्ने प्रयास जारी राखेका छन् ।

यति मात्र होइन, युट्युबमा केही त्यस्ता नेपाली च्यानलहरूसमेत छन्, जसले छोटा चलचित्रको नाममा अश्लीलता पस्किरहेका छन् । कुलन टिभी, एनएचएस, मिलन फिल्म्स, इन्जोय नेपाल, ग्लोबल मेन च्यानल, गोल्ड टिभीमा त्यस्ता दर्जनौं सर्ट फिल्म उपलब्ध छन्, जसका शीर्षक नै दर्शकको ध्यान आकर्षित गर्न पर्याप्त छन् । बलात्कार, फाटेको खुट्टा, ५ सयको माल, मालिक्नी भर्सेस नोकर, छिप्केको बोका, भाले चोर्ने पोथी, नसो पस्यो माया बस्यो, गेस्ट हाउस, बुढेसकालमा भियाग्रा खाएर कमाल, उल्टो पाराले आदि शीर्षकका सर्ट फिल्म कुलिन टिभीमा उपलब्ध छन् । त्यसबाहेक यो च्यानलले परिकार बनाउने विधि भन्दै विभिन्न खानेकुरा बनाएका भिडियो पनि समावेश गरेको छ, जसमा खाना बनाउने विधिभन्दा पनि युवतीका अंग देखाउन खोजेको सहजै अनुमान गर्न सकिन्छ । इन्जोय नेपाल च्यानलले ६ महिनाअघिसम्म उत्तेजक शीर्षक राखेर सर्ट फिल्महरू अपलोड गरिरहेको थियो । पछिल्लो समय यो च्यानलमा जानकारीमूलक सामग्री अपलोड गरिए पनि विगतमा भने लाहुरेकी श्रीमती, गर्लफ्रेन्ड, होम ट्युसन, कन्डम, रुम नम्बर ३६ जस्ता शीर्षकमा सामग्री अपलोड भएका छन् ।

सामाजिक सञ्जाल तथा विभिन्न सञ्चार-माध्यममा अश्लील भिडियो एवं छोटा चलचित्रको चर्को विरोध भएपछि पछिल्ला ६ महिनायता यी सबै च्यानलले अश्लीलता छाडेर जानकारीमूलक सामग्रीहरू अपलोड गर्न थालेको पाइन्छ । विगतमा अश्लील लाग्ने ती सर्ट फिल्ममा काम गर्ने कलाकारहरूले आफूहरूलाई फसाइएको आरोपसमेत लगाएका छन् ।

झन्डै ८ सय वटा सर्ट फिल्म बनाइसकेका एक निर्देशकले अहिले आफूलाई म्युजिक भिडियोमा मात्र सीमित राखेको बताएका छन् । उनको दाबीअनुसार विगतमा अश्लील तथा उत्तेजक सर्ट फिल्म तथा भिडियो सामग्रीहरूको निर्माणमा सक्रिय अधिकांश चलचित्रकर्मी अहिले उक्त कार्यबाट पछि हटेका छन् ।

उत्तेजक तथा अश्लीलता झल्कने शीर्षक राखेर अपलोड गरिएका भिडियोले धेरैभन्दा धेरै भ्युज पाउने तथा त्यसका आधारमा सम्बन्धित च्यानललाई युट्युबले विज्ञापन दिने अनि त्यसबाट राम्रो अर्थ संकलन हुने भएकाले पनि निर्माता-निर्देशकहरू त्यस्ता सामग्रीतर्फ आकर्षित भएका हुन् । ५ देखि १५ मिनेटसम्मका त्यस्ता सर्ट फिल्म बनाउन ठूलो बजेट पनि नचाहिने तथा कलाकारहरू समेत सहजै उपलब्ध हुने भएकाले झन्डै एक दर्जन निर्देशक अश्लील खालका सर्ट मुभी निर्माणमा पल्किएका थिए ।

चलचित्र विकास बोर्डले विगतदेखि नै छोटा चलचित्रलाई समेत सेन्सरको दायरमा ल्याइने कुरा बताउँदै आए पनि हालसम्म त्यसतर्फ ठोस कदम भने चालिएको छैन ।

## अशोक दर्जी प्रकरण



नेपाली युट्युबको इतिहासमा झापाका अशोक दर्जी त्यस्ता एक्ला व्यक्ति हुन्, जसको एउटै गीतमाथि सर्वाधिक भिडियो बने । अहिलेसम्म उनको एउटै गीत मात्र रेकर्ड भएको छ– मनबिनाको धन ठूलो कि धनबिनाको मन, तर उनको गीतको चर्चा यति चुलियो कि त्यसको अनुमान कसैले गरेका थिएनन् । उनको चर्चासँगै विवाद पनि सुरु भैहाल्यो ।

युट्युबमा अशोक दर्जी टाइप गर्दा २६ हजार ९ सय रिजल्ट देखिन्छ । झापाका सडक तथा होटलहरूमा गीत गाएर गुजारा चलाइरहेका अशोकलाई केही युट्युबरले चर्चामा ल्याए । सुरुमा नवराज उप्रेती, नयाँ-नयाँ न्युज नेपाल र तात्तातो खबरले भिडियो बनाएपछि उनी चर्चामा आए । त्यसपछि डिजे रूपकले झापाबाटै अशोक दर्जीको गीत फेसबुक लाइभ गरे । बिस्तारै उनी चिनिँदै गए । मोरङका पत्रकार किशोर श्रेष्ठको अगुवाइमा अशोक दर्जीका लागि कार्यक्रममार्फत केही रकम संकलन गरियो । झापामै उनको गीत रेकर्ड भयो भने दर्जीलाई उर्लाबारीस्थित बेथेल एजुकेसन एकेडिमीमा भर्ना समेत गरियो ।

डिजे रूपक एवं गायक तथा संगीतकार टंक बुढाथोकीले काठमाडौं ल्याएर अशोक दर्जीको गीत रेकर्ड गराए । त्यसपछि भने सोसल मिडिया, युट्युब तथा अन्य मिडियामा उनको कभरेज चुलिँदै गयो । उनका सामान्य गतिविधि पनि युट्युबमा आउन थाले । यसबीच झापामा अशोकको घर बनाउने अभियान चल्यो । गरिब परिवारमा जन्मिएका अशोकको रेखदेख गायक तथा संगीतकार टंक बुढाथोकीले गर्न थाले । उनले अशोकसँग सम्बन्धित भिडियोहरू लगातार युट्युबमा हाल्न थाले । सांगीतिक कार्यक्रमकै लागि अशोक नेपालका केही सहरसहित दुबई तथा मलेसिया पनि पुगे । उनको घर बनाउने अभियानमा देश, विदेशबाट सहयोग रकम जुट्दै गयो । यसबीच घटनाले नयाँ मोड लियो । पत्रकार श्यामहरि शिवभक्ति र किशोर श्रेष्ठले अशोकको घर बनाउने तथा जग्गा खरिद गर्ने क्रममा आर्थिक हिनामिना भएको बताउँदै प्रश्न उठाए । घर बनाउने रकम पारदर्शी नभएको बताउँदै उनीहरूले रिपोर्ट बनाए ।

फिल्मीकुरा टिभीका श्यामहरि तथा स्थानीय पत्रकार किशोरले जतिजति यो विषयसँग सम्बन्धित सामग्री प्रसारण गर्दै गए, विवाद त्यति नै चर्कंदै गयो । टंक बुढाथोकीका दाइ टीकाले यस विषयमा प्रेस मिट नै गरे । तैपनि स्थिति साम्य भएन । अशोक दर्जीको पढाइ बिगारेर विभिन्न कार्यक्रममा दौडाएको, आफ्ना लागि पैसा कमाउन उनको प्रयोग गरिएको जस्ता आरोप थोपरिँदै गए । यसबीच टीका बुढाथोकी र अशोकले पढ्ने विद्यालयका प्रिन्सिपल दीपक न्यौपानेबीच भएको फोन वार्ता बाहिरियो, जसमा अशोकलाई कसरी प्रयोग गरी कमाउने भन्ने विषयमा छलफल गरिएको थियो । त्यसमा यो विषय उठाउने पत्रकारलाई भुस्याहा कुकुर भनेर गाली गरिएको थियो । आफ्नो बचाउ गर्दै टीकाले फेरि पत्रकार सम्मेलन गर्नुपऱ्यो । 'आफू चर्चामा आउन र पैसा कमाउन अशोकलाई प्रयोग गरिएको छ ।' पत्रकार श्यामहरि शिवभक्ति र किशोर श्रेष्ठ एकसाथ भन्छन्, 'उनको पढाइ बिगारिँदैछ ।' तर यो कुरा टीका र टंक बुढाथोकी स्वीकार गर्न तयार छैन । घर बनेपछि सबै हिसाबकिताब देखाउने बाचा उनीहरूले दोहोऱ्याउँदै आएका छन् ।


सामाजिक सञ्जालमार्फत अशोकको प्रतिभा बाहिर आउनु राम्रो पक्ष भए पनि अनावश्यक प्रचारप्रसारले अशोकलाई मनोवैज्ञानिक रूपले असर पर्ने बताउँछिन्– बालमनोविज्ञ नन्दिता शर्मा । बढी प्रचारप्रसार गर्नतिर लाग्नुभन्दा उसलाई संगीत सिकाउन तथा पढाइ-लेखाइमा केन्द्रित गराउन लाग्नुपर्ने शर्माको सुझाव छ ।

नरेन्द्र रौले

# रोयल्टी पाउँदै पाएनौं : कलाकार







राधिका अधिकारी

नाम चलेका र धेरै म्युजिक कम्पनीले पत्याएका गायक हुन्– प्रमोद खरेल । उनका गीत विभिन्न म्युजिक कम्पनीका युट्युब च्यानलमा लाखौं पटक हेरिएका छन् । युट्युबमार्फत प्रमोदका गीतको व्यापार गरेर पैसा असुलिरहेका कुनै पनि म्युजिक कम्पनीले आजसम्म उनलाई एक रुपैयाँ रोयल्टी दिएका छैनन् । आफ्ना कुन गीतका कारण कुन म्युजिक कम्पनीले कति आम्दानी गऱ्यो, आफूले कति रोयल्टी पाउनुपर्ने हो, त्यसको कुनै हिसाव-किताब नै नभएको गायक खरेल बताउँछन् ।

नेपाली गीत-संगीतको युट्युब व्यापार हेर्दा संगीतकार राजनराज शिवाकोटी सबैभन्दा भाग्यमानी सर्जक देखिन्छन् । उनका कैयौं गीतले पटक-पटक कीर्तिमान बनाएका छन् । आफ्ना गीतले युट्युबमा करोडौं दर्शक पाए पनि रोयल्टीका रुपमा एक रुपैयाँ नबुझेको शिवाकोटीको दाबी छ । साना ठूला सबैजसो म्युजिक कम्पनीमा आफ्ना गीत भए पनि कुनै म्युजिक कम्पनीले तिम्रो गीतले युट्युबबाट गरेको आम्दानी यति हो, यति रोयल्टी तिम्रो नाममा भनेर उनलाई हिसाब देखाएका छैनन् ।

संगीतको बजारमा चलेका संगीतकार हुन्- अर्जुन पोखरेल । नेपालका साना-ठूला सबैजसो म्युजिक कम्पनीका युट्युब च्यानलमा उनका गीत अपलोड भएका छन् । अन्य सर्जकको जस्तै अर्जुनको पनि गुनासो छ, –उनले आजसम्म युट्युबको रोयल्टीबापत कुनै पनि म्युजिक कम्पनीबाट पैसा बुझेका छैनन् ।

झन्डै १ सय २० वटा आफ्ना गीत विभिन्न म्युजिक कम्पनीका युट्युबमा रहेको बताउने गीतकार विपिन किरणसँग पनि आफ्नै खालको पीडा छ । कतिपय आफ्नै लगानीमा रेकर्ड भएका र म्युजिक भिडियो निर्माण भएका गीत/संगीत पनि विपिनले एक रुपैयाँ पाएका छैनन् ।

गायक शिव परियारको पनि उस्तै दुखेसो छ । गायिका जानकी तारमी मगरले पनि आफैले लगानी गरेका गीत/संगीतले युट्युबमा व्यापार गरेबापत पाउनुपर्ने रोयल्टी बुझ्न पाएकी छैनन् । संगीतकार हरि लम्साल पनि गीत/संगीतको युट्युब प्रयोग बापतको रोयल्टी बुझ्न नपाएको बताउँछन् ।

रोयल्टी आन्दोलनमा समेत हिडेका गीतकार लोकराज अधिकारी युट्युबबाट रोयल्टी प्राप्त गर्ने प्रक्रिया जटिल भएको बताउँछन् । युट्युवको कमाइ केही म्युजिक कम्पनी तथा स्रष्टाबीच सेयरिङ भए पनि रोयल्टी नै भनेर कसैले नदिने अधिकारी बताउँछन् ।

एक समय सर्जकले सिडी बिक्री गरेर कमाउँथे । त्यो समय पनि म्युजिक कम्पनीकै हालीमुहाली चल्थ्यो । त्यसपछि सिआरबिटी डाउनलोडबाट स्रष्टाको हातमा केहि रोयल्टी पुग्थ्यो । नेपाल टेलिकमले केहि समय बन्द गरेको सिआरबिटी सेवा पुनः सुरु गरे पनि त्यसको रोयल्टी नपाएको स्रष्टाहरूको गुनासो छ । सिआरबीटी डाउनलोडबाट आउने रकममा पनि म्युजिक कम्पनीहरूले स्रष्टाको शोषण गर्दै आएका छन् ।

अहिले स्रष्टाको कमाइको माध्यम युट्युब मात्र भएको छ, तर युट्युबमा करोडौं भ्युज पाएका र चलेका कलाकारले समेत आफ्नो सिर्जनाको रोयल्टी बुझ्न पाएका छैनन् भने, नव-कलाकारहरूले त पाउने कुरै भएन । स्रष्टाका सिर्जना म्युजिक कम्पनीका लागि कमाइ खाने भाँडो भएका छन् ।

## खोज्न आउनेलाई दिएका छौं : म्युजिक कम्पनी

विन्ध्यवासिनी म्युजिक कम्पनीका सञ्चालक सुवास रेग्मी खोज्न आउने स्रष्टालाई आफूले हिसाबसहित रोयल्टी दिएको दाबी गर्छन् । युट्युबको रोयल्टी गुगलले रोकेर राखेको छ त्यो व्यवसायिक म्युजिक कम्पनीले ल्याउन नसक्ने रेग्मीको भनाइ छ । उक्त रकम रोयल्टी संकलन समाजले पहल गरेर ल्याउनुपर्ने हो, रेग्मी भन्छन्– तर त्यस्तो कुनै पहल भएको छैन् ।

युट्युबबाट भएको आम्दानीको ४५ प्रतिशत रकममात्रै कम्पनीले ल्याउन पाउने र त्यही रकमबाट १५ प्रतिशत रोयल्टी सर्जकलाई प्रदान गरिने रेग्मी बताउँछन्, आफै खोज्न आउने कलाकारलाई रोयल्टी दिए पनि स्रष्टालाई बोलाएर भने नदिएको रेग्मी स्वीकार गर्छन् ।

बाहिर हल्लाभए जस्तो युट्युबको कमाइ नरहेको उनको दुःखेसो छ । केही सिर्जनाले थोरै कमाई गरे पनि धेरैजसो सिर्जनाले कुनै आम्दानी गर्दैनन् । कमाई थोरै भए पनि आफ्नो कम्पनीसँग काम गरेका प्रोडुसर तथा स्रष्टाले आफ्नो भागको व्यवसायिक अंश लाने गरेको बताउँदै रेग्मीले भने 'असाध्यै थोरै रकम हुने हुनाले बोलाएर चाहिँ दिने गरेको छैन् ।'

रेग्मी भन्छन्, 'युट्युव प्रयोग बापतको रोयल्टी म्युजिक कम्पनीले दिने होइन । गुगलले काटेको ५५ प्रतिशतमध्येको १३ प्रतिशत स्रष्टाले पाउने हो । उक्त रोयल्टी पनि अहिले गुगलसँगको संस्थागत दुरुपयोगका कारण रोकिएको छ ।'

बूढासुब्बा म्युजिकका महा-प्रबन्धक विश्व खड्का कलाकारसँग गरेको करारनामाका आधारमा आफूले रोयल्टी बाँड्ने कुरा बताउँछन् । स्रष्टाले लगानी गरेका भिडियोहरूले गरेको आम्दानीको ६० प्रतिशत रकम स्रष्टालाई दिने गरेको उनको दाबी छ । करिब ५ सय स्रष्टाले विगत ५ वर्षदेखि आफ्ना सिर्जनाको रोयल्टी निरन्तर रुपमा बुझ्दै आएको बताउने खड्का भन्छन् 'पुराना स्रष्टाका सिर्जनाको रोयल्टी प्रत्येक ३ महिनामा संकलन गरेर दिने गरेका छौं ।' नयाँ कलाकारका सिर्जनाले भने खासै आम्दानी नगर्ने हुँदा एक-एक वर्षमा मात्र रोयल्टी प्रदान गरिने खड्का बताउँछन् ।

## आफ्नै सिर्जनामा छैन अधिकार

केही समयअघि गायिका समृद्धि राईले आफ्नो फेसबुक पेजमा आफूलाई म्युजिक नेपालले अन्याय गरेको कुरा उल्लेख गरिन् । आफ्नै शब्द/संगीत तथा स्वरको एउटा गीतको म्युजिक भिडियो आफ्नै युट्युब च्यानलबाट अपलोड गर्दा म्युजिक नेपालले कपिराइटको दाबी गरेपछि उनले चेतावनी सहित स्टाटस पोस्ट गरिन् । कपिराइट नहटाए प्रहरीकहाँ जाने चेतावनीपछि म्युजिक नेपालले उक्त क्लेम हटाएको उनले अर्को स्टाटसमार्फत सार्वजनिक गरिन् ।

करिब दुई वर्ष अघि गायक अविनाश घिसिङ आफ्नै गीतमाथि म्युजिक नेपालले कपिराइट लगाएपछि न्यायालयको ढोका ढकढक्याउन पुगेका थिए । आफ्नै पुरानो गीतको रिमेक रिमेक तयार पारेका घिसिङविरुद्ध म्युजिक नेपालले रिमेक भर्सनमा समेत कपिराइटको दाबी गरेपछि उनी आक्रोशित भएका थिए । गायिका रेखा शाह पनि आफ्नो गीत आफैंले रिमेक गर्न खोज्दा म्युजिक नेपालले नदिएपछि म्युजिक नेपाल विरुद्ध उत्रिएकी थिईन ।

यी त सामान्य उदाहरण मात्र हुन् । आरबिटी काटेकै भरमा, स्रष्टाले लगानी गरेका सिर्जनामा व्यानर दिएकै भरमा म्युजिक कम्पनीहरूले स्रष्टाका सिर्जनामाथि आफ्नो अधिकार जमाएर कपिराइट दाबी गर्दा हैरानी खेप्ने, आफ्नै सिर्जना माथि सर्जकले मेरो हो भनेर गर्व गर्न नपाउने तथा आफ्ना सिर्जनाले लाखौं आम्दानी गर्दा पनि एक रुपैयाँ रोयल्टी नपाएर मन दुखाउने स्रष्टा-कलाकार थुप्रै छन् ।

## सचेत बन्दै स्रष्टा

यद्यपि अहिले कलाकारहरू आफैं पनि सचेत हुन थालेका छन् । धेरै कलाकारले आफ्नै नामको युट्युबमार्फत आफ्ना सिर्जना अपलोड गर्ने गरेका छन् । थुप्रै गीत विभिन्न म्युजिक कम्पनीका युट्युबमा निरन्तर गैरहँदा पनि कुनै रोयल्टी नपाएका गायक शिव परियारले आफ्नै च्यानलमार्फत राम्रो आम्दानी गर्दै आएका छन् । गायक हेमन्त शर्मा भन्छन्– युट्युबमार्फत मासिक २० देखि २५ हजार कमाइ हुन्छ । गायक टंक तिमल्सिना तथा मोडल दुर्गेस थापाले पनि युट्युबबाट मनग्य आम्दानी गरिरहेका छन् ।

# राम्रा पनि छन्





रामजी ज्ञवाली

युट्युव छाडा भयो भन्ने गुनासो धेरैको छ । अश्लिल भिडियो, दृश्य तथा विवादास्पद ईश्यु प्रकाशन गरी सकेसम्म भ्युज बढाउने र त्यसबाट डलर झार्ने ध्याउन्नमा छन् कतिपय युट्युबर समाजले पचाउन समेत नसक्ने सामग्री भयो भन्दै प्रहरीमा उजुरी समेत परेका छन्, तर त्यस्ता सामग्री अपलोड हुने क्रम रोकिएको छैन । केही त्यस्ता उदाहरण पनि छन्, जसले दर्शकको रुचि एवं चाहनाअनुरूपका भिडियो सामग्री प्रकाशन गर्ने गरेका छन् ।

गुल्मीका रविलाल पौडेल आफ्नो च्यानलमा अधिकांशतः विवाहसम्बन्धी भिडियो अपलोड गर्छन् । उनको युट्युब च्यानलमा गाउँघरका पुराना लोकबाजासहित उनले खिच्ने भिडियो हेर्नेहरूको संख्या उल्लेख्य छ । नेपाल तथा विदेशमा रहेका नेपालीहरू गाउँघरको नृत्य तथा दृश्य हेर्न पाउँदा अनि आफूलाई मन पर्ने मौलिक पञ्चैबाजा सुन्न पाउँदा त्यसै मख्ख पर्छन् । १ लाख ५६ हजारले ससक्राइब गरेको उनको च्यानलमा ७ सय १६ वटा भिडियो छन् । केही दिन भिडियो आएन भने किन आएन भनेर प्रश्न गर्नेहरू धेरै छन्, रविलाल भन्छन्- विदेशमा बस्नेहरू गाउँका भिडियो हेर्न पाउँदा दंग पर्छन् र संस्कृति संरक्षणमा लागेको भन्दै धेरै माया गर्छन् । गाउँमा लुकेका घटनालाई पनि उनले रिपोर्ट बनाएर आफ्नो च्यानलमा राख्ने गरेका छन् । पौडेल भन्छन्- महिनाको ६०-७० हजार नियमित कमाई भैरहेको छ, यसबाट मैले अनाथ, अपांग तथा दुःख पाएकाहरूलाई सहयोग समेत गरिरहेको छु ।

युट्युबमा अर्को एक व्यक्ति हिट छन्, डा. ताराजी । १ लाख २ हजारले ससक्राइव गरेको उनको च्यानलमा १ सय ६७ वटा भिडियो छन् । डा. ताराजीका अधिकांश भिडियो ज्ञानगुनसम्बन्धी हुन्छन् । उनको च्यानलमा आफूलाई घात गर्ने व्यक्तिप्रति कसरी व्यवहार गर्ने, पढ्न अल्छी लागे कसरी उत्साह जगाउने, समस्यै समस्याबाट मुक्त हुन् के गर्ने, आफ्नो दिमाग र ज्ञानको सदुपयोग कसरी गर्ने आदि उपाय सिकाउने भिडियोहरू छन् । मेडिकल डाक्टर तथा मोटिभेसन ट्रेनर डा. ताराजी समय व्यवस्थापन गरेर आफूले ती भिडियो तयार पार्ने कुरा बताउँछन् ।

युम्मी नेपाली किचन च्यानल हो, जहाँ नेपाली परिकारसम्बन्धी सामग्री उपलब्ध हुन्छ । यो च्यानलमा फिनी, सेल रोटी, मटन छोयला, चटामरी, नमकिन, चना तथा आलुको तरकारी, योमरी, खसीको मम, प्याजको पकौडा आदि विभिन्न परिकार कसरी बनाउने भन्ने उपाय सहित के-कस्ता सामग्री जुटाउने भन्ने कुरासम्म समेटेर बनाइएका भिडियो अपलोड गरिएका हुन्छन् ।


एभिया क्लब नेपालले आफ्नो च्यानलमा प्याराग्लाइडिङ, अल्ट्रालाइट आदिबाट पोखराको आकाशमा खिचिएका भिडियो प्रकाशन गर्ने गरेको छ । उक्त च्यानलमा हेर्न पाइन्छ । यो च्यानलमा पोखरा र आसपासका रमणीय दृश्य बाहेक अन्य कुनै भिडियो देखिँदैन ।

प्राङ्क भिडियो बनाएर चर्चा कमाएको नेपाली प्राङ्क स्टार मनोरन्जन क्षेत्रमा चलेको च्यानल हो । यो च्यानलमा २ लाख ४९ हजार ८ सय बढीभन्दा ससक्राइवर छन् भने १ सय ६० वटा भिडियो अपलोड गरिएको छ । यस्तै प्राङ्कस्टार रिभाइवल, नेपाली प्राङ्क मिनिस्टर आदि केही च्यानल छन्, जसमा निकै रमाइलो ढगंबाट मानिसहरूलाई उल्लु बनाइएका भिडियो हेर्न पाइन्छ । केही व्यवस्थित र आकर्षक ढगंबाट यी च्यानलमा प्राङ्कसम्बन्धी भिडियो राखिएको पाइन्छ । १३ करोडपटकभन्दा बढी हेरिसकिएको नेपाली प्राङ्क मिनिस्टरमा झन्डै १ सयवटा भिडियो उपलब्ध छन् ।

कलेज नेपाल च्यानलमा युवापुस्तासम्बन्धी विभिन्न भिडियो अपलोड हुँदै आएको छ । यो च्यानलमा बेरोजगार युवा, युवापुस्ताका समस्या, टिनएजर्सका फेसनेबल कुरा तथा उनीहरूका चुनौतीमा आधारित भिडियो उपलब्ध छ ।

नेपालमा खास विषयवस्तुमा केन्द्रित च्यानल निकै कम छन् । म्युजिक नेपाल, बुढासुब्बा, हाइलाइट्स नेपाल, विन्ध्यवासिनी आदि च्यानल साँगीतिक च्यानल हुन् । यी च्यानलमा विशेष गरी विवादमा नआउने खालका गीत, संगीत तथा चलचित्र अपलोड गरिएका हुन्छन् । नेपालमा सबैभन्दा बढी आम्दानी गर्ने र हेरिने च्यानल पनि यिनै हुन् ।

# युट्युबमा एक्टिभहरू







महेश तिमल्सिना

हास्यव्यङ्ग्यका चर्चित कलाकार केदार घिमिरे 'माग्ने बूढा' युट्युबमा सक्रिय छन्। उनको दुईवटा युट्युब च्यानल छन्, तर उनी यतिबेला आमा अग्निकुमारी मिडिया युट्युब च्यानलमा सक्रिय छन्। उनको यो च्यानलका ३ लाख ७ हजारभन्दा बढी दर्शक छन्। उनले यो च्यानल दुई वर्षअघि खोलेका हुन्। युट्युबलाई व्यवसायिक रूपमा अघि बढाउने लक्ष्यका साथ आफूले युट्युब च्यानल खोलेको घिमिरे बताउँछन्। घिमिरे उक्त च्यानलमा धेरैजसो कमेडी भिडियो राख्छन्। घिमिरेले युट्युबमार्फत मासिक १ लाखभन्दा बढी आम्दानी गर्दै आएका छन्। उनी उक्त युट्युब च्यानलमा कमेडी भिडियोहरू किनेरै हाल्छन्। घिमिरे खासखुस, गडबडीजस्ता हास्य टेलिसिरियलदेखि स-साना भिडियो पनि अपलोड गरिरहेका हुन्छन्।

### टंक बुढाथोकी : ४ लाख ८८ हजार

गायक तथा संगीतकार टंक बुढाथोकीले सन् २०१५ मा आफ्नै नामबाट युट्युब च्यानल खोलेका हुन्, जसमा उनले कार्यक्रममा दिएको प्रस्तुतिहरू अपलोड गर्थे। यही क्रममा १ वर्ष पहिले आफ्नै शब्द संगीत तथा ए.आर. बुढाथोकी र मेलिना राईको स्वरको 'कसरी-कसरी' गीत आफ्नै युट्युबमा हालेसँगै टंक युट्युबमा सक्रिय रूपमा लाग्न थाले। उक्त गीतले छोटो अवधिमै राम्रो भ्युज पायो। त्यसपछि बुढाथोकीको च्यानलमा सब्सक्राइब बढ्न थाले। सुरुमा मनोरञ्जनका लागि युट्युबमा भिडियो अपलोड गर्ने टंक अहिले युट्युबलाई व्यवसायिक रूपमा लिन्छन्। हालसम्म २ सय २८ वटा भिडियो युट्युबमा अपलोड गरेका छन्। उनले अपलोड गरेका अधिकांश भिडियोले राम्रै भ्युज पाइरहेका छन्। बुढाथोकीले ३ महिना पहिले युट्युबमा भाइरल बनेका अशोक दर्जीको स्वरमा रहेको धन बिनाको मन ठूलो कि, बोलको गीत सार्वजनिक गरे। उक्त गीतलाई हालसम्म १ करोड ४० लाख भन्दा धेरैपटक हेरिएको छ।

### दुर्गेश थापा : १ लाख ४८ हजार

दुर्गेश थापा गायक तथा मोडल हुन्। उनको आफ्नै नामको युट्युब च्यानलमा उनी आफ्ना गीतका भिडियोहरू सार्वजनिक गर्छन्। २ वर्षअघि युट्युब च्यानल खोलेका थापाको च्यानलमा



हालसम्म २ सय ७३ वटा भिडियो अपलोड भएका छन्। एक वर्ष पहिले उनकै शब्द, संगीत, स्वर तथा अभिनयको रातो रातो खुर्सानी पिरो छ गीतको भिडियो अपलोड भएको थियो। उक्त भिडियो हालसम्म ३१ लाखभन्दा धेरै पटक हेरिएको छ। अहिले उनको युट्युब च्यानलबाट अपलोड भएका भिडियोलाई एक दिनमै १ लाखभन्दा बढीले हेर्छन्। पाँच महिना पहिले दुर्गेश को युट्युबमार्फत 'अल्ल मल्ल' गीतको भिडियो अपलोड भयो, जसलाई हालसम्म ९ लाखको हाराहारीमा हेरिएको छ। आफ्ना सिर्जनालाई सुरक्षित राख्न युट्युब च्यानल खोलेका दुर्गेश अहिले युट्युबमार्फत महिनामा १ लाख ५० हजारभन्दा बढी आम्दानी गर्छन्।

### प्रमोद खरेल : ७२ हजार

सुगम संगीतका बहुचर्चित गायक प्रमोद खरेलको पनि आफ्नै युट्युब च्यानल छ। प्रमोद आफ्नो च्यानलमा आफूले निर्माण गरेका गीतका भिडियोहरू अपलोड गर्छन्। उनले एक वर्ष पहिले 'मै मोरो सोफ्रो' गीतको भिडियो अपलोड गरेका थिए। उक्त गीत हालसम्म १२ लाख ९९ हजार भन्दा धेरै पटक हेरिएको छ। त्यस्तै खरेलले पाँच महिनाअघि पागल बनायो गीतको भिडियो आफ्नै च्यानलमार्फत सार्वजनिक गरेका थिए। उक्त भिडियो पनि २ लाखभन्दा धेरै पटक हेरिएको छ। कमेन्ट बक्समा उनको उक्त भिडियोमाथि सकारात्मक प्रतिक्रिया र शुभकामना देखिन्छन्।

### नितेशजंग कुँवर : ३ लाख ५ हजार

गायक नितेशजंग कुँवर पनि युट्युबमा सक्रिय छन्। उनले तीन महिनाअघि युट्युबमा फ्लर्टी मायाको अफिसियल भिडियो अपलोड गरेका थिए। उनको उक्त भिडियो हालसम्म १ करोड भन्दा धेरैले हेरिसकेका छन्। यसैगरी नितेशले तीन हप्ता पहिले निष्ठुरी मोरी बोलको गीतको भिडियो युट्युबमा अपलोड गरेका थिए। उक्त भिडियोले हालसम्म २१ लाख भ्युज पाएको छ।

### अल्मोडा राना उप्रेती : १ लाख ४७ हजार

गायक तथा संगीतकार अल्मोडा राना उप्रेतीको युट्युब च्यानलमा अपलोड भएका भिडियोले उत्कृष्ट भ्युज पाउँदै आएका छन्। अल्मोडाले आठ महिनाअघि एउटा कभर म्यास अप युट्युबमा अपलोड गरेका थिए। उक्त भिडियो २८ लाखभन्दा धेरै पटक हेरिएको छ। अल्मोडाले त्यसभन्दा अघि अपलोड गरेको तिमी मसँग गीतको भिडियो पनि १५ लाखभन्दा धेरै पटक हेरिएको छ। अल्मोडाविरुद्ध बाहिर जति आरोप लगाइए पनि युट्युबमा भने उनले सकारात्मक प्रतिक्रिया पाइरहेका हुन्छन्।

### शिव परियार : १ लाख १० हजार

गायक शिव परियार पनि युट्युबमा सक्रिय कलाकारमध्ये एक हुन्। उनी युट्युबमा प्रायः आफूले गाएका गीतका भिडियो अपलोड गर्छन् र ती सबैजसो भिडियो लोकप्रिय छन्। परियारले १ वर्षअघि सानीमा सानी गीतको भिडियो अपलोड गरेका थिए। उक्त भिडियोलाई हालसम्म २२ लाखभन्दा धेरैपटक हेरिएको छ। त्यस्तै ६ महिना पहिले हल्ला हल्लामै माया गीतको भिडियो अपलोड गरे, जुन ६७ लाखभन्दा बढी पटक हेरिएको छ।

### निक्की कार्की : ७७ हजार

गायिका निक्की कार्की पनि युट्युबमा सक्रिय छिन्। निक्की धेरैजसो कभर गीतका भिडियो अपलोड गर्छिन्। कार्कीले दुई वर्षअघि जेट उडाउँछु गीतको भिडियो युट्युबमा अपलोड गरेकी थिइन्, जसलाई हालसम्म ४२ लाखभन्दा धेरै पटक हेरिएको छ। त्यस्तै ७ महिनाअघि उनले दर्पणछायाँको 'लहनाले जुरायो कि' गीतको कभर भिडियो अपलोड गरिन्। उक्त भिडियो पनि १५ लाखभन्दा धेरै पटक हेरिएको छ। हाल अमेरिकामा रहेकी निक्कीको भिडियोका प्रशंसक पनि उत्तिकै छन्।

### टंक तिमल्सिना : १ लाख ८ हजार

लोक तथा पप लोक गायक टंक तिमिल्सिना पनि युट्युबमा सक्रिय हुन थालेका छन्। तिमल्सिना हप्तामा कम्तीमा एउटा भिडियो अपलोड गर्छन्। टंकले आफ्ना गीतका भिडियोबाहेक अन्य भिडियो पनि अपलोड गरिरहेका हुन्छन्। तिमल्सिनाले अछामको रामारोशन घुम्न जाँदा कैद गरिएको भिडियो युट्युबमा अपलोड गरेका थिए। उक्त भिडियो हालसम्म २ लाखभन्दा धेरै पटक हेरिएको छ। त्यस्तै, एक महिनाअघि अपलोड गरिएको 'मैना २' गीतको भिडियोले छोटो समयमै ७ लाखभन्दा बढी भ्युज पाएको छ।

### मेलिना राई : ४५ हजार

गायिका मेलिना राई पनि युट्युबमा सक्रिय छिन्। मेलिनाले युट्युबमा अहिलेसम्म १५ वटा भिडियो अपलोड गरेकी छिन्। राईले ४ महिना पहिले बितेका कुरा' गीतको भिडियो आफ्नै युट्युब च्यानलमार्फत सार्वजनिक गरिन्। उक्त भिडियोमा मेलिना स्वयंले अभिनय गरेकी छिन्, जसले ५ लाखभन्दा बढी भ्युज पाएको छ। मेलिनाको उक्त भिडियो हेरेपछि माइला बाजे नामका व्यक्तिले 'मेलिना राई कुशल गायिका मात्र होइनन्। कुशल अभिनेत्री पनि हुन् भन्ने कुरा यो भिडियोबाट प्रमाणित भएको छ' भन्दै उनको प्रशंसा गरेका छन्।

### हेमन्त शर्मा : ३८ हजार

गायक हेमन्त शर्मा आफूले गाएका गीतका भिडियो आफ्नै युट्युब च्यानलमार्फत सार्वजनिक गर्छन्। शर्मा महिनामा एक दुईवटा भिडियो अपलोड गरिरहेका हुन्छन्। शर्माले ६ महिना पहिले कुसुम गीतको भिडियो आफ्नै च्यानलबाट अपलोड गरेका थिए, जसले हालसम्म चार लाखभन्दा बढी भ्युज पाएको छ। त्यस्तै चार महिना पहिले उनले परदेशी गीत युट्युबमा अपलोड गरे, जसले हालसम्म १ लाख ५० हजारभन्दा बढी भ्युज पाएको छ।

### मिङ शेराप : २ लाख ९२ हजार

मिङ शेरापले युट्युब च्यानलमा प्रायः ज्याप तथा कमेडी भिडियोहरू अपलोड गर्छन्। उनले चार महिनाअघि स्वाग केटा म गीत अपलोड गरेका थिए। उक्त गीतको भिडियोले हालसम्म २० लाखभन्दा बढी भ्युज पाएको छ। मिङले रसियामा भएको विश्वकप फुटबलताका टाइप्स अफ फुटबल फ्यानसम्बन्धी एउटा भिडियो अपलोड गरेका थिए, जुन भिडियो हालसम्म १५ लाखभन्दा बढी पटक हेरिएको छ।

### प्रकाश सपूत : १ लाख ८० हजार

गायक प्रकाश सपूत पनि युट्युबमा सक्रिय छन्। केही महिना अघि बोलमाया गीत अपलोड भएपछि उनको च्यानलका ग्राहक ह्वात्तै बढेका थिए। बोलमाया भिडियोले हालसम्म ८० लाखजति भ्युज पाएको छ। प्रकाशले पछिल्लो समयमा तीज गीतका भिडियो अपलोड गर्दै आएका छन्।

## समाजसेवा पनि



इलामका १४ वर्षीय समीर तामाङलाई छाडेर उनकी आमा अर्कातर्फ लागिन्। उनका बुबा रोजगारीको सिलसिलामा साउदी अरेबियामा थिए। दुवै मिर्गौला फेल भएका समीर बिचल्लीमा परे। तात्तातो खबरका युट्युबर भाग्य न्यौपानेले उनको सहयोगका लागि भिडियो बनाए। बेला-बेला फेसबुक लाइभमार्फत पनि सहयोगका लागि आह्वान गरे। देश, विदेशबाट यति सहयोग ओइरियो कि भाग्य आफैं छक्क परे। युट्युब र फेसबुककै भरमा समीरको सहयोगका लागि झन्डै ५० लाख रुपैयाँ जुट्यो। उनले गाएको गीतको भिडियो पनि तयार भयो।

'नेपालीहरूको मन ठूलो रहेछ,' भाग्य भन्छन्, 'यो सोसल मिडियाको शक्ति पनि हो।' समिरलाई उनकी फुपूले रेखदेख गरिरहेकी थिइन्। बुबा साउदी अरेबियाबाट नेपाल फर्कन सकिरहेका थिएनन्। मालिकले बिदा नदिएपछि उनी अफ्ठ्यारोमा परेका थिए। समीरका बुबालाई नेपाल फर्काउन सहयोग गरौं भनेर भाग्यले फेरी फेसबुक लाइभ गरे। साउदीमा कार्यरत नेपालीहरूले एकसाथ समीरका बुबा काम गर्ने कम्पनी गएर दबाब दिएपछि बाध्य भएर मालिकले बिदा दिए। त्यसपछि उनी नेपाल फर्किए।

यस्तै मेरो अनलाइन टिभीका विश्व लिम्बूले बोनम्यारो क्यान्सरपीडित एलिस्ना राईका लागि सहयोगको अपिल गर्दै भिडियो हालेपछि ५० लाख रुपैयाँ सहयोग उठेको थियो। नेपाली ताराबाट आफुलाई चिनाउन सफल गायिका जलजला परियारको दुबै मृगौला बिग्रियो। उनको सहयोगका लागि थुप्रै भिडियो बने। युट्युबमा राखिएका ती भिडियो हेरेर देश-विदेशका नेपालीहरूबाट ७० लाख रुपैयाँभन्दा बढी रकम उठ्यो। ठूलो पर्दा टिभीका जीवन पराजुलीले आफ्नो च्यानलमार्फत कीर्तिपुरमा सञ्चालित बेबी लाइफ होम, स्नेही काख, मुसहर बस्तीका बासिन्दाहरूका अतिरिक्त मृगौलापीडित गायिका जलजला परियारलाई समेत सहयोग जुटाए।

कानुन

# के छ मुलुकी अपराध (संहिता) ऐनमा ?

**मुलुकमा सामाजिक तथा राजनैतिक प्रणालीमा आएको परिवर्तनसँगै कानुनी व्यवस्थाहरूमा समेत व्यापक परिवर्तन गर्ने क्रम प्रारम्भ भएको छ । मस्यौदामै लामो समय खर्चिएर प्रमाणीकरण गरिएका मुलुकी अपराध (संहिता) ऐन, मुलुकी देवानी (संहिता) ऐन, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन एवं मुलुकी देवानी (कार्यविधि) संहिता ऐन २०७५ भदौ १ गते अर्थात आजैदेखि लागू हुँदैछन् । यी ऐनले ५४ वर्षअघि जारी भएको मुलुकी ऐन- २०२० लाई प्रतिस्थापन गर्नेछन् । यहाँ मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा रहेका विभिन्न विशेषतामाथि चर्चा गर्न लागिएको छ ।**

### अफवाह फैलाए १ वर्ष कैद

नयाँ कानुनले गलत अफवाह फैलाउनेमाथि पनि सजायको व्यवस्था गरेको छ । परिच्छेद २ को दफा ७० मा कसैले सार्वजनिक शान्ति भंग गर्ने, हुलदंगा गर्ने वा नेपालको सार्वभौमसत्ता र भौगोलिक वा प्रादेशिक अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुमधुर सम्बन्धमा खलल पार्ने नियतले कसैलाई उक्साउने गरी नभएको-नगरेको हल्ला फैलाएको, प्रचार–प्रसार गरेको वा नारा जुलुस गरेको पाइए एक वर्ष कैद वा १० हजार रुपैयाँसम्म जरिवाना हुनेछ । संहिताले मसाल जुलुसमाथि समेत बन्देज लगाएको छ । संवेदनशील सार्वजनिक क्षेत्र भनि तोकिएको स्थानमा सार्वजनिक शान्ति भंग गर्ने नियतले मसाल जुलुस, आगोजन्य वा प्रज्वलनशील वस्तु लिई सभा-जुलस गरे-गराए ६ महिना कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

### खाद्य पदार्थमा मिसावट

कसैले खाने, पिउने वा सेवन गर्ने पदार्थमा खान, पिउन वा सेवन गर्न नहुने कुनै हानिकारक पदार्थ वा खान, पिउन वा सेवन गर्न हुने कमसल पदार्थ वा हानिकारक रासायनिक पदार्थ मिसावट गरी उत्पादन, बिक्री वितरण गर्न वा म्याद नाघेको वा मिसावट भएको खाद्य पदार्थ बिक्री वितरण गर्न वा निर्धारित स्तरभन्दा न्यून स्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ बिक्री वितरण वा पैठारी गरे ५ वर्ष कैद वा ५० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ ।

### पशुपन्छीलाई छाडा छोडन नपाइने

संहिताले पशुपन्छीलाई छाडा छोड्न पनि बन्देज लगाएको छ । कसैले आफ्नो वा आफ्नो नियन्त्रण वा जिम्मामा रहेको कुनै पशुपन्छी अर्काको घर, जग्गा वा सार्वजनिक बाटोघाटो वा सार्वजनिक स्थलमा छाडा छोडे ३ महिनासम्म कैद तथा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्छ ।

### वेश्यागमनमा रोक

संहिताले वेश्यागमनको प्रचारमा पनि रोक लगाएको छ । वेश्यागमनका लागि प्रचार-प्रसार गर्ने-गराउनेलाई ३ वर्ष कैद र ३० हजार रुपैयाँ जरिवाना सजाय तोकिएको छ । यस्तै, वेश्यावृत्ति वा वेश्यागमनका लागि जानीजानी घर, जग्गा, सवारी साधन उपलब्ध गराए ६ महिना कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । संहिताले अश्लील पुस्तक, पर्चा, चलचित्र, तस्बिर, रेकर्ड गर्न वा बनाउन तथा बिक्री गर्न समेत रोक लगाएको छ । यस्तो कार्य गरे एक वर्ष कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ । यद्यपि वैज्ञानिक, शैक्षिक, कलात्मक र साहित्यिक, अनुसन्धानमूलक, ज्ञानबर्द्धक महत्व एवं अभिरुचिको वा धार्मिक प्रयोजनका लागि राखिएको वा बनाइएका कृतिका हकमा भने यो कनुन लागू हुने छैन ।

संहिताले सार्वजनिक स्थानमा यौनांग देखाउने, अश्लील शब्द बोल्ने वा इशारा गर्नेलाई पनि कानुनी सजायको व्यवस्था गरेको छ । त्यस्तो गर्ने व्यक्तिलाई ६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्छ । सार्वजनिक स्थानमा यौन क्रिया गर्न रोक लगाउँदै संहिताले सार्वजनिक स्थानमा अरू मानिसले देख्ने गरी कसैसँग यौन क्रिया गर्न वा कुनै किसिमको अप्राकृतिक मैथुन गर्नेलाई एक वर्ष कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ ।

### सट्टेबाजीमा १ वर्ष कैद

पहिलो पटक जुवा खेल्ने वा खेलाउनेलाई ३ महिना कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक जुवा खेल्ने वा खेलाउनेलाई एक वर्ष कैद वा ५० हजार रुपैयाँ जरिवाना र त्यसपछिको कसुरमा पटकैपिच्छे ३ महिनासम्म कैद र १० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ । यस्तै जुवामा प्रयोग भएको साधन र जुवाबाट बरामद सम्पूर्ण चल-अचल सम्पत्ति जफत हुनेछ । यस्तै, सट्टाबाजीसम्बन्धी संहितामा भनिएको छ, 'कसैले कानुन बमोजिम खेल्न-खेलाउन नहुने कुनै खेल वा प्रक्रियामा खास पक्षले हारे वा जिते कुनै चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी बाजी थापे सट्टाबाजीको कसुर गरेको मानिनेछ,' सट्टाबाजीमा प्रयोग भएको बिगो जफत गरी कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।




### भिक्षा माग्नेलाई १ वर्ष कैद

भिक्षा माग्ने वा माग्न लगाउने कार्यलाई पनि संहिताले रोकेको छ । कसैले कुनै सार्वजनिक स्थानमा भिक्षा माग्न वा बालबालिकालाई गीत गाउने, नाच्ने, खेल्ने वा कुनै काम गर्ने बहानामा अन्य व्यक्तिलाई कुनै प्रकारको रकम वा ज्याला दिई भिक्षा माग्न वा भिक्षा माग्न प्रोत्साहन दिए त्यस्तो व्यक्ति सजायको भागी हुनेछ । पहिलो पटक भिक्षा माग्नेलाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना र दोस्रो पटकदेखि प्रत्येक पटक २ महिना कैद वा २ हजार रुपैयाँसम्म जरिवाना हुनेछ । यस्तै, पहिलो पटक भिक्षा माग्न लगाएको भए एक वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना र दोस्रो वा तेस्रो पटकदेखि प्रत्येक पटक ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुने व्यवस्था गरिएको छ । यसमा कुनै साधु, सन्त, जोगी वा भिक्षुले सनातनदेखि चली आएको परम्पराअनुसार घर-घरमा भिक्षा मागे वा कुनै धार्मिक वा सांस्कृतिक कार्यका लागि भिक्षा मागिएको छ भने त्यसलाई कसुर मानिएको छैन ।

### धर्म परिवर्तन गैरकानुनी

संहिताले धर्म परिवर्तनलाई पनि गैरकानुनी ठह्याएको छ । परिच्छेद ९ को १५८ दफामा कसैले धर्म परिवर्तन गराउन वा सो कुराको उद्योग गर्न वा प्रोत्साहन गरे कसुर गर्ने वा गराउने व्यक्तिलाई ५ वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवानाको सजाय तोकिएको छ । यस्तो कसुर गर्ने व्यक्ति विदेशी भए कैद भुक्तान गरेको सातदिनभित्र नेपाल बाहिर पठाउनुपर्ने व्यवस्था छ ।

### हाडनाता र बहुविवाहमा रोक

संहिताको परिच्छेद ११ मा विवाह कसुरसम्बन्धी विभिन्न व्यवस्था गरिएका छन् । मन्जुरी बिनाको विवाहलाई गैरकानुनी मान्दै संहिताले त्यस्तो विवाह बदर हुने व्यवस्था गरेको छ भने त्यस्तो कसुर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद वा २० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था छ । यस्तै, उक्त परिच्छेदको दफा १७३ मा २० वर्ष नपुगी गरेको विवाहलाई बालविवाह ठह्याएको छ । यस्तो विवाह स्वत: रद्द हुनुका साथै ३ वर्ष कैद र ३० हजार रुपैयाँसम्म जरिवानाको सजाय हुनसक्छ । यस्तै संहिताले हाडनाता विवाहमाथि पनि प्रतिबन्ध लगाएको छ । यस्तो विवाह गरे हाडनाता करणीको कसुरमा हुने सजाय तथा गराउनेलाई ३ महिना कैद वा ३ हजार रुपैयाँ जरिवाना हुनुका साथै त्यस्तो विवाह स्वत: रद्द हुनेछ ।

संहिताले बहुविवाहमा बन्देज लगाएको छ । बहुविवाह गरेको प्रमाणित भए एक वर्षदेखि ५ वर्षसम्म कैद वा १० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ । पति-पत्नीले कानुन बमोजिम अंशबण्डा गरी भिन्न भैसकेको अवस्थामा पुरुष तथा महिलालाई पुन: विवाह गर्न कानुनले रोकेको छैन ।

### जबर्जस्ती करणीमा उमेर अनुसार सजाय

मुलुकी संहिताले जबर्जस्ती करणीमा विभिन्न सजायको व्यवस्था गरेको छ । जसअनुसार १० वर्षभन्दा कमकी बालिकामाथि जबर्जस्ती करणी भए १६ देखि २० वर्षसम्म, १० वर्ष वा १० वर्षभन्दा माथि १४ वर्षभन्दा कम उमेरकी बालिका भए १४ देखि १६ वर्षसम्म, १४ वर्ष वा १४ वर्षभन्दा माथि र १६ वर्षभन्दा कम उमेरकी बालिका भए १२ वर्षदेखि १४ वर्षसम्म, १६ वर्ष वा १६ वर्षभन्दा माथि १८ वर्षभन्दा कम उमेरकी महिला भए १० वर्षदेखि १२ वर्षसम्म तथा १८ वर्ष वा १८ वर्षभन्दा बढी उमेरकी महिला भए ७ वर्षदेखि १० वर्षसम्म कैदको सजाय हुनसक्छ । पुरुषले आफ्नी श्रीमतीसँग पनि जबर्जस्ती यौन सम्बन्ध राखे त्यो पनि दण्डनीय हुनेछ । वैवाहिक सम्बन्ध कायम गरिएकी आफ्नै श्रीमतीसँग इच्छाविपरित जबर्जस्ती करणी गरे ५ वर्षसम्म कैद सजाय भोग्नुपर्ने हुनसक्छ ।

### नोटमा लेख्न नपाइने

मुलुकी संहिताको परिच्छेद २२ को दफा २६३ मा बैक नोट वा सिक्का जलाउन, गाल्न, च्यात्न वा नोटमा लेख्न, कोर्न बन्देज लगाएको छ । त्यस्तो गर्नेलाई ३ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ ।

### गोपनीयता भंग गर्न नपाइने

मुलुकी अपराध (संहिता) ऐनले गोपनीयता विरुद्धको कामलाई कसुर घोषणा गर्दै अर्काको कुरा सुन्ने, रेकर्ड गर्ने तथा तस्बिर खिच्नेलाई २ वर्षसम्म कैद वा २० हजार रुपैयाँ जरिवाना वा दुवै सजाय तोकिएको छ । ऐनको दफा २९३ (१) मा भनिएको छ, 'कसैले दुई वा दुईभन्दा बढी व्यक्तिकाबीच भएका कुनै कुरा अधिकार प्राप्त अधिकारीको अनुमतिले वा त्यसरी कुरा गर्ने व्यक्तिहरूको मन्जुरी बिना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्ता कुराको ध्वनि अङ्कन गर्नुहुँदैन ।

### अनुमति बिना तस्बिर खिच्न नपाइने

दफा २९५ मा अनुमति बिना कुनै व्यक्तिको तस्बिर खिच्न वा तस्बिरको स्वरुप बिगार्न पनि बन्देज लगाइएको छ । 'कसैले कुनै व्यक्तिको अनुमति बिना निजको तस्बिर खिच्न वा निजको तस्बिर अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाउनु हुँदैन,' संहितामा भनिएको छ । त्यस्तो गरे १ वर्ष कैद वा १० हजार रुपैयाँसम्म जरिवाना हुनेछ । यद्यपि सार्वजनिक स्थानमा तस्बिर खिच्दा कसैको तस्बिर देखिँदा भने यो कानुन लाग्ने छैन् ।

यस्तै, कसैको तस्बिरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग जोडेर वा अन्य कुनै किसिमको विकृत रूपको तस्बिर बनाउन वा प्रकाशन गर्न पनि रोक लगाइएको छ । त्यस्तो गरे दुई वर्ष कैद वा २० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्छ ।

### ब्लफ कल गर्नेलाई दुई वर्ष कैद

संहिताका दफा २९९ मा ब्लफ कल गर्नेलाई दुई वर्ष कैद वा २० हजार रुपैयाँसम्म सजायको व्यवस्था गरिएको छ । 'कसैले आफ्नो परिचय दिई वा नदिई कसैलाई छल्ने, धोका दिने र हैरान पार्ने वा सताउने उद्देश्यले छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न-गराउन हुँदैन ।'

यस्तै, दफा ३०० मा कसैलाई डर, त्रास, वा दु:ख वा हैरानी दिने, अपमान वा बेइज्जती गर्ने बदनियतले कुनै चिठ्ठी पत्र, पर्चा वा अन्य कुनै किसिमको लिखत लेखी, लेखाई वा विद्युतीय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्काउने वा अन्य कुनै किसिमले अनुचित व्यवहार गरे एक वर्ष कैद वा १० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

### अरूको घरमा पस्न नपाइने

अरूको घरमा अनधिकृत रूपमा प्रवेश गर्न पनि कानुनले बन्देज लगाएको छ । त्यस्तो कसुर गरेको ठहरिए ३ वर्ष कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने संहितामा व्यवस्था छ ।

### सार्वजनिक सेवा अवरुद्ध गर्न नपाइने


संहिताले कसैले सार्वजनिक विद्युत् वा दूरसञ्चार वा त्यस्तै प्रकृतिका अन्य सार्वजनिक सेवा वा कानुनबमोजिम सार्वजनिक सेवामा सञ्चालनमा कुनै किसिमको डर, त्रास देखाइ बन्द गरे वा अवरुद्ध पारे ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था गरेको छ ।

साहित्य

# २०७५ पछि आएका नयाँ पुस्तकहरू

**बुक हिलले ०७५ वैशाखयता विभिन्न विधाका ४ वटा पुस्तक बजारमा ल्यायो । भूपेन्द्र खड्काका अनुसार बुक हिलले यो वर्षभरि २५ वटा पुस्तक प्रकाशन गर्ने तयारी गरेको छ । त्यस्तै फाइन प्रिन्टले वैशाख यता जम्मा एउटा पुस्तक बजारमा ल्याएको छ । बितेका महिनामा विभिन्न प्रकाशन गृहले सार्वजनिक गरेका पुस्तकसम्बन्धी संक्षिप्त जानकारी :**















### जिन्दगी, रिल्याक्स प्लिज !

शरीर, मन र आत्मा मिलेर बन्छ– जिन्दगी । यी तत्वका आ–आफ्नै लक्ष्य छन् । शरीरको लक्ष्य हो, सुख । मनको शान्ति अनि आत्माको आनन्द । शरीरको सुख, मनको शान्ति र आत्माको आनन्द– यी तीन पुँजी जीवनरूपी त्रिवेणीमा समाहित हुन पाए व्यक्तिले सत्यं शिवं सुन्दरमको 'माल' पाउँछ । सत्–चित्–आनन्दको 'माला' लगाउँछ, अर्थात् उसको जिन्दगी साँच्चिकै 'मालामाल' हुन्छ । यही मालामाल जिन्दगी नै रिल्याक्स जिन्दगी हो– भित्र आनन्दले भरिपूर्ण र बाहिरबाट सुन्दर जिन्दगी । फाइन प्रिन्टको यो पुस्तक योग विज्ञान तथा जीवनशैली प्रशिक्षण एवं वातावरण संरक्षणको क्षेत्रमा सुपरिचित डा. राजु अधिकारीले लेखेका हुन् ।

### महागुरु

पिनाकल पब्लिकेसनले बजारमा ल्याएको पुस्तक हो– 'महागुरु' । एबीसी टेलिभिजनका प्रमुख कार्यकारी अधिकृत महेश राणाद्वारा लिखित धार्मिक तथा आध्यात्मिक विषयवस्तु समेटिएको यो पुस्तक नौवटा उपशीर्षकमा विभाजित छ । पुस्तकमा मानिसको भौतिक अवस्थालाई कसरी आध्यात्मिक बनाउने भन्ने विषयमा भगवान् कालभैरवसँग गरिएको अन्तरसंवादलाई उतारिएको छ । पुस्तकमा जीवनको रुपान्तरण, आध्यात्मिक साधना आदिमा जोड दिइएको छ । यो पुस्तकको मूल्य ५ सय रुपैयाँ छ ।

### देखेको देश

पत्रकारितामा लामो समयदेखि क्रियाशील मोहन मैनालीको 'देखेको देश' ३ दर्जनभन्दा बढी निबन्धको संग्रह हो । मैनालीले आफ्नो यो कृतिमा नेपाली समाजमा विद्यमान सामाजिक मान्यता, राजनीतिक व्यवस्था तथा आर्थिक जटिलतालाई मिहिन ढंगले केलाएका छन् । यो पुस्तकमा यी कुराले नेपालीहरूको जनजीवनमा के कस्तो प्रभाव पारेको छ भन्ने कुरा देखाइएको छ । ४ सय रुपैयाँ (सफ्ट कभर) तथा ५ सय रुपैयाँ (हार्ड कभर) पर्ने यो पुस्तक बुकहिलले प्रकाशन गरेको हो ।

### ज्ञ

फिक्सन डिजाइनर कुमार नगरकोटीको 'ज्ञ' स्वैरकाल्पनिक उपन्यास हो । यो नगरकोटीको आठौं कृति तथा दोस्रो उपन्यास हो । नगरकोटीका अनुसार १ सय ८४ पृष्ठको 'ज्ञ' 'नोभिला' हो । यो उपन्यासमा अंग्रेजी भाषाको प्रयोग प्रचुर रूपमा गरिएको पाइन्छ । केही थ्रिलर प्रकृतिको यो उपन्यासको मूल्य ४ सय रुपैयाँ छ ।

### न्यायको अवशान

एसएलसी परीक्षा दिएर हजुरबा भेट्न आएका लमजुङका कृष्णप्रसाद अधिकारीको माओवादीबाट रत्नगरमा २०६१ मा हत्या भयो । आफ्ना छोराको हत्यारालाई पक्राउ गर्न माग गर्दै अनशन बसेका थिए– नन्दप्रसाद अधिकारी । अनशन बसेको ३ सय ३२ औं दिनमा वीर अस्पतालमा उनको ज्यान गयो । त्यसपछि उनकी पत्नि गंगामाया अनशन बसिन् । उनै गंगामाया अधिकारीको आत्मकथा हो– न्यायको अवशान । गंगामायाले गरेको संघर्ष र उनका भोगाइहरू यो कृतिमा समेटिएका छन् । बुक हिलले बजारमा ल्याएको यो पुस्तकको सम्पादन घनश्याम खड्काले गरेका हुन् । न्यायको अवशानको मूल्य ४ सय रुपैयाँ छ ।

### शल्यक्रिया

शल्यक्रिया पुस्तक समीक्षाको सँगालो हो । यो मदनमणि दिक्षितको माधवी एवं ऋग्वैदिक नारी चरित्रको त्रुटिगत समिक्षा तथा सौरभको असहमति पुस्तकमा भेटिएका त्रुटिको समीक्षा हो । यी तीनवटा पुस्तकको लामो चिरफार हो– शल्यक्रिया । यसका लेखक जंगबहादुर शाह हुन् । यो कृतिको मूल्य ३ सय ५० रुपैयाँ पर्छ ।

### विमान विद्रोह

प्रजातान्त्रिक आन्दोलनका सक्रिय राजनीतिक व्यक्तित्व हुन्– दुर्गा सुवेदी । नेपालको पहिलो र एक मात्र विमान अपहरणमा उनी पनि संलग्न थिए । हालै प्रकाशित उनको संस्मरणहरूको सँगालो हो– विमान विद्रोह : एउटा राजनीतिक अपहरणको बयान । यो पुस्तकमा पञ्चायती व्यवस्थाविरुद्ध गरिएका विभिन्न संघर्ष पनि समेटिएका छन् । कांग्रेसले हतियार उठाउँदाका अन्तरकथा, कोइराला परिवारको भित्री कथा र त्यस क्रममा उनी स्वयंलाई पार्टीभित्रैबाट मार्न गरिएको षड्यन्त्रको भित्री कथा पनि यो पुस्तकमा समेटिएको छ । अझ रोचक त के भने सुवेदीकी श्रीमती सुशीला कार्की प्रधानन्यायाधीश रहँदा तत्कालीन अख्तियार प्रमुख लोकमानसिंह कार्कीका आफन्त १० करोड रुपैयाँ दिने प्रस्ताव लिएर आएको खुलासा पनि यो पुस्तकमा गरिएको छ । यो पुस्तक किताब पब्लिसर्सले प्रकाशन गरेको हो ।

### मञ्जूषा

नेपाली कथानक चलचित्र चलेछ बतास सुस्तरीकी निर्देशक सबु सुवेदीको उपन्यास हो– मञ्जूषा । उपन्यासकार सुवेदीले यो उपन्यासमा मञ्जूषाले महिलाहरूको प्रतिनिधित्व गरेकी छिन् । मञ्जूषा सामान्य परिवारमा हुर्किएकी पात्र हुन् । उनले लगातार पाँच जनालाई प्रेम गर्छिन् । आफ्नो पछिल्लो प्रेम टुटेपछि मञ्जूषा कसरी अगाडिको जिन्दगी बिताउने भन्ने निर्णयमा पुग्छिन् । प्रेममा केन्द्रित यो उपन्यासमाथि चलचित्र निर्माण गर्न सकिने सुवेदी बताउँछिन् । यो पुस्तक शिखा बुक्सले प्रकाशन गरेको हो ।

### रणहार

भक्तपुरका अन्तिम मल्ल राजाका बारेमा केन्द्रित पुस्तक हो– 'रणहार' । यसको मुख्य पात्र हुन्, रणजित मल्ल जसले भक्तपुरमा आधा शताब्दी शासन गरेका थिए । मल्लले सन् १७६९ मा पृथ्वीनारायण शाहका सैन्य र चलाखीपूर्ण कदमहरूका कारण राज्य गुमाउनुपर्‍यो । पृथ्वीनारायण शाहले भक्तपुरमा कब्जा जमाएपछि उनको उपत्यका विजय यात्रा टुंगिएको थियो । इतिहासका अध्येता योगेश राज खुलेर सार्वजनिक भएका छैनन् । यद्यपि ऐतिहासिक विषयवस्तुमा लेखक योगेश राज रोचक ढंगमा प्रस्तुत भएका छन् । खासगरी यो पुस्तक भक्तपुर सत्तासिन कुलीन वर्ग र गोर्खालीसामु तिनले गरेको आत्मसमर्पणको कथा हो । नेपालयले प्रकाशन गरेको यो पुस्तकको मूल्य ३ सय २५ रुपैयाँ छ ।

### अर्थात अर्थतन्त्र : नेपाली इलम र उद्यमको यात्रा

अर्थ मामिलाका लेखक तथा टिप्पणीकार सुजीव शाक्यको पुस्तक 'अर्थात् अर्थतन्त्र' ले नेपाली अर्थतन्त्रलाई मिहिन रूपमा विश्लेषण गरेको छ । शाक्यले विभिन्न अंग्रेजी पत्रपत्रिकामा स्तम्भ तथा लेखहरू लेख्दै आएका छन् । उनी नेपाली भाषामा पहिलो पटक साक्षात्कार हुन लागेका हुन् । यो पुस्तक नेपालको अर्थतन्त्र कसरी सुरु भयो तथा नेपाली अर्थतन्त्र कता गैरहेको छ ? भन्ने विषयमा केन्द्रित छ । शाक्यले मैना धितालसँगको सहकार्यमा यो पुस्तक तयार पारेका हुन् जसको मूल्य ४ सय ७५ रुपैयाँ छ ।

### ग्लोबल सिटीजन फ्रम गुल्मी

ग्लोबल सिटीजन फ्रम गुल्मी कुलचन्द्र गौतमको अटोबायाग्राफी हो । संयुक्त राष्ट्रसंघको उपमहासचिव तथा राष्ट्रसंघीय बालकोष (युनिसेफ) को कार्यकारी उपनिर्देशकसम्म पुगेका गौतमले आफ्ना अनुभव, अनुभूतिहरू यो पुस्तकमा समेटेका छन् । यसमा लेखकको बाल्यकाल, जन्मिएको ठाउँमा भोगेको दुःख, झेलेको संघर्षदेखि लिएर राष्ट्रसंघ तथा युनिसेफको उच्च ओहदा पुग्दाका आरोह–अवरोहहरू समेटिएका छन् । जीवनमा गौतमले नेलशन मण्डेला, बिल गेट्स, एड्वार्ड शेभर्नात्जेदेखि थाइल्यान्डका राजा भूमिबोल अदुल्यादेज लगायत युनिसेफका थुप्रै सद्भावना दूतसँग भेट्दाका रोचक अनुभवहरू समेटिएका छन् । यो पुस्तक अमेजोनको प्रिन्ट अन डिमाण्ड (पीओडी) तथा किण्डलमार्फत संसारभर उपलब्ध छ ।

मूल्य : ८ सय ९५ (सफ्ट कभर), मूल्य : १ हजार ३ सय ९५ (हार्ड कभर)

### जंगबहादुरको जीवनयात्रा


नेपाली समाजमा जंगबहादुरका अनेक कहानी सुन्न पाइन्छ– त्रिशूलीमा घोडासँगै हाम फालेको, अग्निगर्भबाट आमाछोरालाई निकालेको, मत्ताहात्तीलाई वशमा ल्याएको, धरहराबाट दुईवटा छातासहित हाम फाल्ने वाचा गरेको जस्ता थुप्रै कुरा । जंगबहादुरको बेलायत यात्राको डायरीमा आधारित भएर यो पुस्तक तयार पारिएको हो । ओरिएन्टल पब्लिकेसनको यो पुस्तक पदमजंग राणाले अंग्रेजीमा लेखेका अनि रामबहादुर पहाडीले नेपालीमा अनुवाद गरेका हुन् । यो पुस्तकमा जंगबहादुर निजी कुराहरू, उनका दुःख, जीवनमा झेलेका संघर्ष, देशका लागि गरेको काम तथा उनको व्यक्तित्वका सम्बन्धमा थुप्रै जानकारी प्राप्त गर्न सकिन्छ । २ सय ९२ पृष्ठको यो पुस्तकको मूल्य ४ सय २५ रुपैयाँ छ ।

प्रस्तुति : नरेन्द्र रौले






















अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू




ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।

"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"

थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)

SMS SUB to 38080

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।

आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

भदौ १ गते
मुलुकी ऐन दिवस

भदौ ६ गते
पुत्रदा एकादशी

भदौ ७ गते
अन्तर्राष्ट्रिय दास व्यापार उन्मूलन दिवस

## मेष

ठूलो लगानी गरी व्यवसाय प्रारम्भ गर्दा विदेश यात्राको मौकासमेत जुर्नेछ। मनोरञ्जक क्रियाकलापमा सहभागी हुँदा विवेक पुऱ्याउनुहोला। कार्य सञ्चालनमा आइलागेका बाधाहरू फुकुवा हुनेछन्। सरोकार नभएको काममा फजुल खर्च बढाउनेछ। भौतिक सुविधाका साधन खरिद गर्ने अवसर जुट्नेछ।

## वृष

कीर्तिमानी कार्य गर्न सकिनेछ। स्वास्थ्यमा सामान्य गडबडी देखिएला, सावधानी अपनाउनु नै उपयुक्त हुन्छ। मंगलबार तथा गुरुबार महत्वपूर्ण कार्य सम्पन्न गर्नुहोला। सवारी साधन चलाउँदा विशेष ध्यान दिनुपर्नेछ। विदेशी पाहुनाहरूसँग भेटघाट गर्ने अवसर जुट्नेछ।

## मिथुन

नयाँ स्थानको भ्रमण हुनसक्छ। प्रियजनसँगको भेटघाटमा दिनचर्या रमाइलोसँग बित्नेछ। साथीहरूले दिएका सुझावप्रति बेवास्ता गर्नाले आफ्नो कार्यसम्पादनमा असर पर्न सक्छ। नयाँ एवं पुराना कामको प्रतिफलले अन्य योजना बनाउन सहयोग पुऱ्याउनेछ।

## कर्कट

सामूहिक लगानीमा नयाँ काम प्रारम्भ हुनसक्छ। गुणस्तरीय व्यवसाय सुरुवात गर्न साझेदारीहरूबीच मत मिल्नेछ। सघाउन आउने सहयोगीले षड्यन्त्र गर्न सक्छन्, सचेतना अपनाउनुहोला। विपक्षीले स-साना कमजोरी औंल्याउँदा परिणाम आफ्नै पक्षमा आउनेछ।

## सिंह

भित्रभित्रै चियोचर्चा गर्नेहरूसँग सावधानी अपनाउनु नै बेस हुन्छ। मौसमी फेरबदलबाट आइलाग्ने पारिवारिक अस्वस्थतामा समय खर्चिनुपर्ला। बोलीमा थप प्रभाव पार्न रातो रंगको प्रयोग लाभदायक सावित हुनसक्छ। यात्रामा खराब आचरण भएकाहरूबाट टाढै रहनुहोला।

## कन्या

सम्झनलायक कार्य सम्पन्न गर्दा ठूलाबडा व्यक्तिको सहयोग तथा आशीर्वादको आवश्यकता पर्नेछ। करियर बनाउन दैनिकीमा परिवर्तनको खाँचो छ। विशिष्ट व्यक्तिहरूसँगको भेटले नयाँ/पुराना कार्य सम्पन्न गर्न जुक्ति-बुद्धि प्रदान गर्नेछ। आफ्नो सामाजिक हैसियतको हेक्का राख्नुहोला।

## तुला

बलमिच्याइँ गरे काम बिग्रने सम्भावना छ। मन पराउनेहरूले दिएको सुझाव अनुसरण गर्दा समय बचत हुन सक्छ। आकर्षक सवारी साधनको खरिदले अरूको मन लोभ्याउनेछ। भ्रमण गर्दा खर्च बढी भै व्यवहारिक झमेला आइलाग्न सक्छ। साताको अन्त्यमा स्वास्थ्यमा ध्यान पुऱ्याउनुहोला।

## वृश्चिक

अभिभावकको सुझावअनुसार कार्य गर्दा इच्छित परिणाम प्राप्त गर्न सहज हुनेछ। विवेक नपुऱ्याई गरिएका कार्यले हानि-नोक्सानी गर्न सक्छ। बाहिरी कुराले तपाईंप्रति परिवारका सदस्यहरूको गुनासो बढ्न सक्छ। जिम्मेवार भै व्यवहार गर्नुहोला। आम्दानी हुने विविध व्यवसाय सञ्चालन गर्न सकिन्छ।

## धनु

सहयोगीहरूको प्रस्ताव स्वीकार गर्दा फाइदा नै हुनेछ। अर्काको बढी विश्वास गर्दा गोप्य सूचना बाहिरिएर समस्या सिर्जना हुनसक्छ। परिवार तथा नजिकका नातेदारले आफ्ना भनाइ नसच्याउँदा तिक्तता बढ्न सक्छ। नम्र भएर संयमित व्यवहार गरे सबैले तपाईंको विचारको समर्थन नै गर्नेछन्।

## मकर

दैनिक कार्यहरू ओझेलमा पर्न सक्छन्, त्यसमा तदारूकताको आवश्यकता छ। परिस्थितिअनुरूप अघि बढ्नुहोला। इच्छाएको जिम्मेवारी प्राप्त भए पनि त्यसमा थप मेहनतको खाँचो पर्नेछ। विपक्षीहरूले आफ्ना त्रुटि औंल्याउन सक्छन्। आफ्ना कमजोरीलाई सकारात्मक रूपमा आत्मसात् गर्न सक्दा उचाइमा पुगिनेछ।

## कुम्भ

नयाँ रोजगारी हात पार्न बौद्धिक व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन सक्छ। अवसरलाई चुनौतीका रूपमा शिरोधार्य गरी प्राप्त मौका नगुमाउनुहोला। सोचविचार नगरी अरूलाई वचन दिँदा प्रतिकूल परिस्थिति आइलाग्न सक्छ। नीलो रंग प्रयोग गर्न सके चुनौती सामना गर्न सहज हुनेछ।

## मीन

घरेलु कार्यमा अलमलिँदा महत्वपूर्ण काम ओझेलमा पर्न सक्छ। उत्तेजित भै अनुभव नभएको व्यवसायमा हात हाले नोक्सान होला। कर्मचारी वर्गका निम्ति स्थान परिवर्तन वा नयाँ अन्य अवसर प्राप्त हुने सम्भावना छ। साताको अन्त्यमा परिस्थिति रमाइलो भए पनि भविष्यको चिन्ताले सताउन सक्छ।

**अब हाम्रो पालो**

# एयरपोर्ट आउँदाको नमीठो अनुभव के छ ?

खाडीबाट छुट्टीमा नेपाल जाँदा बल्ल-बल्ल एउटा टिभी बोकेर गा'को, ३२ इन्चको १६ हजार तिर्नुपरेको नमीठो अनुभव छ।

**कृष्ण गौतम**

त्यस्तो अनुभव त धेरै छ। एकपटक त्यहाँ काम गर्ने एउटा कर्मचारीले मेरो हयान्ड ब्यागबाट मलाई मन परेको हेडफोन चोरेर मरेछ।

**देव चौधरी**

त्यहाँका कर्मचारीहरूको व्यवहारको कुरा गरेर साध्य छैन। म नै हुँ सम्राट्, मजति ठूलो कोही छैन भन्ने सोच्छन्। आखिर तिनीहरू पनि त हाम्रै रेमिटेन्सबाट तलब खान्छन् नि !

**दीप गिरी**

एयरपोर्टका कर्मचारीहरूले रूप र लवाइ हेरेर व्यवहार गर्दा रै'छन्। अलि सुकिला-मुकिला अथवा युरोप-अमेरिकाबाट आएकाहरूसँग राम्रो व्यवहार गर्ने अनि खाडीबाट आएको भन्नेबित्तिकै आचरणमा परिवर्तन आउने। त्यहाँ प्रहरी दाजुभाइको व्यवहार पनि उस्तै।

**विशाल पाण्डे**


## नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना



CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९




एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल हुनुको पीडा नेपालीले मात्र होइन, लाखौं विदेशीले समेत भोग्नुपरेको छ। यसले सारा विश्वमा नेपालका बारेमा कस्तो सन्देश जान्छ, मैले भन्नु नपर्ला। पीडा मात्र नभएर यस्तो अवस्थामा लाखौंलाख नेपाली तथा विदेशी यात्रीको ज्यानसमेत जोखिममा छ।

**दिनेश बन्जारा**

ट्रली पाइँदैन। आफ्नो ब्याग नआउँदै ट्रली समाएर बस्छन्। दिनुस् न भन्दा पहिले नै समाउनु पर्दैन रे !

**रविन थापामगर**

पासपोर्टमा सरकारको छाप हल्का मधुरो रहेछ, त्यो देखेर इमिग्रेसनमा 'यो छाप कसरी लगा'को ? यो मान्य हुँदैन' भन्यो। हल्का लफडा भयो अनि दुःख पनि पाइयो।

**सुबास श्रेष्ठ**

एयरपोर्टको गेटअगाडि माग्नेको भीड, नेपाली हुन् कि विदेशीसबैसँग झुत्ती खेलेर मागेको देख्दा यो हाम्रो देश नै होइन जस्तो लाग्छ।

**राजन भट्टराई**

धेरै कुरा छन्, तर सबै कुरा एक ठाउँमा समेटेर भन्छु– त्यो विमानस्थल पुग्नुपर्दा लुटेराको संसारमा पुगेजस्तो महसुस हुन्छ। आफ्नो सामान तथा खाडीको पसिना र रगतको कमाइ जोगाउनै गाऱ्हो। यो लुटेराको देश अनि सतीले सरापेको मुलुक कहिले परिवर्तन हुने हो ?

**कार्लोस**

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
> १. गाईजात्रामा कसैलाई कसरी ब्यंग्य गर्नु हुन्छ ?

विदेशबाट एयरपोर्ट आउँदा धक्कासँग आफ्नो सामान लिएर गन्तव्यसम्म जान पाइयोस्। धक्कामुक्का र तानातान सहँदै गन्तव्यमा पुग्नुपर्ने अवस्था छ। सभ्य मुलुक र समाजका लागि यो भयानक लज्जास्पद विषय हो। यसले नेपाललाई अन्तराष्ट्रिय स्तरमै बदनाम गराएको छ। स्वतन्त्र रूपमा घुम्न आउने विदेशी पर्यटक ठगी अनि लुटपाटमा पर्ने अवस्था छ। यस्तो बेथिति कहिलेसम्म चलिरहने हो ?

**गोपाल अर्याल**

कागजपत्रको प्रक्रिया झन्झटिलो छ। हामी खाडीमा काम गर्नेहरूलाई झन् गाऱ्हो छ। इमिग्रेसन पास हुन गाऱ्हो छ। कर्मचारीहरूलाई कुलदेवतालाई झैं ज्यू गर्नुपर्छ, नत्र फर्काईदेलान् भन्ने डर।

**बद्री रिमाल**

आफू त सधैं अरूलाई बिदाइ र स्वागत गर्न मात्र जानुपऱ्या छ।

**सुरेश जुपिटर**

एयरपोर्टबाट बाहिरिने क्रमका साथै एयरपोर्टबाहिर देखिने मनुष्यरूपी पशुहरूको व्यवहार देख्दा दिक्क लाग्छ।

**भरत न्यौपाने**

कुन एयरपोर्टको कुरा गर्नुभयो सम्पादकज्यू ?

**डल्ली कान्छी**

कर्मचारीको व्यवहार देखेर नरमाइलो लाग्छ।

**दीपेन्द्र गुरुङ**

गिद्धले सिनो ढुकेजस्तो गरी हेर्छन् एयरपोर्टका कर्मचारीहरू।

**दिनेशकुमार**

असमान व्यवहार देखेर वाक्क लाग्छ।

**सन्तोष मगर**

मोबाइल चोरेर लगेको अनि ट्याक्सीवालाको तानातान।

**सागर**

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म र मेरी श्रीमती दुवै समान उमेरका छौं । हामी अहिले ३२ वर्षका भयौं । हाम्रा दुई सन्तान पनि भैसके । हामी दुवै जना सरकारी जागिरे हौं । हामी दुवैले काम गर्ने स्थान फरक-फरक भए पनि साँझ, बिहान, राति सँगै बस्छौं र खानपानसमेत राम्रै खाने गरेका छौं । घरको काम पनि दुवैले मिलेर गर्दै आएका छौं, यद्यपि हामीबीच यौनसम्बन्धी समस्या छ । म र मेरी श्रीमतीको यौनचाहना फरक खालको छ, मलाई रातको एक-दुई पटक सेक्स गर्न मन लाग्छ, तर मेरी श्रीमती साताको एकपटक मात्र चाहन्छिन् । के यस्तो पनि हुन सक्छ ? हरेक रातको एक पटक मात्र भए पनि सेक्सप्रति उनको चाहना बढाउन सकिन्छ कि सकिंदैन ? सकिन्छ भने त्यसका लागि के गर्नुपर्ला ? अर्को, मेरो लिंग अलि सानो छ । के मेरो लिंग सानो भएका कारणले गर्दा उनको यौनचाहना पूरा नभएर त सेक्स गर्न मन छैन भनेकी होइनन् ? यसको समाधान के छ ? लिंग ठूलो बनाउन के गर्नुपर्ला ? मेरी श्रीमती मिन्स हुनुभन्दा १०-१२ दिन पहिलेदेखि नै स्तन तथा तल्लो पेट दुख्छ भन्छिन् । अनि छाती समाउन पनि दिन्नन्, अरूको त कुरै भएन । यसको समाधान के होला ? मेरी श्रीमती सुपारी अत्यधिक खान्छिन्, त्यसले यौन जीवनमा केही असर गर्छ कि गर्दैन ?



पी.

### असमान यौनेच्छा

दम्पती वा जोडीमध्ये एकलाई बढी यौनेच्छा हुनु र अर्कोलाई कम हुनुलाई अनमेल वा असमान यौनेच्छा (mismatched libido) भनिन्छ । यसले वैवाहिक तथा यौन जीवनमा असजिलो सिर्जना गर्ने पक्का छ । यस्तो स्थितिमा कसैले यौन सम्पर्क नै राख्न नमान्ने हुन्छ भने कसैले यौन सम्पर्क राखे पनि त्यसमा कुनै उत्साह देखाउँदैनन् । धेरैजसोले यस्तो अनमेलताको दोष आफ्नो यौनसाथी वा श्रीमान्/श्रीमतीलाई नै दिएको पाइन्छ ।

एक त तपाईंकी श्रीमतीमा यौनचाहना नै कम भएको हुन सक्छ भने अर्कातिर अन्य कारण पनि हुन सक्छन् । तपाईंकी श्रीमती यौन क्रियाकलापमै संलग्न हुन नरुचाउनुभएको हो भने पर्याप्त मात्रामा यौन चाहना नहुने, यौन उत्तेजना नै सुरु नहुने वा यौन सन्तुष्टि प्राप्त गर्न बाधा पार्ने कुनै पनि कुराका शारीरिक, मानसिक वा दुवै कारण हुन सक्छन् । पाठेघर वा त्यसवरिपरिको संक्रमणका कारण यौनसम्पर्क नै पीडादायक हुने भएकाले कतिपय महिला यौनसम्पर्क नै गर्न मान्दैनन् । केही दीर्घरोगको पनि यस्तो प्रभाव पर्न सक्छ । त्यसैगरी मानसिक कारणहरूमा यौनप्रतिको गलत मानसिकता, आफैंभित्रका मानसिक विरोधाभास, श्रीमान्‌बाट नै भए पनि यौन दुर्व्यहारजस्ता निकै दुःखपूर्ण/आघातपूर्ण पूर्व यौन अनुभूतिजस्ता कुराले यौन क्रियाकलापमा सहज रूपमा लाग्न रोक्छ । त्यसबाहेक दैनिक जीवनमा आइपर्ने तनाव, जस्तै– चिन्ता, निराशा, थकाइ, अन्तरव्यक्ति सम्बन्धको चिसोपन तथा दम्पतीबीचको तनाव आदि यसका कारण हुन सक्छन् । तपाईंको पारिवारिक जीवनका अन्य कतिपय कुरा पनि यससँग सम्बन्धित हुन सक्छन् । उमेरअनुरूप पनि यौनेच्छाको तीव्रतामा परिवर्तन आउँछ । यी सबै कुराको सूक्ष्म अवलोकन तपाईंले नै गर्न सक्नु हुन्छ । यदि श्रीमतीमा यौन चाहना नभएको हो वा अन्य कारणले यौनसम्पर्क राख्न नचाहनु भएको हो भने त्यसलाई हटाउनुपर्ने हुन्छ । स्त्रीरोग विशेषज्ञबाट जाँच गराउनुभए प्रजनन अङ्गमा केही समस्या भए थाहा पाउन सकिन्थ्यो । तपाईंकी श्रीमतीपछि सम्पूर्ण परिस्थितिका बारेमा सबैभन्दा बढी तपाईंलाई नै थाहा हुने भएकाले त्यसको विश्लेषण गरेर समाधानको बाटो पहिल्याउनुहोस् ।

अर्को कुरा, तपाईंले चाहेजस्तै र आफ्नो अनुकूलताअनुसार नै सबै कुरा नहुन सक्छ । यसमा दुई व्यक्ति संलग्न हुने भएकाले दुवैको चाहना अनि अनुकूलतालाई विचार गरेर कुनै मध्यबिन्दुमा पुग्नुपर्ने हुन्छ । तपाईंले यौनसम्पर्क राख्ने चाहना नहुनुको कारण पत्ता लगाउने र त्यसलाई हटाउनेतर्फ ध्यान दिनुपर्ने हुन्छ ।

### सानो लिंग र सन्तुष्टि

महिलाले विभिन्न किसिमले यौन उत्तेजनालाई निरन्तरता दिंदै जान सक्छन् र चरमसुख प्राप्त गर्छन् । यसका लागि महिलाले आफ्ना विभिन्न यौन संवेदनशील अङ्गको घर्षण-मर्दन गर्छन् । महिलाको सबैभन्दा यौन संवेदनशील अङ्ग भगांकुर हो र यो बाहिरतिरै हुन्छ । यसलाई हात वा औंलाले नै चलाएर यौन चरमसुख प्राप्त गर्न सहयोग गर्न सकिन्छ । त्यसैगरी योनि अर्को महत्वपूर्ण अङ्ग हो । सम्पूर्ण योनिको लम्बाइ हेर्ने हो भने यसको भित्री भाग अर्थात् पाठेघरतिरको भाग होइन कि बाहिरतिर एकतिहाई भाग नै विशेष रूपमा यौन संवेदनशील हुन्छ । सामान्य अवस्थामा योनिको लम्बाइ ४ इन्चजति हुन्छ र साधारणतया छोटो भनिने लिंग पनि आफ्नो यौनसाथीलाई यौनसुख दिन पर्याप्त हुन्छ । तपाईंको ३ दशमलव ५ इन्चको लिंग योनिको बाहिरतिरको १ दशमलव ३ जतिको यौन संवेदनशील भागको घर्षण गर्न पर्याप्त छ । त्यसैले लामो लिंग नै चाहिन्छ भन्ने छैन । लिंग लामो पार्ने भरपर्दो उपाय शल्यक्रिया हो, तर यसका आफ्नै जटिलता छन् ।

सामान्यतः महिलालाई पुरुषको भन्दा केही बढी समय लाग्ने भएकाले यौन क्रियाकलापमा संलग्न हुने सन्दर्भमा पर्याप्त पाक्कीडामा संलग्न भए यौन उत्तेजना प्राप्त गर्न र चरमसुखसम्म पुग्न सजिलो हुन्छ । चरमसुख दुवै जनाले एकसाथ पाउनुपर्छ भन्ने छैन, आलोपालो गरेर प्राप्त गरे पनि हुन्छ ।

### स्तन र तल्लो पेटको पीडा

तपाईंकी श्रीमतीलाई पहिले पनि यस्तो हुन्थ्यो कि हुँदैनथ्यो, लेख्नुभएको छैन । कतिपयलाई यस्तो समस्या तरुणावस्थामा हुने तर सन्तान भएपछि कम हुने भए पनि कसैकसैमा ३० वर्षको उमेर कटेपछि पनि हुन सक्छ । हार्मोनमा हुने उतारचढावले यस्तो भएको हुन सक्छ । पहिले हार्मोनयुक्त औषधीको सेवन गरेका महिलाले बीचमा छोडेर पछि फेरि सुरु गरेको अवस्थामा पनि यस्तो समस्या देखा पर्छ । त्यसबाहेक पाठेघर तथा त्यसको वरिपरि केही समस्या छ कि भनेर पनि हेर्नुपर्छ । तपाईंकी श्रीमतीले एकपटक यो समस्याका लागि स्त्री रोग विशेषज्ञसँग सम्पर्क गर्दा बेस होला ।

### सुपारी सेवन तथा यौन चाहना

सुपारीको सेवनको सन्दर्भमा तपाईंको शंका त्यसले यौनेच्छाका कमी ल्याउँछ कि भन्ने हुनुपर्छ, तर सुपारीले यौनेच्छा तथा यौन क्षमता बढाउँछ भन्ने मान्यता छ । पानको पत्तासँग नभै अन्य रूपमा खाइएको सुपारीले लिंग उत्तेजनामा केही समस्या ल्याएको पनि एक अनुसन्धानले देखाएको छ, तर पानको पत्तासँग खाइएको सुपारीबाट त्यस्तो देखिएन । सुपारी सेवन गर्नेहरूको यौनकार्यसम्बन्धी नतिजा तटस्थ रहेको उक्त अनुसन्धानले देखाएको छ । त्यसैले यसलाई यौनेच्छामा आएको कमीको कारण मान्नुपर्ने कुनै आधार छैन ।



### सूचना

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## डा. सुमनको सल्लाह



डा. सुमनराज ताम्राकार

नेपालमा अधिक प्रचलित मागी विवाहका क्रममा भावी दम्पतीबीच अन्य पक्षमा व्यापक छलफल हुने भए पनि यौनका विषयमा खासै छलफल हुने गरेको छैन । नेपालमा विवाहपछि मात्र यौनसम्पर्क राख्ने सामाजिक तथा कानुनी मान्यता छ । बाल्यावस्थामा यौनसम्बन्धी जिज्ञासा दबाउने तथा किशोरावस्थामा आवश्यक मात्रामा यौन शिक्षा नदिइने कारण विवाह लगत्तै दम्पतीबीच एक अर्कासँग यौनिक रूपमा कसरी प्रस्तुत हुने भन्ने कुरामा कौतूहलतासँगै अन्यौल समेत देखिन्छ ।

नवदम्पतीले प्रयोग गर्ने कोठाको रंगरोगनका साथै पलङ, बिच्छ्यौना आदि सुव्यवस्थित गरिएको हुन्छ । वातावरण सुमधुर बनाउन अत्तर तथा बास्नादार धूप प्रयोग गर्न सकिन्छ । ताजा फलफूल एवं दूधको व्यवस्था गर्न सकिन्छ । वैवाहिक जीवनको पहिलो रातदेखि नै आपसमा सुमधुर सम्बन्ध बनाउनुका साथै दाम्पत्य जीवन प्रगाढ बनाउन यी कुराले उत्प्रेरकको काम गर्छन् ।

जिम्मेवार नवदम्पतीले पहिलो रात (मधुरात्रि) आपसी भलाकुसारीसँगै महिनावारी, महिनावारी चक्र, सुरक्षित यौन, आकस्मिक गर्भ निरोधका साथै यौन स्वास्थ्य, यौन चाहनाका विषयमा स्पष्ट रूपमा छलफल गर्न आवश्यक छ । नेपाली समाजमा मागी, भागी वा कानुनी विवाहपछि नवदम्पतीले यौन क्रियाकलापमा संलग्न हुन छुट पाएका कारण उनीहरू पहिलो रातदेखि नै डर-त्रास बिना मानसिक रूपमा स्वतन्त्र तरिकाले यौन कार्यमा संलग्न हुन्छन् ।

यद्यपि त्यसो भन्दैमा एक अर्कामा राम्रोसँग भावना तथा चाहना साटासाट नभै यौन कार्यमा हाम फाल्नु हुँदैन । विवाहपछिको पहिलो रात वैवाहिक तथा यौन जीवनको आधार भएकाले आफ्नो स्वार्थ प्रकट गर्नुभन्दा जिम्मेवार तरिकाले प्रस्तुत हुनु बुद्धिमानी हुन्छ । यसो भए विशेषतः महिला यौनसाथी (श्रीमती) ले यौन प्रति गलत धारणा बनाउँदैनन् । प्रथम रात्रिमै अधिक चञ्चल भै नवदुलहीलाई नांगै सुत्न उत्प्रेरित गर्ने तथा उज्यालोमा यौन क्रियाकलाप गर्ने जस्ता मूर्खता गर्नुहुँदैन ।

नेपाली समाजमै पनि फरक-फरक खालका वैवाहिक संस्कार छन् । विवाह लगत्तैको भोज तथा पार्टीका कारण पनि शारीरिक थकान हुने सम्भावना उत्तिकै हुन्छ । यस्तो बेला नवदम्पतीले आफ्नो यौन चाहना परिपूर्ति गर्नतर्फ मात्र लाग्नुभन्दा मधुरात्रि पूर्वको समय परिवारसँग हेलमेल तथा सरसहयोग गर्नुपर्छ । पहिलो रात्रिमा कसरी प्रस्तुत हुने वा भइन्छ भन्ने कुरा व्यक्तिपिच्छे वा पारिवारिक वातावरण अनुसार पनि फरक पर्छ ।

मधुरात्रिमा नभै त्यसपछिका मधुमासका बेला पनि यौन स्वास्थ्यका दृष्टिले धेरै कुरामा ध्यान पुर्‍याउनुपर्छ । यौनिक भोजन, यौनांगको सरसफाइ, यौन सम्बन्ध राख्ने उचित समय, सुरक्षित यौन, कन्डमको सही प्रयोग तथा भित्री पहिरनको सही व्यवस्थापन गर्नुपर्छ । पटक-पटकको यौन क्रियाकलापका कारण जननेन्द्रियको संक्रमण, असामान्य योनिश्राव, पिसाब पोल्ने समस्या, रगत बग्ने समस्या (हाइमेन वा अग्रचर्म च्यातिएर), यौन सम्पर्कका बेला अधिक पीडा हुने समस्या भएको खण्डमा चिकित्सकसँग परामर्श लिन ढिला गर्नु हुँदैन । मधुरात्रि तथा मधुमासका बेला नौलो ठाउँ, होटल लजमा रात बिताउँदा आफ्नो तथा नवदुलहीको सुरक्षामा उत्तिकै ध्यान पुर्‍याउनुपर्छ ।

प्रथम रात्रि (मधु रात्रि) रोमाञ्चकता, कौतूहलतासँगै जिम्मेवारीको सुरुवाती विन्दु पनि हो । यौन सम्बन्ध त यसको गन्तव्य हो नै, तै पनि आफ्नो जीवनसाथीको विश्वास जितेर उनलाई पूर्ण मात्रामा उत्तेजित बनाई यौन सन्तुष्टि दिनु-लिनु जिम्मेवार श्रीमान्‌को दायित्व हो । कतिपय कुरा प्रति आ-आफ्नै धारणा एवं सोच हुन्छ । त्यसैले प्रथम रात्रि (मधुरात्रि) तनावको समय पनि हो, तसर्थ दबाएर, बल प्रयोग गरेर आफ्नो विचार लाद्नुभन्दा सहमति एवं समझदारीको वातावरण बनाउनु उपयुक्त हुन्छ ।

# पदक जित्ने सम्भावना बोकेका नेपाली खेलाडी

भोलिदेखि इन्डोनेसियामा १८ औं एसियाली खेलकुद प्रारम्भ हुँदैछ । दुई साता चल्ने यो प्रतियोगितामा नेपालको प्रदर्शन कस्तो हुने हो, त्यसलाई लिएर विभिन्न अनुमान चलिरहेको छ । साँच्चै नेपालका लागि पदक जित्ने सम्भावना बोकेका खेलाडी को-को हुन् त ? अथवा नेपालका लागि राम्रो प्रदर्शन गर्ने खेलाडी को-को हुन सक्छन ? एउटा तथ्य के निश्चित छ भने नेपाली खेलाडीले यसपटक पदक जित्ने हो भने निकै कडा मेहनत गर्नुपर्नेछ ।



तस्बिर : गण्डकीअपडेटडटकम

## प्याराग्लाइडिङ टिम

लगभग दाबी जस्तै गर्न सकिन्छ, सम्भवतः यसपटकको एसियाली खेलकुदमा नेपालका लागि पदक भित्र्याउने सबैभन्दा बढी सम्भावना भएको खेल हो– प्याराग्लाइडिङ । एसियाली खेलकुदमा पहिलो पटक प्याराग्लाइडिङ खेल समावेश गरिएको छ र यसमा विमल अधिकारी, विशाल थापा, सुशील गुरुङ, विजय गौतम, युकेश गुरुङ, पार्वती भुजेल, सविता तामाङ तथा त्रिशा श्रेष्ठले नेपालको प्रतिनिधित्व गरिरहेका छन् । पूरा टिमलाई नै व्यक्तिगत भन्दा पनि समूहमा पदकको प्रत्यासी मान्न सकिन्छ ।

यसपटक प्याराग्लाइडिङका खेलाडीहरू निकै उत्साहित पनि छन् र उनीहरूले स्वर्ण पदककै सपना देखिरहेका छन् । प्याराग्लाइडिङमा नेपालका सबैभन्दा ठूला प्रतिस्पर्धी हुन्, दक्षिण कोरिया र जापानसँगै इन्डोनेसियाका खेलाडी । उनीहरूको दाबेदारीलाई कुनै न कुनै स्पर्धामा काट्न सक्ने हो भने नेपालले प्याराग्लाइडिङबाट पदक ल्याउने निश्चित छ । हुन पनि नेपालले अहिलेसम्म प्याराग्लाइडिङका जति पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएको छ, त्यसमध्ये कुनैमा पनि पदकविहीन हुनुपरेको छैन, भलै यसको इतिहास लामो भने छैन ।

नेपाली टिमका कप्तान हुन्- विमल । उनले केही समयअघि मात्र प्रि-वर्ल्डकपमा तेस्रो स्थान हात पारेका थिए । नेपालको सम्भावना पुरुषतर्फ नै बढी छ । महिलातर्फ नेपालले पहिलो पटक यति ठूलो प्रतियोगिता खेल्न लागेको हो ।



## निशा रावल तेक्वान्दो

पछिल्ला दुई एसियाली खेलकुदमा कुनै पदक जित्न नसकेको तेक्वान्दोले यसपल्ट इन्डोनेसियामा पनि बलियो चुनौती पेस गर्न संघर्ष गर्नुपर्नेछ । यद्यपि यो खेलमा नेपालले पदक जित्ने सम्भावना भने प्रत्येक अवसरमा जीवन्त रहन्छ । नेपालले एसियाली खेलकुदको आफ्नो सहभागितामै हात पारेको सबैभन्दा ठूलो प्रदर्शन हो, तेक्वान्दोमा सबिता राजभण्डारीले जितेको रजत पदक । यस्तोमा नेपालका लागि सबैभन्दा बलियो सम्भावना बोकेकी खेलाडी हुन सक्छिन्– निशा रावल । उनीसँग ओलम्पिकको अनुभवसमेत छ । त्यति मात्र होइन, निशाले खेल्ने ७८ किलो तौल समूहमा पदकको सम्भावना अरूमा भन्दा बढी भएको बताइन्छ ।



## गौरिका सिंह, पौडी

पछिल्लो ओलम्पिकमा सबैभन्दा चर्चा बटुलेकी नेपाली खेलाडी हुन्– गौरिका सिंह । सन् २०१६ को रियो डे जेनेरियो ओलम्पिकमा सहभागी सबै खेलाडीमध्ये सबैभन्दा कान्छी सिंह त्यतिबेला अन्तर्राष्ट्रिय मिडियाको नजरमा परिन् । यसपटक पनि उनी भर्खर १५ वर्ष पुगेकी छिन्, तर नेपालका अधिकांश कीर्तिमान उनकै नाममा हुन थालेका छन् । यसपटक उनले आफ्नो प्रदर्शनमा अझ सुधार्ने र नयाँ कीर्तिमान कायम गर्ने अपेक्षा गर्न सकिन्छ । गौरिका लन्डनमा अभ्यास गर्छिन् र आफ्नो प्रदर्शनमा लगातार सुधार ल्याइरहेकी छिन् ।

## इन्द्रबहादुर श्रेष्ठ, जुडो



इन्द्रबहादुर श्रेष्ठले इन्डोनेसियामा जुडोतर्फ पुरुष ६६ किलो तौल समूहमा प्रतिस्पर्धा गर्दैछन् र उनी नेपालका तर्फबाट राम्रो प्रदर्शन गर्ने अपेक्षा गरिएका खेलाडी हुन् । केही समयअघि काठमाडौंमा भएको दक्षिण एसियाली जुडोमा पनि उनले राम्रो प्रदर्शन गरेका थिए । जुडोमा आफ्नो खेलमा सबैभन्दा सुधार गर्ने खेलाडी हुन्– इन्द्रबहादुर । यस दृष्टिकोणले पनि उनलाई इन्डोनेसियामा पदकको सम्भावना बोकेका खेलाडीका रूपमा लिन सकिन्छ ।



## पर्शुराम बास्तोला, कराँते

पदक सम्भावनाको दृष्टिकोणले नेपालका लागि मार्सल आर्ट्स बलियो सावित हुन सक्छ भने त्यसमा पनि सबैभन्दा बलियो हो, कराँते । कराँतेमा पनि नेपाल कुमुतेभन्दा कातामा बलियो छ र यसपटक इन्डोनेसियामा पदकको सबैभन्दा बढी सम्भावना बोकेका खेलाडी हुन्– पर्शुराम बास्तोला । सम्भवतः आफ्नो खेल जीवनको अन्तिम एसियाली खेलकुद सहभागिता जनाइरहेका खेल्न लागेका पर्शुरामको सबैभन्दा बलियो पक्ष हो, अनुभव । चार वर्षअघि इन्चेन एसियाली खेलकुदमा आफ्नो विधामा पाँचौं भएका पर्शुरामसँग यसपटक केही राम्रो गर्ने पूरा आत्मविश्वास छ ।

## मीनप्रसाद गौचन, आर्चरी

नेपालको सम्भावना भएको अर्को खेल हो– आर्चरी अनि यसमा सबैभन्दा राम्रो सम्भावना भएका खेलाडी हुन्– मीनप्रसाद गौचन । उनीसँग पछिल्लो एसियाली खेलकुदको समेत अनुभव छ । गौचनले इन्चेन एसियाली खेलकुदमा क्वाटरफाइनलसम्मको यात्रा तय गरेका थिए । त्यसयता उनले आफ्नो खेललाई अझ तिखारेका छन् र थप अनुभव समेत बटुलेका छन् । यसपटक उनलाई पदक जित्न सक्ने नेपाली खेलाडीका रूपमा लिन सकिन्छ ।





## फुपुल्हामु खत्री, जुडो

नेपाली जुडोका सबैभन्दा सफल खेलाडी हुन्– फुपुल्हामु खत्री । दक्षिण एसियाली खेलकुदमा ऐतिहासिक स्वर्ण जितेकी फुपुले पछिल्लो दक्षिण एसियाली जुडोमा भने राम्रो गर्न सकिनन्, तर उनी नेपाली जुडोले अहिलेसम्म पाएका सबैभन्दा उत्कृष्ट खेलाडीमध्ये एक हुन् । फुपुको पदक सम्भावना नभएको दाबी गर्नु अन्याय हुनेछ । केही वर्षयता फुपुल्हामुले विदेशी प्रशिक्षणको अनुभवसमेत बटुलेकी छिन्, त्यसैले उनका तर्फबाट पनि पदकको आशा गर्न सकिन्छ ।

# स्वाफबाट कति फाइदा ?




आउने वर्ष एसियाली फुटबल महासंघ (एएफसी) को निर्वाचन हुँदैछ र अहिले नै सुरु भैसकेको छ, एसियाली फुटबलको राजनीति । अहिले तत्काल यो फुटबल राजनीति चरम उत्कर्षमा पुगेको छ, किनभने एसियाली फुटबलमा हालै नयाँ क्षेत्रीय संगठन औपचारिक रूपमा अस्तित्वमा आएको छ र त्यो हो, दक्षिण पश्चिम फुटबल महासंघ अर्थात स्वाफ । नेपाल पनि यसको सदस्य हो र नेपाली फुटबल प्रेमीहरूको प्रश्न हो, नेपालले यसबाट कति फाइदा लिन सक्छ ?

सबैभन्दा पहिले स्वाफको पृष्ठभूमिमा जानु ठीक हुन्छ । सबैलाई थाहा छ, एसियाली फुटबलमा अरब बलियो शक्ति हो । अझ यो शक्तिले बेला-बेलामा विश्व फुटबलमै चुनौती समेत पेस गरिरहेको छ । यसबीच सबैलाई उत्तिकै थाहा भएको विषय के पनि हो भने यो अरब फुटबलमा एकता भने छैन । अरब फुटबलमा राजनीतिको जोड घटाउ खुबै हुन्छ । त्यसैको नजिता हो, अहिलेको स्वाफ । यसमा दक्षिण तथा पश्चिम एसियाका देशहरू सदस्य छन् ।

यसको मुख्य खेलाडी भने साउदी अरेबिया हो । पश्चिम एसियाको अलग्गै महासंघ छ, 'वाफ' को नाममा । यसको मुख्य कार्यालय छ, जोर्डनको अम्मानमा । जोर्डनबाट एसियाली फुटबलमा राजनीति गर्ने व्यक्तित्व हुन्- प्रिन्स बिन अलि हुसेन । केही वर्षअघि उनले अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) को अध्यक्ष पदमै चुनाव लडेका थिए । साउदी अरेबियाले सुरुमा चाहेको रहेछ, वाफको मुख्यालय जेद्दामा होस्, तर जोर्डनले मानेन र त्यसमै विवाद भयो ।

यो सबै घटनाक्रमका पछाडि साउदी अरेबिया र कतारबीचको विवादले पनि उत्तिकै ठूलो भूमिका खेलेको छ । केही महिनाअघि मात्र साउदी नेतृत्वमा केही देशले कतारमाथि नाकाबन्दी नै लगाएका थिए । चार वर्षपछि कतारले विश्वकपको आयोजना गर्दैछ र कतारले प्राप्त गरेको यो सफलतामा साउदी अरेबिया खुसी हुन सकेको छैन ।

यसबीच साउदीले पनि आफ्नो महत्त्वकांक्षा बढाएर एसियाली फुटबलकै नेतृत्व गर्न खोजिरहेको छ । साउदी चाहन्छ, एसियाली फुटबलमा कतारको प्रभाव सकेसम्म कम होस । फेरि साउदी के पनि चाहन्छ भने एएफसीका वर्तमान अध्यक्ष सेख सलमानको प्रभाव पनि कम होस् र आउने चुनावमा उनको उपस्थिति सकेसम्म कमजोर देखियोस् । यी सबै पृष्ठभूमिबीच साउदी अरेबिया 'स्वाफ' खोल्ने मनस्थितिमा पुगेको हो ।

यसै साता मात्र साउदी अरेबियाले आफ्नो अध्यक्षतामा स्वाफको नयाँ कार्यसमिति गठन गरेको छ र त्यसको केन्द्रीय सदस्यमा अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष कर्माछिरिङ पनि छन् । यसमा कुल १४ देश सदस्य छन् । दक्षिण एसियाका सातै देश त्यसका सदस्य छन्, नेपालसँगै भारत, माल्दिभ्स, पाकिस्तान, श्रीलंका, भुटान तथा बंगलादेश । पश्चिम एसियाबाट साउदी अरेबियासँगै बहराइन, इराक, कुवेत, ओमान, युएई तथा यमन स्वाफका सदस्य हुन् ।

अब केही समयमै महासंघले फुटबल प्रतियोगिता सञ्चालनमा ल्याउनेछ र नेपालले त्यसमा सहभागिता जनाउने मौका पाउने छ । दक्षिण एसियाली फुटबलको तुलनामा पश्चिम एसियाली फुटबल धेरै अगाडि रहेकाले कमजोर टिमले यसबाट प्रसस्त फाइदा लिन सक्छन् । त्यति मात्र होइन, स्वाफले नेपाली फुटबल विकासका लागि राम्रै आर्थिक सहयोग दिने चर्चा पनि अगाडि आइरहेको छ । खासमा नेपालले 'स्वाफ' बाट प्रसस्त फाइदा लिन सक्छ खाली प्रश्न यत्ति मात्र हो कि यसमा नेपाली फुटबलको कूटनीति कति सफल हुन्छ ?

## पोखरामा पीपीएल क्रिकेटको तयारी

पोखरामा पहिलो पटक पोखरा प्रिमियर लिग (पीपीएल) क्रिकेट प्रतियोगिता हुने भएको छ । कात्तिक ९ देखि २० गतेसम्म हुने उक्त प्रतियोगितालाई क्विन्स इभेन्ट्सले आयोजना गर्न लागेको हो । प्रतियोगितामा पोखरासहित काठमाडौं, बुटवल, चितवन, धनगढी, नेपालगन्ज तथा विराटनगर गरी ६ वटा 'फ्रेन्चाइज' टिमले भाग लिने बताइएको छ । हरेक टिमका लागि दुई-दुई जना स्थानीय तथा विदेशी खेलाडी अनिवार्य गरिएको उक्त प्रतियोगितामा नेदरल्यान्ड्स, युएई एवं हङकङका खेलाडीहरूसमेत सहभागी हुन सक्ने बताइएको छ ।

**राजाराम पौडेल**

मैदान बाहिर




## दुई कोरियाको संयुक्त टिम

अहिले उत्तर तथा दक्षिण कोरियाबीचको सम्बन्ध त्यति तनावपूर्ण छैन, जति पहिले थियो । त्यसकै एउटा फाइदा हो, यसपटकको एसियाली खेलकुदको उद्घाटन तथा समापन समारोहमा दुवै कोरियाली टिमले एक भएर सहभागिता जनाउँदैछन् । अझ केही खेलमा दुवै टिमको संयुक्त टिम पनि हुनेछ, तर त्यसको पूरा विवरण भने बाहिर आएको छैन । जतिसुकै राजनीतिक तनाव भए पनि उत्तर तथा दक्षिण कोरियाले खेलकुदमा आफूलाई उदार देखाउने प्रयास गरिरहेका छन् ।

## पदक जिते मालामाल

ओलम्पिकमा धेरै राम्रो गर्न नसके पनि एसियाली खेलकुदमा भने हङकङले राम्रो प्रदर्शन गर्दै आएको छ । हङकङ सरकारले पनि एसियाली खेलकुदलाई ठूलै महत्त्व दिने गरेको छ । यसै क्रममा त्यहाँको सरकारले पदक जित्ने खेलाडीका लागि नगद पुरस्कार घोषणा गरेको छ । कुनै सरकारले आफ्ना पदक विजेता खेलाडीका लागि घोषणा गरेको नगद पुरस्कारको यो रकम अहिलेसम्मकै सबैभन्दा बढी हो । साउथ चाइना मर्निङ पोस्टका अनुसार व्यक्तिगत स्वर्ण जित्ने खेलाडीले चार लाख हङकङ डलर पाउनेछन् भने टिमले स्वर्ण जिते, त्यसमा सहभागी खेलाडीले सामूहिक रूपमा ८ लाख हङकङ डलर प्राप्त गर्नेछन् । त्यसबाहेक हङकङ सरकारले आफ्ना खेलाडीका लागि समग्रमा २ करोड हङकङ डलरको ज्याकपट पुरस्कारसमेत घोषणा गरेको छ ।





## सबैभन्दा ठूला स्टार

यसपटकको एसियाली खेलकुदका सबैभन्दा ठूला स्टार खेलाडी हुन्, दक्षिण कोरियाका फुटबलर सन ह्वेङ-मिन । फुटबलका खेल चाँडै सुरु हुने हुँदा उनी इन्डोनेसिया पुगिसकेका छन् । टोटनहमका लागि इंग्लिस प्रिमियर लिग खेल्ने ह्वेङ-मिन लन्डनबाट सिधै जाकार्ता पुगेका थिए । एसिया कप खेल्न नै टोटनहमले उनलाई दुई साता बिदा दिएको छ । आखिर ह्वेङ-मिनले किन एसिया कप खेल्न लागेका हुन् त ? दक्षिण कोरियामा अझै पनि २८ वर्ष पुग्नुअघि २१ महिनाको अनिवार्य सैनिक प्रशिक्षण लिनैपर्छ । मिन अहिले २६ वर्षका भए । दक्षिण कोरियाली टिमले पुरुष फुटबलमा स्वर्ण पदक जिते ह्वेङ-मिनले उक्त प्रशिक्षणबाट मुक्ति पाउनेछन् । त्यसकै लागि ह्वेङ-मिन मात्र होइन, टोटनहम पनि उनलाई एसिया कप खेलाउन तयार भएको हो । दक्षिण कोरियाले स्वर्ण जित्न सकेन भने तय छ, उनले फुटबल खेल्न छाडेर २१ महिना सैनिक प्रशिक्षण लिनैपर्नेछ ।




## सिंगो एल्बम नै

ठूला खेल महोत्सवका लागि भनेर आधिकारिक गीत निकाल्ने चलन हुन्छ । अहिलेको एसियाड पनि त्यसबाट अलग रहने कुरा भएन । रमाइलो के छ भने इन्डोनेसियामा हुने यसपटकको एसियाडका लागि भनेर सिंगै एल्बम नै जारी गरिएको छ । यसरी ठूला खेल महोत्सवका लागि एल्बम नै जारी भएको यो पहिलो अवसर हो । एल्बमको शीर्षक छ, इनर्जी अफ एसिया, अर्थात् एसियाको शक्ति । यसमा १३ वटा गीत छन् र ती सबै गीत कुनै न कुनै रूपमा एसियाली खेलकुदसँग सम्बन्धित छन् । यो एल्बमका गायक-गायिकादेखि संगीत भर्ने सबै इन्डोनेसियन नै हुन् ।

मुक्त आकाश

# फरक विचार एउटै बाटो



अविरल थापा

दार्शनिकहरू भन्छन्– यो संसारमा न कोही कोहीभन्दा राम्रा छन् न नराम्रा छन्, छन् त केवल सबै एक-अर्कासँग फरक छन्। हामी सबैको अलग अस्तित्व र आफ्नोपन छ। कसैले कसैसँग दाँज्नु, मात्तिनु, हीनताबोध राख्नु नै बेकार छ। जुन दिन हरेकलाई म पनि यो संसारको अलग्गै अनुहार र विशेषता भएको एक मात्र मान्छे हुँ भन्ने अनुभूति हुन्छ आफैंलाई आफू विशेषजस्तो लाग्न थाल्छ। हामी अरूजस्तो त कदापि हुन सक्दैनौं, हुन खोज्नु पनि हुँदैन। हामी आफू जे जस्तो छौं त्यसमै गौरव गर्दै बरु आफूमा के विशेषता थप्न सक्छु भनेर अघि बढ्नुपर्छ।

जन्मिँदै आफूमा आउने शरीरको फरकपन त छँदैछ। हुर्कने क्रममा हामीमा लादिने संस्कार, पढाइ-लेखाइ, वरपरको रहनसहनले विचार निर्माण हुँदै जान्छौं। हुर्किएको परिवेश, सरसंगत, समाजको चेतना, परिवार तथा विद्यालयको खापामा हाम्रो दिमागलाई हालिन्छ। जे सिकाइन्छ, जे देखाइन्छ, जे ख्वाइन्छ, त्यसमै हाम्रो रस बस्न थाल्छ। त्यही नै अन्तिम सत्य हो, जे सिकेको छ त्यो नै ठीक हो, आफूले भोगेको मात्र संसार हो भनेजस्तो भान पर्न थाल्छ। त्यही समयमा त्यही उमेरमा त्यही कुरालाई अर्को मान्छेले अर्कै तरिकाले भोगिरहेको वा विश्लेषण गरिरहेको हुन सक्छ। अझ भनौं घरमा वा विद्यालयमा, कलेजमा अभिभावकले वा शिक्षकले सिकाएको वा भनेको एउटै कुराको पनि भिन्न-भिन्न असर परिरहेको हुन्छ, किनभने हामी भिन्न विचार र भिन्न परिवेशमा हुन्छौं। कतिको यति ठीक यति बेठीक भनेर विश्लेषण गर्ने क्षमता हुन्छ, कतिको जे भने त्यही ठीक हो भन्ने लाग्छ त कतिको सबै बेठीक हो भन्ने हुन्छ। विचारमा भिन्नता आएपछि बहस, मन्थन वा द्वन्द्व सिर्जना हुन्छ। फरक विचार सुन्न गाह्रो हुन्छ, किनभने यसले आफ्नो अहंमा ठेस पुर्‍याउँछ। भन्नेले आफ्नो विचारमा सहमत गराउन खोज्छ, सुन्नेले आफ्नो कुरामा जोड दिन्छ। उत्तर आधुनिकताको सिद्धान्तले भन्छ यो संसारका सबै ज्ञान भनेका केवल व्याख्या हुन् र कुनै पनि व्याख्या अन्तिम सत्य होइनन्।

मानिसको बानी कस्तो हुन्छ भने आफ्नो कुरा काट्यो भने सकेसम्म त्यसलाई निषेध नै गर्ने, कतै आफ्नो कुरामा पनि खोट छ कि भनेर समय नै नलिने। अरूको कुरा सुनेपछि झन् आफ्नो विचारमा भएको कमजोरी पनि सुधारेर थप मजबुत हुन सक्थ्यो, तर निषेधको नीति लिएपछि सबै कुरा समाप्त हुन्छ। हामी सबैका बेग्लै आस्था र विश्वास छन्। मानौं न, हामी कसैलाई कुनै पार्टीको विचार वा नीति मन पर्छ कसैलाई अर्काको, तर हामी यति अन्ध भैदिन्छौं कि विपक्ष पार्टीले राम्रै बोले पनि गरे पनि एकोहोरो खेद्छौं। यसो गर्दा हामी आफ्नो विवेक गुमाउँछौं। हुनुपर्थ्यो त स्वस्थ आलोचना र दिनुपर्थ्यो रचनात्मक सल्लाह र समर्थन। सकारात्मक कामका लागि विपक्ष वा शत्रु नै भए पनि सँगै हिँड्न र हातेमालो गर्न सकिन्छ, तर हामी यति भेडा र मुर्ख भैदिन्छौं कि अरूले गर्न लागेको काम राम्रो हुने सक्दैन।

सम्बन्धमा पनि यही कुरा लागू हुन्छ। केटा वा केटी अथवा केटा-केटा र केटी-केटीको भेट हुन्छ। भेट भएपछि विचार र भावनाको आदान-प्रदान हुन्छ। एक-अर्काको कुरा सुनिसकेपछि आफ्नो विचार वा भावना मिल्नेछ भने हामी नजिक हुन्छौं, कुरा मिलेन भने संगत गर्दैनौं। फरक विचारसँग हामी यति डराउँछौं कि, कि त भाग्छौं कि त एकोहोरो प्रहार गर्छौं। फरक विचार भएको फरक कोण वा नवीनता सुन्ने र चिन्तन-मनन गर्ने धैर्य राख्ने हो भने हाम्रो सोच नै बदलिन सक्छ। हामी कुनै वादको यति भक्त हुन्छौं कि त्यो वादको प्रतिवाद सुन्नै, पढ्नै चाहँदैनौं। कुनै दार्शनिक वा गुरुको कुरा सुनिसकेपछि लट्ठ पर्छौं तर उसको प्रतिवादमा अर्कोले के भनेको थियो पढ्दैनौं, जान्न खोज्दैनौं अनि हामी मान्छे कम भेडा बढी हुन्छौं। सबैको सबैसँग शतप्रतिशत विचार कहिल्यै मिल्दैन। जसरी प्रेमसम्बन्धमा पनि राम्रा-राम्रा कुरालाई जोड दिएर कमजोरीलाई सहेर सुधारेर भए पनि एउटै बाटो सँगै हिँड्न दुई भिन्न प्राणी सहमत हुन्छन् त्यसैगरी अन्य कर्ममा पनि भिन्न विचार राख्दै भए पनि सकारात्मक काम वा विकासमा सँगै यात्रा गर्न सकिन्छ।

गन्तव्य एउटै भयो भने भिन्न विचार राख्दै पनि सँगै अघि बढ्न सकिन्छ। आफूले चाहेजस्तो खाँदै, लाउँदै आफ्नै मर्जीको गीत गाउँदै अघि बढे भयो। बरु आफूले गाएको बेला तिमी पनि लय हाल, तिमीले गाएको बेला म पनि साथ दिन्छु। आफ्नो स्वादको तिमी पनि चाख, तिम्रो स्वादको म पनि चाख्छु भन्यो भने फरक भैकन पनि हामीसँगै हुन सक्छौं। फरकमतको सम्मान गर्ने, एक-अर्कालाई भाँजो नहाल्ने, सकेसम्म सहयोग गर्ने, कुरा सुन्ने, बरु बहस गर्ने अनि निचोड निकालेर अघि बढ्ने बानी गर्‍यौं भने विपरीत ध्रुव पनि साथसाथ तर समानान्तर तरिकाले यात्रा गर्न सक्छन्।

यति बुझौं हामी फरक छौं तर सबै अपूर्ण छौं। फरक भएरै यो संसार रमाइलो छ। आउनुहोस्, फरक-फरक कुरा गर्दै एउटै यात्रामा निस्कौं।

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa





## कृष्ण मिस्टर माछापुच्छ्रे

पोखरामा आयोजित चौथो संस्करणको मिस्टर माछापुच्छ्रे पुरुष शारीरिक सुगठन प्रतियोगिताको उपाधि बुटवलका कृष्णप्रसाद श्रेष्ठले जितेका छन्। प्रतियोगितामा ७५ किलोग्रामभन्दा माथिको प्रतिस्पर्धामा स्वर्ण पदक जितेका श्रेष्ठले ओभरअल प्रतियोगितासमेत जितेका हुन्। श्रेष्ठले अघिल्लो साता मिस्टर पोखराको उपाधि जितेका पोखराका मनोज केसीलाई ओभरअलमा पराजित गरेका थिए। केसीले ६० किलो तौल समूहमा स्वर्ण जितेका थिए। ओभरअलमा तेस्रो स्थान सागर विकले प्राप्त गरे। उनले ७५ किलोग्राम तौल समूहमा स्वर्ण जितेका थिए। कास्की जिल्ला शारिरिक सुगठन तथा फिटनेस संघद्वारा आयोजित उक्त प्रतियोगितामा गण्डकी प्रदेश तथा प्रदेश नम्बर ५ का ७० जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए। सोही अवसरमा पहिलो पटक आयोजित प्रथम महिला फिजिकल फिटनेस प्रतियोगीता-२०७५ को उपाधि बुल्स जिम नयाँबजारकी सपना गुरुङले जितेकी छिन्। ६ जना महिला सहभागी उक्त प्रतिस्पर्धामा अश्मि ताम्राकारले रजत तथा कुमारी बुढाथोकीले कांस्य पदकमा चित्त बुझाए।

राजाराम पौडेल

## टेक्सासमा के गर्दैछन् नेपाली कलाकार






अमेरिकामा नेपाली कलाकारहरूको बसोबास बढ्दै छ। अमेरिकाको बाल्टीमोरलाई नेपाली कलाकारहरूको 'हब' का रूपमा लिइन्छ। नेपाली समुदायको बाक्लो बसोबास रहेको टेक्सास राज्यमा पनि नेपाली कलाकारहरूको आगमन एवं बसोबास बढिरहेको छ। निर्देशक नारायण पुरी दुई वर्षदेखि टेक्सासको राजधानी अस्टिनमा सपरिवार बसोबास गर्दै आएका छन्।

पुरीले अमेरिकाकै विषयवस्तुमा केन्द्रित भएर नेपाली कलाकारहरूलाई समेटी चलचित्र निर्माणको गृहकार्यसमेत गरिरहेका छन्। पुरी नेपालमा कलाकारिता गरेर जीविका चलाउन मुस्किल भएकै कारण धेरै कलाकारले विदेश पलायनको बाटो रोज्नुपरेको बताउँछन्। पुरी भन्छन्, 'परदेशमा सबैले आ-आफ्नो काम गरेर कला गतिविधिमा समेत संलग्नता जनाउँदै आएका छन्। हामी केही नयाँ काम गरौं भनेर लागिरहेका छौं।'

'पर्खि बसे'बाट अभिनेत्रीका रूपमा उदाएकी युना उप्रेतीले पनि टेक्सासलाई नै आफ्नो कर्मथलो बनाएकी छिन्। युनाले टेक्सासमै स्थायी बसोबास गर्दै आएका विकास अधिकारीसँग २०१२ मा लगनगाँठो कसेर यतै घरजम बसाएकी हुन्। आइटीको क्षेत्रमा काम गर्दै आएकी युना नेपाली समुदायका कार्यक्रमहरूमा खासै उपस्थिति जनाउँदिनन्।

अमेरिका छिरेका कलाकारहरू सुरुमा सांगीतिक कार्यक्रमको सिलसिला आएर यता हराएका हुन्। पछिल्लो समय भने 'एक्स्ट्रा अर्डिनरी' भिसामा आउने धेरै छन्। सन् २००८ मा अमेरिका आएका हास्यकलाकार नारायण त्रिपाठी पनि टेक्सास राज्यमै सपरिवार बस्दै आएका छन्। त्रिपाठीले अमेरिकामा पनि कलाकारितालाई निरन्तरता दिइरहेका छन्। स्टेज कार्यक्रममा उनको प्रहसन अमेरिकाका विभिन्न राज्यमा देख्न पाइन्छ। कुनै बेला टेलिसिरियल ट्वाक्क-टुक्कमा 'प्रेम चरो' पात्रका रूपमा उनको निकै चर्चा थियो।

आफ्नो व्यस्त समयबाट फुर्सद निकालेर आफ्नो कला क्षेत्रलाई निरन्तरता दिँदै आएका अर्का कलाकार हुन्– निरज बराल। चलचित्र कुसुमे रुमालबाट डेब्यु गरेका बराल विवाहपछि टेक्सासमै बस्दै आएका छन्। मोडलिङबाट करिअर सुरु गरेका बराललाई सौन्दर्य प्रतियोगितामा निर्णायकदेखि फेसनसम्बन्धी कार्यक्रमहरूमा अतिथिका रूपमा निम्त्याउने गरिएको छ। एक सन्तानका पिता बराल आइटीसम्बन्धी काम गर्छन्। उनले हालसालै गीतकार भूपेन्द्र न्यौपानेको अरूसँग हाँस्दै गीतमा अभिनय गरेका छन्।

सहज बसाइ र नेपाली समुदायको बाक्लो उपस्थितिका कारण पनि नेपाली कलाकारहरूले बसोबासका लागी टेक्सास रोज्न थालेको पाइन्छ। लेखक, निर्माता तथा गीतकार शैलेस आचार्य पनि टेक्सासमै बसोबास गर्छन्। टेक्सासको युलेसमा बस्ने आचार्य कला-साहित्यसम्बन्धी गतिविधिमा अग्रसर हुँदै आएका छन्। अभिनेता राजबल्लभ कोइराला टेक्सासबाटै मेरील्यान्डमा बसाइँ सरेका हुन्। अभिनेता गणेश उप्रेती भर्जिनियाबाट हालै मात्र टेक्सासमा राज्यको हुस्टन बसाइँ सरेका छन्। थुप्रै नेपाली चलचित्रका लेखक युगेश रायमाझी पनि स्थायी बसोबासका लागि नेपालबाट टेक्सास आइपुगेका छन्। नेपाली चलचित्र मुनामदनमा मदनको भूमिकामा अभिनय गरेर चर्चा पाएका दीपक त्रिपाठी पनि टेक्सासमै बसोबास गर्छन्। नेपाली चलचित्रका सम्पादक बद्री सिग्देलदेखि रंगकर्मी दीपक हुमागाईं तथा सुवास थापा पनि टेक्सासमै छन् भने निर्माण नियन्त्रक हरि बराल, चिन्तामणि बराल आदि पनि यतै बस्छन्।

शिव शर्मा

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल**।